




# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नुपरेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: २२५ (९ बजेदेखि ६ बजेसम्म)



सोमबार, असार २६, २०७४ | Monday, July 10, 2017 | www.newsofnepal.com | नेसं ११३७ दिला लाः १ | वर्ष २३, अंक १८१ | पृष्ठ १२ | मूल्य रू. १०/–


मौद्रिक नीति सार्वजनिक

## के-के छ व्यवस्था ?

राजु श्रेष्ठ, काठमाडौं

राष्ट्र बैंकले शेयर धितोको कर्जा प्रवाहलाई थप कडाइ गरेको छ। आइतबार जारी आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीतिमा बैंक तथा वित्तीय संस्थाहरूले शेयरको धितोमा जाने मार्जिन प्रकृतिको कर्जा प्राथमिक पुँजीको ४० प्रतिशत रकमसम्म मात्र प्रवाह गर्न पाउने व्यवस्था गर्दै थप कडाइ गरेको हो। यसअघि यस्तो व्यवस्था ७० प्रतिशतबाट झारेर ५० प्रतिशतमा सीमित गरेको थियो।

त्यस्तै एउटै सूचीकृत कम्पनीको शेयरको धितोमा मार्जिन प्रकृतिको कर्जा आफ्नो प्राथमिक पुँजीको बढीमा १० प्रतिशतसम्म मात्र प्रवाह गर्न सक्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ। यसअघि २० प्रतिशत थियो। नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवी नेपालले आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीति आइतबार सार्वजनिक गर्नुभएको हो।

मौद्रिक नीतिले नयाँ लघुवित्त संस्था खोल्न बन्द गरेको छ। मौद्रिक नीतिमा भनिएको छ- 'लघुवित्त संस्थाको इजाजतका लागि आवेदन लिने कार्य स्थगित गरिएको छ।' त्यस्तै लघुवित्त संस्थाहरूले ग्राहकसँग सम्बन्धित विभिन्न कोषहरूलाई एकीकृत गरी कार्यविधि बनाएर मात्र त्यस्तो कोषमा रहेको रकम उपयोग गर्न सकिने व्यवस्था पनि मौद्रिक नीतिमा छ।

यसै गरी बैंक तथा वित्तीय संस्थाहरूले प्रदान गर्ने व्यक्तिगत आवासीय घर कर्जाको १ करोडको सीमालाई वृद्धि गरी १ करोड ५० लाख रुपियाँ कायम गरिएको छ।

(क्रमशः पृष्ठ ९ मा)




- शेयर धितोको कर्जा प्रवाहलाई थप कडाइ।
- लघुवित्त संस्था खोल्न बन्द।
- व्यक्तिगत आवासीय घर कर्जाको १ करोडको सीमालाई वृद्धि गरी १ करोड ५० लाख रुपियाँ।
- प्रति २५०० खाता बराबर १ करोड रुपियाँ निर्ब्याजी सापटी।
- ब्याजदरबारे उद्योगी असन्तुष्ट।






## तह लाग्दै ६० हजार कर्मचारी

सुनील महर्जन, काठमाडौं

सरकारले हाल केन्द्रको प्रत्यक्ष मातहत रहेका करिब ६० हजारभन्दा बढी कर्मचारीहरूलाई प्रदेश र स्थानीय तहमा समायोजन गर्न विधेयक ल्याएको छ।

**कर्मचारी समायोजन विधेयक संसद्मा**

सरकारी सेवामा कार्यरत कर्मचारीलाई संघ, प्रदेश र स्थानीय तहमा समायोजन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सो विधेयक ल्याइएको हो। विधेयक लागू भएपछि केन्द्रमा रहेका ६० हजारभन्दा बढी कर्मचारीहरू प्रदेश र स्थानीय तहमा समायोजन हुने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव दिनेश थपलियाको अनुमान रहेको छ।

'केन्द्रले हाल गर्दै आएको ४० प्रतिशत काम संविधानबमोजिम प्रदेश र स्थानीय तहमा सरेको छ। सोही अनुरूप कर्मचारीहरू पनि समायोजन गर्नुपर्ने खाँचो रहेको छ' -सचिव थपलियाले भन्नुभयो। सोही अनुरूप सरकारले कर्मचारी समायोजन गर्नका लागि कर्मचारी समायोजन विधेयक २०७४ आइतबार संसद्मा पेस गरेको छ।

व्यवस्थापिका संसद्को आइतबारको बैठकमा कानुन मन्त्रालयसमेत सम्हालेका शिक्षामन्त्री गोपालमान श्रेष्ठले विधेयक पेस गर्नुभयो। विधेयकमा कर्मचारी समायोजनको चारवटा आधार प्रस्तुत गरिएको छ।

(क्रमशः पृष्ठ ९ मा)







फ्याक्ट्री: मैनहीया गा.वि.स.-१, रुपन्देही, नेपाल । फोन नं. ९८५७०१५०७० । मुख्य कार्यालय: थापाथली, काठमाडौं । फोन नं. +९७७-१-४१०२१८८/४१०२१४३

# महानगर



काठमाडौंमा सामुदायीक कलेज खोज्न आइपुगेका साहिदले सामुदायिक विद्यालयमा पढ्ने आफ्नो चाहना रहेको बताए।३ दशमलव ८ जीपीए ल्याइ मुस्लिम समुदायबाट उत्कृष्ठ नतिजा ल्याएका उनी आमा र बुबाको प्रेरणाले उत्कृष्ट भएको बताउँछन्। उनी भन्छन्- 'मेहेनत गरेर पढेमा राम्रो नतिजा ल्याउन सफल हुँदोरहेछ। सबैको चहाना उत्कृष्ट ल्याउने गरी पढ्नुनै हो।

## मुस्लिम समुदायबाट पहिलो विद्यार्थीको चाहना

# सामुदायिकमै पढ्छु, डाक्टर बन्छु

कविराज नेपाल

मुस्लिम समुदायबाट सामुदायिक विद्यालयमा पढेर उत्कृष्ठ अंक ल्याउन सफल छात्र साहिद वक्स मियाँले आफू सरकारी विद्यालयमै प्लस टु पढेर भविष्यमा डाक्टर बन्ने चहहना राखेका छन्। राम्रो विद्यालय पाए काठमाडौंमा नपाए पाल्पामै बसेर उच्च शिक्षा हासिल गर्ने चहाना बोकेका साहिदले आफूलाई सरकारी विद्यालयको अतिनै माया लाग्ने बताए। काठमाडौंमा सामुदायिक कलेज खोज्न आइपुगेका उनले सामुदायिक विद्यालयमा पढ्ने आफ्नो चाहना रहेको बताए। ३ दशमलव ८ जीपीए ल्याइ मुस्लिम समुदायबाट उत्कृष्ठ नतिजा ल्याएका उनी आमा र वुवाको प्रेरणाले उत्कृठ भएको बताउछन्। उनी भन्छन- 'मेहेनत गरेर पढेमा राम्रो नतिजा ल्याउन सफल हुँदोरहेछ। सबैको चहाना उत्कृष्ठ ल्याउने गरी पठ्नुनै हो। तर मेहेनत गरेर नपढ्ने विद्यार्थीले सफलता हासिल गर्न नसक्ने उनको भनाइ थियो। पढ्न सक्नेलाई यहा र उहाको विद्यालय भन्ने नै हुँदैन, मिहेनत गर्नुपर्छ जहापनि सफलता हासिल गर्न सकन्छ।

तानसेन नगरपालिकाको सितलपाटी नजिकै उनको परिवारको फेन्सी र चुरा पसल छ। उनकी आमा जाहिरा वानु भन्छिन- 'साहिद वक्स मिया सानैदेखि पढाइमा निकै नै जागरुक र मेहनेती थिए। सदरमुकाम तानसेनकै न्यू होराइजनमा कक्षा ८ सम्म पढेका सहिदले कक्षा नौपछि यस जनता मा.विमा अध्ययन शुरु गरेका हुन्। मुस्लिम समुदाय समाजमा उच्च तहमा पुग्ने समुदायभन्दा पनि व्यापार व्यवसायमा लाग्ने समुदाय हो यो समुदायबाट उत्कृष्ट नतिजा ल्याउँदा निकै खुसी छु' -उनकी आमा भन्छिन्। उनले छात्रवृत्ति पाएमा भविष्यमा छोरालाई डक्टर र छोराले पनि त्यही पढन चाहेको वताइन्। हुनत उनका दुई छोरीहरु पनि यही क्षेत्रमै भविष्य देखेर अघि बढिरहेका छन्। एउटी छोरी फर्जना वानुले जनकपुरमा एमबीबीएस सकेर अहिले इन्टर्न गरिरहेकी र अर्की छोरी सदिस्ताले स्टाफ नर्स पढिरहेको उनले जानकारी दिइन्।

मुस्लिम समुदायबाट सामुदायिक विद्यालयमा उत्कृष्ट नतिजा ल्याएका छात्र साहिद वक्स मियाको इच्छा पनि भविष्यमा गएर चिकित्सा क्षेत्रमै लाग्ने रहेको छ। उनले भने - 'यो नतिजाले म निकै खुशी छु।' पाल्पा जिल्लामा अवस्थित एउटा सामुदायिक विद्यालयले उत्कृष्टतामा नमूना ल्याउने क्रममा मुस्लिम समुदायबाट नेपालमै सामुदायिक विद्यालयतर्फ उत्कृष्ट अंक ल्याई एकजना विद्यार्थीलाई सफलताको शिखरमा पुऱ्याउन सक्षम भएको छ। म त छात्रवृत्ति पाउने आसमा छु। प्लस टु सकेपछि म भविष्यमा डाक्टर पढेर गाउँका जनतालाई नै सेवा गर्छु। उनले आफ्नो चाहनाअनुसारको उमावि नपाए गाउँमै गएर अध्ययन गर्ने बताए। काठमाडौंमा राम्रो उमावि फेला नपरे गाउँमै गएर पढ्छु। मुस्लिम समुदायबाट आफूले पाएको सफलताले सबैलाई प्रेरणा मिल्ने उनको भनाइ थियो।

यस वर्षको एसईई परीक्षामा जिल्ला समदरमुकाम तानसेनस्थित जनता माध्यमिक विद्यालयले सामुदायिक विद्यालयतर्फ तथा छात्र तथा छात्रातर्फ उत्कृष्ठ नतिजा ल्याएपछि सो विद्यालयका प्रअ पनि प्रसन्न छन्। प्रधानाध्यापक मेघराज पौडेल भन्छन्- 'यो नतिजाले निकै खुशी लागेको छ। यो नतिजा ल्याउन सफल विद्यार्थी तिनका अभिभावक शिक्षक सबैलाई बधाई दिँदै आगामी दिनहरुमा पनि यस्तै नतिजा प्राप्त हुने आशा व्यक्त गरे। यस विद्यालयबाट अध्ययन गरेका विद्यार्थीहरु देश विदेशमा उच्च तहमा पुगिसकेका छन्। विद्यालयका पूर्वविद्यार्थी कुलचन्द्र गौतम सयुक्त राष्ट्र संघको उच्च तहमा पुग्ने त्यस्तै उत्कृष्ठ विद्यार्थी हुन्।

२००८ सालमा जनताको नामबाट स्थापना भएको यस विद्यालयमा हाल करिब २५ सय विद्यार्थीले अध्ययन गरिरहेका छन्। सामुदायिक विद्यालयमा नमूना विद्यालयका रुपमा रहेको यस विद्यालयमा केही वर्ष यता संस्थागत विद्यालय छाडेर भर्ना हुनेहरुको ठूलै लाम देखिन्छ। नेपाली र अंग्रेजी दुबै माध्यममा पढाइ हुने यस विद्यालयमा भने यसै वर्षदेखि प्राविधिक धारतर्फ कक्षा ९ मा सिभिल इन्जिनियरिङ्ग पढाइ शुरु भएको छ। विद्यालयले परीक्षामा विद्यालयकी छात्रा सञ्जु रायमाझी संस्थागत तथा सामुदायिक दुवैतर्फ नेपालकै पहिलो र छात्रतर्फ कसम पोखरेल सामुदायिक विद्यालयमा नेपालमै सवैभन्दा बढी अंक ल्याउने विद्यार्थी भएको दाबी गरेको छ। दुबै विद्यार्थीले ३ दशमलव ९५ जीपीए ल्याएका छन्।

विद्यालयले एसईई परीक्षामा २१ जना ए प्लस, २४ जना ए, ३० जना वि प्लस लगायत कूल २ सय १७ जना विद्यार्थीलाई यो परीक्षा उर्त्तीण गराउन सफल भएको छ। हुनत ग्रेड सिस्टममा कति प्रतिशत ल्याएको भनेर भन्न मिल्दैन तै पनि अहिलेसम्म कसैले सामुदायिक र संस्थागत विद्यालयमा छात्रामा ३ दशमलब ९५ जीपीए ल्याएको र छात्रतर्फ पनि सामुदायिक विद्यालयबाट ३ दशमलब ९५ ल्याएको दाबी नभएको हुँदा हामी नै उत्कृष्ठ भएको देखिन्छ।

# प्रेसिडेन्टलको दीक्षान्त सम्पन्न



थापागाउँ स्थित प्रेसिडेन्सियल विजनेस स्कुलको दीक्षान्त समारोह सम्पन्न भएको छ। दीक्षान्त समारोहमा १ सय ४९ जना विद्यार्थीहरु दीक्षित भएका छन्। उक्त दीक्षान्त समारोहमा एमबीएको ३ वटा ब्याचका ९५ जना र बीबीएका ५४ जना विद्यार्थीहरु दीक्षित भएका हुन्।

दीक्षान्त समारोहमा बोल्दै उपप्रधान तथा शिक्षा मन्त्री श्रेष्ठले सवल र समृद्ध नेपाल निर्माणका लागि विश्वब्यापी रुपमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष नागरिक उत्पादन गर्नु हाम्रा लागि चुनौतिको विषय बनेको बताउनुभयो। उहाले 'प्रेसिडेन्सियल विजनेस स्कुलले अमेरिकन विश्वविद्यालयको सम्बन्धनमा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्न गुणस्तरीय शिक्षा सर्वसुलभ रुपमा नेपालमा नै प्रदान गरिरहेकोमा बधाई दिनुभयो। उहाँले अब मुलुकामा देश विकासका लागि अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्नु आवश्यक रहेको औंल्याउनुभयो।

उहाँले दीक्षित विद्यार्थीहरुले देशमै रोजगारी पाउने कुरामा आशावादी हुनुपर्ने बताउँदै स्वदेशमै बसेर केही गर्नसमेत आग्रह गर्नुभयो। कलेजका कार्यकारी

> व्यवस्थापन विषय- 'सबैभन्दा धेरै विद्यार्थीहरूले पढ्ने विषयमा पर्दछ। साथै, त्यसको गम्भीरतालाई सबैले मनन् गरेको पनि बुझिन्छ।' त्यसैले त संसारका प्राय: सबै विश्वविद्यालयहरूमा व्यवस्थापन विषयको पढाइले प्राथमिकता पाएको बताउनुभयो।

निर्देशक लक्ष्मण केसीले सन् २०११ मा प्रेसिडेन्सियल विजनेस स्कुल स्थापना गर्नुका पछाडि नेपाली विद्यार्थीहरुलाई स्वदेशमा नै अन्तराष्ट्रिय स्तरको व्यवस्थापन शिक्षा प्रदान गर्ने र संस्थालाई व्यवस्थापन विषयको पढाइ हुने राष्ट्रकै नमुना केन्द्र बनाउने र भविष्यमा दक्षिण एसियाकै उत्कृष्ट संस्थाको रुपमा स्थापित गर्ने उद्देश्य रहेको जानकारी दिनुभयो। गत वर्षमात्र ३५ हजार विद्यार्थीले विदेशमा अध्ययनका लागि नो अब्जेक्सन लेटर लिएको बताउँदै उहाले यो संख्या वार्षिक १५ देखि २० प्रतिशतले वृद्धि भइरहेकामा समेत चिन्ता ब्यक्त गरे।

समारोहमा विशेष अतिथिका रुपमा वेस्टक्लिफ युनिभर्सिटीका उप-कुलपति प्राध्यापक डा. डेविड मेकेनीले आज विश्वमा व्यवस्थापन विषय- 'सबैभन्दा धेरै विद्यार्थीहरुले पढ्ने विषयमा पर्दछ। साथै, त्यसको गम्भीरतालाई सबैले मनन् गरेको पनि बुझिन्छ। त्यसैले त संसारका प्राय: सबै विश्वविद्यालयहरुमा व्यवस्थापन विषयको पढाइले प्राथमिकता पाएको बताउनुभयो। उहाँले

मानिसको दैनिक जीवनको व्यवस्थापनदेखि विभिन्न निजी तथा व्यवसायिक प्रतिष्ठानहरु, समाजिक संघ-संस्थाहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिष्ठानहरुका साथ-साथै मुलुकै कुशल व्यवस्थापनका लागि दक्ष व्यवस्थापकहरुको जति खाँचो र आवश्यकता बाँकी विश्वमा छ, त्योभन्दा बढी आवश्यकता हाम्रो जस्तो अल्पविकसित एवं व्यवस्थापकीय क्षेत्रमा काम गर्ने जनशक्ति न्यून भएको देशमा रहेको उल्लेख गर्नुभयो। कार्यक्रममा प्राध्यापक डा. महेन्द्रप्रसाद श्रेष्ठ, प्राध्यापक डा. सतीशकुमार ओझा, शिक्षा मन्त्रालयका सह-सचिव सूर्य गौतम, कलेजकी निर्देशक कल्पना गुरुङलगायतले बोल्नुभएको थियो।

# इक्यानको वृहत शैक्षिक मेला साउनमा

नेपाल शैक्षिक परामर्श संघ इक्यानले यही साउन ५ देखि ८ गतेसम्म एघारौं इक्यान बृहत शैक्षिक मेला आयोजना गर्ने भएको छ। विश्व ग्लोबल भिलेजको रुपमा परिवर्तित भइरहेको वर्तमान परिवेशमा नेपाली विद्यार्थीहरुलाई स्वदेशी एवम् विदेशी शिक्षा प्रणाली तथा प्राप्त योग्यताको भावि सम्भावना एवम् अवसरहरु जस्ता विषयमा पर्याप्त सूचना प्रवाह गर्नुका साथै स्वदेशी तथा विदेशी शैक्षिक संस्थाहरु, विश्वविद्यालयहरु र त्यहाँ प्राप्त हुन सक्ने छात्रवृत्ति, सुविधा एवम् गुणस्तरीय शिक्षामा नेपाली विद्यार्थीहरुको समुचित पहुँचका लागि परामर्श सेवा प्रदान गर्ने उद्देश्ये राखी शैक्षिक मेला आयोजना गर्न लागेको हो।। शैक्षिक मेलाको अधिकांश स्टल तथा पेभिलियनहरु बिक्री भइसकेका छन्। यस शैक्षिक मेलामा २ सय ३३ स्टलहरु तथा १७ वटा पेभेलियनहरु (ठुला स्टलहरु) रहने हिजो आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो। संघका कार्यवाहक अध्यक्ष विष्णुहरि पाण्डेले शिक्षा मन्त्रालयबाट जारी शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका- २०७३ बमोजिम शैक्षिक परामर्श तथा प्रमाणिकरण शाखा, शिक्षा मन्त्रालयबाट स्वीकृति प्राप्त मेलामा नेपाल




उद्योग बाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, अभिभावक संघ नेपाल, ब्रिटिस काउन्सिल, आईडीपी एजुकेसन नेपाल, शिक्षा पत्रकार सञ्जाल, नेपाल फोटो पत्रकार समूहसमेतको सहकार्यमा मेला आयोजना गरिएको कावा अध्यक्ष पाण्डेले जानकारी दिनुभयो। मेलामा एक लाखभन्दा बढी महानुभावहरुले अवलोकन गर्नुहुने अपेक्षा गरिएको छ।

मेलामा शैक्षिक परामर्श व्यवसायीहरु, स्वदेशी तथा विदेशी शैक्षिक संस्थाहरु तथा भारत, चीन, बंगलादेश, श्रीलंका, जापान, फ्रान्स, अमेरीका, बेलायत, न्युजिल्यान्ड, अस्ट्रेलिया, नर्वे, फिनलन्ड, मलेसिया, जर्मन, डेनमार्कलगायत देशका कलेज तथा विश्वविद्यालयका आधिकारिक प्रतिनिधिहरुको सहभागीता हुनेछ। मेला अवधीभर चारैदिन रक्तदान कार्यक्रम गरिने भएको छ। यस मेलाको स्पोन्सरका रुपमा अरिना इन्टरनेसनल एजुकेसन सर्भिसेज ,बाबा एजुकेसन कन्सल्टेन्सि, कङ्गारु एजुकेसन फाउन्डेसन ,गोल्डेन गेट इन्टरनेसनल एजुकेसन, फास्ट ट्र्याक एजुकेसन कन्सल्टेन्सि, इन्लाइटिन इन्टरनेसनल एजुकेसन आइसकेका छन् भने अन्य प्रायोजन गर्ने कम्पनीहरुको नाम आउने क्रम जारी छ। कावा अध्यक्ष पाण्डेले बृहत शैक्षिक मेला वैदेशिक अध्ययनमा जाने हरेक विद्यार्थी तथा तिनका अभिभावकहरुका लागि निकै उत्सुकताको विषय त रहन्छ नै, त्यसमा पनि शैक्षिक क्षेत्रमा भएका परिवर्तन, विभिन्न देशका शिक्षा नीतिहरु, नीतिमा आएका परिवर्तनहरु, रहनसहन, हावापानी, वातावरण, कलेज एवमं देशअनुसारको शुल्क तथा विदेश अध्ययनका लागि जाने नेपाली विद्यार्थीहरुका लागि चाहिने सवै विषयवस्तुहरुमा यथार्थ जानकारी लिन उचित थलो यो मेला हुने जानकारी दिनुभयो।

# मेयर र उपमेयरलाई सम्मान




ललितपुर एकान्तकुना रिङरोड स्थित वीरेन्द्र स्मृति शिक्षा सदनले ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जन र उपमेयर गीता सत्याललाई सम्मान गरेको छ। सो विद्यालयले एसईई २०७३ मा उत्कृष्ठ स्थान ल्याउन १२ जना विद्यार्थीलाई समेत सम्मान गरेको छ। सम्मान कार्यक्रममा बोल्दै मेयर महर्जनले शिक्षामा सुधार ल्याउन महानगर क्षेत्रमा विज्ञ समूह गठन गर्ने बताउनुभयो। उहाँले संस्थागत विद्यालयको भौतिक विकासका लागि महानगरले सहयोग गर्ने बचन व्यक्त गर्नुभएको थियो। कार्यक्रमा प्याब्सन अध्यक्ष शिव कार्कीले निजी र सरकारी विद्यालयबीच देखिएको विभदकारी नीतिको अन्त्य गर्नुपर्ने बताउनुभयो।

उहाले भननुभयो- 'निजी विद्यालयबाट छात्रवृत्ति लिने तर सरकारी कोटाबाट उच्च शिक्षा हासिल गर्न नदिने परम्पराको अन्त्य गर्नुपर्छ।' विद्यालयका प्रधानअध्यापक कन्हैयासिह कुवरले शिक्षा क्षेत्रको विकासका लागि विद्यालयले गरेको योगदानको चर्चा गर्नुभएको थियो। उहाले सस्तो र सुलभ शिक्षा दिएकै कारण विद्यार्थी र अभिभावक सन्तुष्ट भएको बताउनुभयो। कार्यक्रममा शिक्षक संघका उपाध्यक्ष सुदर्शन घिमिरे, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भावना वस्नेत, समाजसेवी गोकुल खड्का, विद्यालय व्यवस्थापन समितिका सदस्य टीकाराम दाहाल, नमुना स्रोत केन्द्रका स्रोतव्यक्ति मणिराज राई, समाजसेवी गोकुल खड्कालगायतले विद्यालयले गरेको कार्यको प्रशंसा गरेका थिए।

# रमेश र सुनीताले ल्याए हङकङको चुरा

हिन्दु महिलाको विशेष चाड हरितालिका तीजको अवसरमा हरेक वर्ष दर्जनौं गीत तयार हुन्छन्। तीमध्ये हरेक वर्ष थोरै गीत चल्छन् र धेरै गीत खेर जान्छन्। तैपनि तीज गीत बन्न भने छोड्दैन। यस वर्ष त तीजको ३ महिनाअगाडि देखि यससम्बन्धी गीत तयार भई बजारमा आएका छन्।

यसै क्रममा हरेक तीजमा मन छुने तीज गीत पस्कने गायिका तथा मोडल सुनीता गुरुङले पनि नजिकिँदै गएको तीजलाई लक्षित गर्दै तीज गीत तयार पारेकी छिन्। हरेक वर्षको तीजलाई उपयोगी तीज गीत दिँदै आएकी उनका तीज गीतहरु चल्दै पनि आएका छन्। यसपालिको उनको तीज गीत पनि चल्ने आशा गरिएको छ। यसपालि भने गायिका गुरुङले गायक तथा संगीतकार रमेशराज भट्टराईका साथ युगल तीज गीत गाएकी छिन्।

गीतमा रमेशले गाएका छन्

*भन सानु तिम्रो मन गाछ कुन-कुन चिजमा*
*तिमलाई खुसी बनाउँछु म यसपालिको तीजमा*
*यसै हो र म आज बजार झरेको*
*किन पीर गरेको तिमलाई मन परेको*
*किन्दिउँला रातो चोलो बुट्टा भरेको*
*हङकङको चुरा लाउली हङकङको सारी*

त्यसको जवाफमा गीतमै सुनीताले भाका हालेकी छिन्

*हिँड बुढा आज पहिला विशाल बजार*
*यसपालि त सबै कुरा किन्छु छानी-छानी।*







लय र शब्द रमेशराज भट्टराईको रहेको यो तीज गीतलाई म्युजिक भिडियोमा उतारिएको छ। राजधानीको एक सानदार पार्टी प्यालेसका साथ शहर बजारमा खिचिएको म्युजिक भिडियोमा मोडल विकास फिरोज र गायिका गुरुङले नृत्य गरेका छन् भने शिवहरि पौडेल र निरू खड्काले अभिनय गरेका छन्। छायांकन नवराज उप्रेती र सम्पादन विष्णुहरि तिमल्सिनाको रहेको छ। निर्भाना कला केन्द्रले निर्माण गरेको म्युजिक भिडियोको निर्देशन दीपेन्द्र तिमल्सिनाले गरेका छन्।

# केटीका फलोअर्स १० करोड



अमेरिकन पपस्टार केटी पेरी ट्वीटरमा सबैभन्दा बढी फलोअर्स हुने पहिलो हस्ती बनेकी छिन्। हाल उनको ट्वीटर अकाउन्टमा १० करोड फलोअर्स रहेका छन्।

उनी १० करोड फलोअर्स पुग्नुअघि पनि उनी ट्वीटरमा सबैभन्दा बढी फलो हुने सेलिब्रेटीमा पर्थिन्। केही समयअघि उनको नयाँ एल्बम *विटनेस*सँग सम्बन्धित अफिसियल ट्वीटरको एक पोस्टमा लेखिएको थियो- 'आज हामी इतिहासको साक्षी बनेका छौं। केटी पेरीलाई बधाई, उनको फ्यानको संख्या १० करोड पुगेका छन्।'

रिपोर्टअनुसार उक्त ट्वीटरमा उनलाई बधाई दिँदै एक क्लिप पनि शेयर गरिएको छ। जस्मा केटीको केही ट्वीट पनि छन्। पेरी सन् २००९ देखि ट्वीटरमा जोडिएकी हुन्। त्यति बेलादेखि नै उनी ट्वीटरमा निकै सक्रिय छिन्। सन् २०१२ मा उनको फलोअर्सको संख्या ५ करोड पुगेको थियो।

# ललितकलामाथि गीत

पत्रकार मधु शाहीको शब्द र ज्योतिप्रकाश बीकेको संगीतमा ललितकलासम्बन्धी *उठौं कलाकार* बोलको गीतमाथि निर्माण गरिएको म्युजिक भिडियो सार्वजनिक गरिएको छ। नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको सहयोगमा निर्माण गरिएको भिडियोलाई म्युजिक नेपालले बजार व्यवस्थापन गरेको छ।

राजधानीमा आयोजित एक समारोहबीच ललितकला प्रज्ञा प्रतिष्ठानकी कुलपति रागिनी उपाध्याय, गीतकार एवं फिल्मकर्मी यादव खरेल, कला समीक्षक रमेश खनाललगायतले म्युजिक भिडियो र अडियो एकैसाथ सार्वजनिक गरेका हुन्।

पत्रकारिताका क्रममा ललितकलाको विषयमा गरेको अनुभव र बुझाईलाई गीतमा उतारेको मधुले बताइन्। त्यस्तै संगीतकार एवं चित्रकार ज्योतिले कलाको क्षेत्रमा अहिलेसम्म कुनै गीत सिर्जना नभएको चर्चा गर्दै यसको महत्त्व खड्किएको बताए। 'कला क्षेत्रको गीत थिएन, यस गीतले ऐतिहासिक काम गरेजस्तो लाग्छ' -उनले भने। त्यसै गरी कुलपति उपाध्यायले कलासम्बन्धी यस गीतले सबै कलाकारलाई हौसला मिल्नुका साथै सकरात्मक ऊर्जा दिने बताइन्। गीतकार यादव खरेलले सबै पाका र नयाँ पुस्ताका कलाकारलाई एकैसाथ म्युजिक भिडियोमा समावेश गर्न सक्नु महत्त्वपूर्ण दस्तावेज भएको बताए। ३ मिनेट लामो म्युजिक भिडियोमा पाका कलाकार शशि शाह, दुर्गा बराल, रागिनी उपाध्यायलगायत पोखराका कलाकारहरुलाई समेत समेटिएको छ। गीतमा ज्योतिसँगै रूपक खनाल, शीतल पाण्डे र सीता भण्डारीले स्वर दिएका छन्।




# लोक कलाकर्मी सम्मानित



गल्कोट म्युजिक प्रालिले शनिबार राजधानीमा *स्रस्टा सम्मान* २०७४ आयोजना गरी लोकगीतका विभिन्न विधाका व्यक्तित्वहरुलाई सम्मान गरेको छ। कार्यक्रममा लोक गायक राजु परियार, झलक संगीतम, रेशम सापकोटा तथा गायिका देवी घर्ती मगरलाई सम्मान गरिएको थियो।

सोही अवसरमा गल्कोट म्युजिकले बजारमा ल्याएका गीतहरुमध्येबाट युट्युब भ्युअर्सको आधारमा उत्कृष्ट ठहरिएका गीतहरुका विभिन्न गायकगायिका, मोडल, सर्जकलगायतलाई पनि सम्मान गरिएको छ। कार्यक्रममा मोडलतर्फ *वारि चरौंदी बोल*को गीतबाट उत्कृष्ट अभिनयको सम्मान बुद्धवीर थापा, सञ्चिता शाही ठकुरी तथा सर्जक हिमाल सिंहलाई, *हाम्रो माया बोलको गीत*बाट मोडल सारिका केसी, *तिमी मेरो* बोलको गीतबाट आशा खड्का, *सम्झी-सम्झी रुन्छु* बोलको गीतबाट गायक राजु परियार, *घाइते मुटु*बाट गायक कुलेन्द्र विश्वकर्मा, *रुँदा सँगै*बाट गायिका पूर्णकला बीसी, ध्वनि मिश्रणतर्फ सञ्जय श्रीपाली, रेकडिस्ट एवं गायक गोविन्द ओली तथा विभिन्न गीतका सर्जक प्रस्तुतकर्ताहरुलाई सम्मान गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि नेपाल नाट्य तथा संगीत प्रज्ञा प्रतिष्ठानका अध्यक्ष शम्भुजित बास्कोटा, लोकगायक एवं सर्जक रेशम सापकोटा तथा गल्कोट म्युजिक प्रालिका प्रबन्ध निर्देशक रामु विरहीले सम्मान प्रदान गरेका थिए। कार्यक्रममा बोल्दै बास्कोटाले प्रतिष्ठानले लोक कलाकारहरुलाई छिट्टै परिचयपत्रको व्यवस्था गर्ने बताए। 'हामी अब छिट्टै नै लोक कलाकारलाई परिचयपत्रको व्यवस्था गर्दै छौं। यसले उनीहरुलाई सुविधा प्रदान गर्छ, राष्ट्रको गहना भनेर चिनाउँछ यसले गर्दा उनीहरुलाई गर्व महसुस हुनेछ', बासकोटाको भनाइ थियो- 'लोकगीतले हाम्रो संस्कृति बोकेको हुन्छ। हामी विश्वका जुनसुकै ठाउँमा जस्तोसुकै गीत सुनिरहेको भए पनि लोकगीत सुन्ने बित्तिकै हाम्रो ठुम्का अर्कै हुन्छ।'


कामनाको हरेक अंक विशेष अंक

यस अंकका आकर्षणहरू:




**दीपक दीपाले किन लिएनन् अवार्ड?**

यस वर्षको अवार्डको खाता खोल्दै सम्पन्न एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा छक्का पञ्जाको नाममा सर्वोत्कृष्ट फिल्म, निर्देशक, अभिनेतृसहित ५ विधाको अवार्ड घोषणा भयो। तर दीपकराज गिरी, दीपाश्री निरौलालगायत छक्का पञ्जाको नाममा अवार्ड घोषणा हुनुअगाडि नै कार्यक्रमस्थलबाट बाहिरिए, किन? विशेष रिपोर्ट।

**प्रियंकाद्वारा खुलमखुला चुम्बन गरेर प्रेम प्रदर्शन**

एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा हलिउड बलिउड शैली अपनाउँदै नायिका प्रियंका कार्कीले सर्वोत्कृष्ट नायिकाको अवार्ड जितेको उन्मादमा आफ्ना प्रेमी नवनायक आयुष्मान जोशीलाई आफ्नो र उनको आमाका साथमा सबैका सामु भरिभराउ हलमा अधरमै चुम्बन गरिदिइन्। रोचक रिपोर्ट।

**वर्तमान संगीत : कसैको नजरमा उर्वर, कसैको अनुभवमा दयनीय**

वर्तमान संगीत क्षेत्रलाई नियाल्ने क्रममा सम्बन्धित संगीतकर्मीमध्ये नै कसैले यसलाई उर्वर पाएका छन् भने कतिपयको अनुभवमा दयनीय अवस्था पनि देखिएको छ। खासमा के छ नेपाली संगीतको वर्तमान अवस्था? संगीतकर्मीकै अनुभवमा विशेष रिपोर्ट।

**८९/१० फिल्म सफल**

नेपाली फिल्मको निर्माण र प्रदर्शनमा व्यापक वृद्धि भए पनि असफल फिल्मको बाढी उर्लंदै गएको छ। झन्डै ९० फिल्म रिलिज भएको बजारमा मुस्किलले १ दर्जन फिल्मले मात्र व्यापारिक सफलता हासिल गरेको पाइएको छ। के कति कारणले फिल्मको व्यापारमा ह्रास आइरहेको छ? व्यापारिक समीक्षा।

**रंगमञ्चबाट रजतपटमा**

कुनै बेला रंगमञ्चीय कलाकार फिल्मका लागि उपयुक्त हुँदैनन् भन्ने मानिन्थ्यो। तर अहिलेको फिल्म क्षेत्र लगभग रंगमञ्चबाट आएकै कलाकारको भरथेगमा अगाडि बढिरहेको छ। पुरानै कुरा सम्झिने हो भने पनि नेपालमा फिल्म निर्माण आरम्भ हुँदा निर्माण भएको आमामा शीर्ष भूमिकमा निर्वाह गर्ने अभिनेतृ चैत्यदेवी र सोही फिल्ममा नायिकाको भूमिका निर्वाह गर्ने भुवन थापा (चन्द) पनि रंगमञ्चबाट फिल्ममा आएका थिए। कसरी धानिरहेका छन्, रंगमञ्चका कलाकारले फिल्म क्षेत्र? विस्तृत रिपोर्ट।

**मारवाडी समुदायबाट मिस नेपाल**

मिस वर्ल्डजस्तो अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा प्रमुख उपाधि चयन गर्ने व्यवस्थालाई पछ्याउँदै एक जनाबाहेक फाइनलमा पुगेका बाँकी ६ जना प्रतिस्पर्धीको कानमा बाहिरको आवाज सुन्न नसकिने एयरफोन लगाउन लगाई सोधिएको प्रश्नमा तार्किक जवाफ दिँदै उर्लाबारी, मोरङकी मारवाडी समुदायबाट निकिता चाण्डकले यसपालिको मिस नेपालको ताज कसरी चुमिन्? विस्तृत रिपोर्ट।

**साथमा**

बलिउडसम्म छाउँदै अदिती, कलाक्षेत्रको वर्ष दिन, फेरिँदै फेसन शैली, सेलिब्रेटी राज : आमा भए पनि उमेर बढे पनि उस्तै, पिताको चार उपहार शाहरुखलाई ठूलो पाठ, यसरी हुन्छ मिस युनिभर्स। फोवीलाई फिल्मबाट पछुतो, ज्याकी चान हङकङदेखि हलिउडसम्म, कलाक्षेत्रले गुमाएका कलाकर्मीहरू ।

**तथा**

नियमित स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, पेटारो र हुइयाँ

आफ्नो प्रति समयमै सुरक्षित गर्नुहोस्।

# विचार



किताबहरुले जिन्दगीभर मलाई पथप्रदर्शन गर्दछन् भन्ने कुरा मलाई राम्रैसित थाहा छ।
–म्याक्सिम गोर्की

शब्दहरुसँग खेल्दा आनन्द आउँछ, जसबाट कामको थकावट टाढा जान्छ।
–अलेक्सेई तोलस्तोय

## सम्पादकीय

नेपाल समाचारपत्र

## के हुँदै छन् चुनावअघिका सपना ?

स्थानीय तहको निर्वाचन प्रदेश नं. २ बाहेकका स्थानमा भइसकेको छ र दोस्रो चरणको परिणाम पनि केही स्थानमा बाहेक अन्यत्रबाट आइसकेको छ। मुलुकका अधिकांश भाग स्थानीय स्तरमा निर्वाचित पदाधिकारी पाएर खुशी भएको अवस्था रहेको छ। यसको मतलव जनतामा नवनिर्वाचित पदाधिकारीसँग अपेक्षा पनि निकै रहेका छन्। ती अपेक्षा पूरा गर्नका लागि नवनिर्वाचित पदाधिकारीहरुले पनि होसियारीका साथ अघि बढ्नु जरुरी रहेको छ। 'निर्वाचित भइहालियो, अब मोजमस्तीतिर लागौं' भन्ने अभियानमा जननिर्वाचित पदाधिकारी लागे भने त्यो मुलुकको लागि नै दुर्भाग्यपूर्ण हुनेछ। पहिला कर्मचारीतन्त्रले चलाएको स्थानीय तहलाई तात्विकरुपमा नै फरक पार्ने हिसाबले जननिर्वाचित पदाधिकारी लाग्नु जरुरी रहेको छ।

तर, कतिपय निर्वाचित पदाधिकारीहरुको केही समयमा नै जनताको काममा भन्दा पनि व्यक्तिगत र पारिवारिक मोजमस्तीतिर ध्यान जान थालेको चर्चा हुन थालेको छ। कतिपयको त काम नथाल्दै सम्मान थाप्ने लहर नै चलेको पनि देखिएको छ। यस्ता गलत कामतिर ध्यान नदिई निर्वाचित पदाधिकारीहरुले आफ्नो क्षेत्रमा तात्विक अन्तर देखिने गरी काम थाल्नुपर्दछ। त्यो मात्रै होइन, निर्वाचनअघि गरिएका बाचा र प्रतिबद्धता अनि देखाइएका सपना पूरा गर्न इमानदारिता देखाइनुपर्दछ। विगतमा के देखिएको छ भने, चुनावको बेलामा सपना देखायो तर चुनाव जितिसकेपछि ती कुरा बिर्सने गरिँदै आएको छ, जुन निश्चय पनि गलत परिपाटी हो।

अहिले जनताले यस्ता कुराको नजिकै रहेर मूल्यांकन गरिरहेको पाइन्छ। त्यसैले पनि जननिर्वाचित पदाधिकारीहरु फुकी–फुकी जनता र देशको समग्र हितका लागि लाग्नु जरुरी रहेको छ। अर्कातर्फ निर्वाचित निकायहरुलाई जता पनि कस्ने र हेप्ने कार्य कर्मचारीतन्त्रबाट भइरहेको गुनासोसमेत आइरहेको छ। राज्यस्तरबाट भए–गरेका काममा कर्मचारीतन्त्रको केही न केही सकारात्मक भूमिका होला। तर, निर्वाचित पदाधिकारीहरुलाई काम नै गर्न नसक्ने गरी बाँध्न खोजिएको हो भने त्यो गलत छ। निर्वाचित पदाधिकारीहरुले कहिले तलब मागे, कहिले गाडी किन्नतिर ध्यान दिए भन्ने कुरा उठिरहेको छ। तलबका हकमा कुरा गर्दा, निर्वाचित पदाधिकारीहरुलाई पनि सधैँभरि समाज सेवा मात्रै गर्न पनि सम्भव हुँदैन। त्यसैले आवश्यक व्यवस्था गर्नेतिर ध्यान दिनु जरुरी छ। निर्वाचित पदाधिकारीहरुलाई चल्ने गरी आवश्यक सेवा–सुविधाको व्यवस्था गर्दा त्यसमा जनस्तरबाट खासै आलोचना हुनेवाला छैन। तर, सार्वजनिकरुपमा रोइकराइ गर्दै हिँड्नु स्थानीय तहका निर्वाचित पदाधिकारीलाई पनि सुहाउने कुरा अवश्य होइन। हुन त यस्ता सामान्य कुरा निर्वाचित पदाधिकारीले भन्दै हिँड्ने कुरा नै होइन, भन्दै नभनी राज्यले तयार पारिदिने कुरा हो।

त्यसैले राज्य नै यस्ता सामान्य कुराको निरुपण कसरी गर्ने भन्ने निर्णयमा पुग्नु जरुरी छ। अनि निर्वाचित पदाधिकारीले बुझ्नै पर्ने कुरा के हो भने, उनीहरु निर्वाचित भइसकेपछि के–कस्तो योगदान भयो भन्ने बारेमा जनस्तरबाट मूल्यांकन हुन थालिसकेको छ। त्यसतर्फ गम्भीरतापूर्वक सोचेर नवनिर्वाचित पदाधिकारीहरुले कामलाई पनि परिस्कृत पार्नेतर्फ ध्यान दिऊन्।

# चुनावले दिएको सन्देश



दामोदर पौडेल

"के नेपाललाई बेथितिमा ल्याउनेहरु यो देशका वंशजकै नागरिक होइनन् र ? पद नपाउँदा गाली गर्ने र पद पाउनको लागि विदेशमा लम्पसार पर्नेहरु नेपालका वंशजकै नागरिक होइनन् र ? त्यसैले राष्ट्रियता नागरिकको मनमा हुन्छ, नागरिकको प्रकारमा हुँदैन। अंगीकृत नेपालीले नेपालको विरुद्धमा काम गर्दछ भन्ने शंका हो भने नेपालका वंशजको नागरिकता प्राप्त गर्नेहरुले नेपालको कति हित गरे भन्ने पनि हामी सोच्न सकौं।"

स्थानीय चुनाव हुँदा पहिलो चरणमा मधेस केन्द्रित दलहरुले उठाएका मागहरुप्रति जनताको समर्थन कति छ र कस्तो छ भन्ने स्पष्ट हुन सकेको थिएन। दोस्रो चरणको चुनावले त्यो स्पष्ट गरेको छ। जनताले पायक नपरेको भनेर नवलपरासी र ताप्लेजुङसमेतका वार्डहरुमा बहिस्कार गरे। मधेसका जनताले कतै पनि औपचारिकरुपमा मतदान कम भएको देखिने गरी समस्या समाधान नभएको कारण देखाएर चुनाव बहिस्कार गरेनन्। बरु २ नम्बर क्षेत्रबाहेकको मधेसमा अपेक्षाकृत राम्रो मत परेको छ। संविधान संशोधन नभए चुनाव हुन नदिने र बहिस्कार गर्ने मेधस केन्द्रित दलहरुको मत जनताबाट बेवास्ता भएको छ। विशेषत: चुनाव भएका क्षेत्रका मधेसका मतदाताले मधेस केन्द्रित दलहरुको भनाइलाई अस्वीकार गरेका नभए पनि चुनाव हुन नदिएर माग पूरा गर्न दबाब दिने होइन भन्ने भावना राखिदिएका छन्। चुनाव हुन बाँकी रहेको २ नं. क्षेत्रमा पनि राजपाका कार्यकर्ता र नेताहरु चुनावमा भाग लिने दलहरुमा आफ्नो दल छोडेर प्रवेश गरिरहेका छन्। दल नै दर्ता गरेर राजपा आफैं पनि चुनावमा जान सक्ने वातावरण बन्न सक्ने अवस्थालाई पनि नकार्न सकिँदैन। हुन पनि जनताको चाहनाभन्दा बाहिर रहेर काम गर्दा जनतामा क्रमश: प्रभाव कम हुँदै जान्छ। राजनीतिज्ञहरुको लागि यो पक्ष उचित होइन।

यो दृश्यले के देखाएको छ भने, नेपाली जनता चुनाव हुनुपर्दछ भन्ने विषयमा एक छन्। चुनाव चाहन्छन्। जनताको लागि संविधानको संशोधनभन्दा चुनाव महत्वपूर्ण भएको प्रस्ट भएको देखियो। जनतामा जुनै पक्षबाट भए पनि जति नै उत्तेजना र घृणा फैलाए पनि जनताले हामी नेपाली एक छौं र हौं भन्ने सन्देश दिए। यो सकारात्मक पक्ष हो।

यसो भनिरहँदा मधेसका मागप्रति जनता विमति राख्छन् त ? यो नहुन सक्छ। विमति होस् वा नहोस्, राज्यले नागरिकका समान अधिकारको लागि काम गर्नै पर्दछ। मधेसका जनताका भावनाको सम्बोधन माग नै नभए पनि सरकारले गर्नुपर्दछ। के नागरिकले पोलियोविरुद्धको दबाइ मागेन भनेर नखुवाउने ? उसलाई खोजेर पनि खुवाउनुपर्दछ। मधेसका जायज माग सम्बोधन जहिले पनि हुन आवश्यक छ।

जथाभावी विदेशीलाई नागरिकता दिने माग जायज हुँदैन। यो सबैले बुझ्नुपर्दछ। सरकारले २५ वर्षभन्दा बढी समयदेखि नेपालमा बसेका भूटानीहरुलाई नागरिकता दिएन। के नेपालमा बस्दैमा र काम गर्दैमा नागरिकता दिने ? यो हुँदै होइन। हामीले हाम्रो आवश्यकता र विश्वव्यापी मान्यतासमेतको आधारमा नागरिकता दिने हो, आन्दोलनको भरमा होइन। अहिले पनि धेरै विदेशीले नागरिकता लिएको महसुस भइरहेको छ।

त्यस्तै मैले नबुझेको विषय भनेको अंगीकृत नेपाली महिलालाई विशेषत: नागरिकताको आधारमा देशका ठूला पदमा जान नदिने भन्ने कुरा आएको छ। कतिपय मधेस केन्द्रित दलहरु पनि यसमा सहमत छन्। तर यस्तो होइन। देशप्रेम मनको विषय हो। कस्तो नागरिकता प्राप्त गरेको भन्ने मात्र विषय होइन। नेपालमा जन्मेकोले मात्र संवैधानिक प्रमुख पद पाउने भन्ने प्रावधानको जरुरी नै छैन। त्यो व्यक्ति नेपालप्रति बफादार छ भने उसले किन उच्च पद नपाउने ? विशेषत: महिलाले पति र सन्तानको देशमा आएर अंगीकृत नागरिकता लिन्छे भने उसको देशप्रेमप्रति शंका नगर्नु नै राम्रो होला।

यो त अझै नेपालका दलहरुमाथिको टेस्ट केस हो। ठूला दलहरुको समर्थन नभएको व्यक्ति त्यस्ता पदमा जानै सक्दैनन्। ठूला दलहरु जनताबाट सबैभन्दा बढी मत ल्याएर अनुमोदित भएका हुन्छन् नै। यसरी ठूला दलले बनाएको उम्मेदवारलाई जनताबाट अनुमोदित मान्न आवश्यक छैन र ? यदि दलहरुले नै देशको विरुद्धमा काम गर्दछन् भने उनीहरु नेपालको वंशजको नागरिक भएर पनि गर्दछन्। के नेपाललाई बेथितिमा ल्याउनेहरु यो देशका वंशजकै नागरिक होइनन् र ? पद नपाउँदा गाली गर्ने र पद पाउनको लागि विदेशमा लम्पसार पर्नेहरु नेपालका वंशजकै नागरिक होइनन् र ? त्यसैले राष्ट्रियता नागरिकको मनमा हुन्छ, नागरिकको प्रकारमा हुँदैन। अंगीकृत नेपालीले नेपालको विरुद्धमा काम गर्दछ भन्ने शंका हो भने नेपालका वंशजको नागरिकता प्राप्त गर्नेहरुले नेपालको कति हित गरे भन्ने पनि हामी सोच्न सकौं।

नागरिकताको प्रकारको आधारमा पक्षमा र विरोधमा बोल्नु अप्रासंगिक भइसकेको छ। जस्तोसुकै नागरिकले पनि ठूला दलले उम्मेदवार नबनाई संवैधानिक पद नपाउने हुँदा त्यो विषयलाई विवादमा ल्याउनुभन्दा दलहरुले उम्मेदवार बनाउँदा सोचे हुन्छ। मैले देखेको छु, एक देशको विद्वान्ले अर्को देशको गुलामी र जासुसी गरेको छ। अर्को देशको पक्षमा रहेको छ। पाकिस्तानका आणविक ज्ञाता रहेका वैज्ञानिकले इरान र उत्तर कोरियालाई आणविक सूत्र बताएको आरोप लाग्यो। के उनको वंशजको नागरिकताले देशको विरुद्धमा काम गर्नबाट रोक्यो वा रोक्ने भावना दियो ?

अर्को पाटो पनि छ। अर्थात् केही मधेस केन्द्रित दलहरुका संविधान संशोधनका प्रस्तावलाई मधेसका मतदाताले अहिले कम प्राथमिकतामा राखेका मात्र होइनन् बरु सरकारको विश्वास गरेर शान्तिपूर्ण समाधान खोजेका हुन् भन्ने अर्थ लगाउनु सबैभन्दा उपयुक्त हुनेछ। मधेसका जनताको राजनीतिक अधिकार समानताको आधारमा नै प्राप्त हुनुपर्दछ भन्नेमा सचेत र जिम्मेवार नागरिकले विवाद गर्ने कुनै कारण छैन। सबै जाति, भाषी र धर्मसमेतका मानिसलाई सेना, प्रहरी, प्रशासन, शिक्षक आदिमा समानताको आधारमा नै समावेश गरिनुपर्दछ र अधिकार दिइनुपर्दछ। महिलासमेतका पछाडि परेका वर्ग र लिंगलाई समान व्यवहार हुने कानुन बन्नै पर्दछ। यसमा कन्जुस्याइँ हुनुहुँदैन। अर्को सवाल भनेको स्थानीय निकायलाई धेरै अधिकार दिइएको छ। यसको अधिकारलाई अझै थपेर र स्थानीय निकायहरु अझै कम गरेर प्रान्तलाई अझै कमजोर बनाउने र प्रान्तको सट्टामा प्रदेश समन्वय समिति राख्ने हो भने राम्रो हुने थियो कि ? यसले प्रशासनिक खर्च घटाउने थियो र स्थानीय सरकारलाई अझै बलियो बनाउने थियो।

जे होस्, चुनौतीको आशंकाको बीचमा स्थानीय सरकारको दुई चरणको निर्वाचन पूरा भएको छ। अपेक्षाकृत सफल र सरकारले चाहेजस्तै गरेर सबैतिरका जनताले सरकारप्रति चुनावप्रतिको वैचारिक सहमति जनाएका छन्। अब तेस्रो चुनाव पनि राम्रोसँग हुन्छ भन्ने सन्देश प्राप्त भएको नै छ। २ नं. क्षेत्रका जनता उत्साहित छन्। राज्यले यो उत्साहलाई कमजोरी नसम्झी संविधान आवश्यक विषयमा संशोधन गरेर सबैका समानता र आवश्यकतामा आधारित माग पूरा गर्नुपर्दछ। सबै प्रान्त र अझै मधेसमा पहाडी समुदायका नागरिकलाई र पहाडी बाहुल्य क्षेत्रमा मधेसी जनसमुदायका मानिसलाई त्यो प्रान्तमा उनीहरुको उपस्थितिको अनुपातमा आरक्षणको व्यवस्था सरकारले संविधानमार्फत वा चाँडो कानुन बनाएर नै गर्न आवश्यक छ।

जनतामा फैलिएको आपसी द्वेष हटाउने शुरुवात पूर्ण समावेशिता र चुनावबाट स्थानीय सरकारले काम गर्न पाउनु नै हुनेछ। तर अन्तिम लक्ष्य भनेको सबैको हित हुनुपर्दछ भन्ने मानसिकता भने हामी सबैमा हुन आवश्यक छ। जात, धर्म, भाषा, संस्कृतिभन्दा महत्वपूर्ण अधिकार भनेको गरिब जनताको उत्थान र दोस्रो दर्जाका रुपमा देखिएका नागरिकको समानता हो। जनतालाई जति नै दु:ख भए पनि उनीहरु अझै आशमा छन्। उनीहरुको मन टुटेको छैन र टुट्न पनि नदिने काम प्रमुखरुपमा सरकार र दलहरुको हो। धरै जनता सोच्दै होलान्- धेरै विश्वास गरियो तर धोका मात्रै भयो। तर आशा गरौं, कुनै दिन कुनै ठूलो पदमा जानेहरुले धोका दिनेछैनन्। हामीले हाम्रा अधिकारलाई आफैंले बुझ्न र सुरक्षित राख्न सक्यौं भने हाम्रो भविष्य सुरक्षित एवं समुन्नत हुनका लागि एउटा राम्रो कडी हुनेछ। हाम्रा अधिकारको सुरक्षा गर्ने सबैभन्दा ठूला अधिकारी र कर्तव्य भएका हामी नै हौं। जनतामा अधिकार छ तर हामी अधिकार अरुबाट खोजिरहेका छौं। हामीले हामी र हाम्रो अधिकारलाई चिन्न सक्नुपर्दछ।

## पाठक पत्र

### अध्यागमनको राम्रो काम

अध्यागमन विभागले 'इमिग्रेसन मोबाइल एप' सार्वजनिक गरेर राम्रो काम गरेको छ। सूचना प्रविधिको युगमा त्यो नितान्त तत्काल आवश्यक थियो। भिसा लिनका लागि अनलाइनमार्फत आवेदन दिन सक्ने व्यवस्थाले सहज र ठगीको समस्या पनि कम हुने मेरो बुझाइ छ। विदेशमा रहेका नेपालीलाई ध्यानमा राख्दै विभिन्न स्थानका नेपाली नियोगको ठेगाना पनि राखिएकोले यो सबैको लागि उपयोगी छ। अनलाइनमार्फत सेवाग्राहीले गुनासा र सुझाव पनि गर्न सक्ने व्यवस्था छ। तर ती गुनासो व्यवस्थापनको लागि पनि उचित काम भने हुन जरुरी देखिन्छ। विदेश जाने र फर्कने नेपालीका लागि उपयोगी सूचनासँगै वैदेशिक रोजगारीसम्बन्धी समाचार र खबर पनि एपमा राख्न सके धेरै राम्रो हुने थियो। यो एपलाई दिगो र निरन्तररुपमा चलाउने खालको कार्यक्रम ल्याए निरन्तरता दिन जरुरी छ।

*- लेखराज रेग्मी, काठमाडौं*

### अब कस्तो मोड लिन्छ चुनावले ?

२०७४ सालमा भएको पहिलो र दोस्रो चुनावले अब कस्तो मोड लेला ? के जनताले चाहेको जस्तो समाज परिवर्तन होला त ? कि भ्रष्टाचार बढ्ला ? वैशाख ३१ गते भएको पहिलो चरणको चुनाव र असार १४ गतेको दोस्रो चुनावले अब कस्तो मोड ल्याउला ? के जनताले छानेका मेयर-उपमेयर सही होलान् त ? कि समाज विकास हुने आशमा भ्रष्टाचार विकास होला ? सर्वसाधारणहरु आफूले छानेको मेयर र उपमेयरले गर्ने गतिविधि गलत मोडमा जाने हो कि भनेर चिन्तित छन्।

*-संगीतामाया माझी, लगनखेल*

### युवाको विषयमा कसले सोच्ने ?

नेपालका १ करोड ४ लाख युवामध्ये अहिले पनि २६ प्रतिशत बेरोजगार छन्। स्वदेशमा रोजगारका थुप्रै अवसर भए पनि गाउँघरमा कर्म गर्न लाज मानेर खाडीमा पसिना बगाउने प्रचलनकै कारण युवा पलायन भएका छन्। खाडी मुलुकमा सोचेजस्तो काम र दाम नभए पनि युवाहरु विदेश पलायन हुने क्रम रोकिएको छैन। वैदेशिक रोजगारमा पठाउने म्यानपावर कम्पनीका एजेन्टहरुका चिल्ला कुरामा गाउँले युवाहरु फसेकै कारण धेरै नेपाली युवाले खाडी मुलुकमा सोचेजस्तो काम र दाम पाएका छैनन् भने निकै कष्टपूर्ण जीवन भोगिरहेका छन्। सयौं युवाहरु कम्पनीले तलब र काम नदिँदा अलपत्र परेका घटनाहरु थुप्रै छन्। उनीहरु स्वदेशमा फिर्तीका लागि नेपाल सरकारसँग अपिल गर्न बाध्य भएका छन्।

नेपालमा थुप्रै रोजगारका अवसर भएको हुँदा उनीहरुलाई रोजगारसँग जोड्नको लागि सरोकारवाला निकायले प्रभावकारी भूमिका खेल्न जरुरी छ। युवाहरु उद्यमशीलासँग जोडिएका छैनन्। युवा निष्क्रिय भएका देशहरु विकासको गतिमा पछाडि परेका थुप्रै उदाहरण छन्। त्यसैले देशलाई विकासको गोरेटोमा डोर्‍याउन सरकारी निकायले रोजगारी र उत्पादनमुखी अभियान चलाउन जरुरी छ। युवाहरुलाई उद्यमशीलतामा लगाउन नसक्ने हो भने युवा पलायन रोक्न पनि सम्भव छैन। अवसर सिर्जना गर्न सरकारी, गैरसरकारी संस्था र निजी क्षेत्र मिलेर अगाडि बढ्नुपर्छ। रचनात्मक काम गर्नेलाई सम्मान र प्रेरित गरेर पनि उद्यमशीलतामा आकर्षित गर्न सकिन्छ। राज्यले अवसर सिर्जना गरेपछि युवाले उत्पादनको क्षेत्रमा राज्यलाई योगदान दिन पनि पछि हट्नुहुँदैन।

युवालाई रोजगारीको क्षेत्रमा लाग्न सक्ने गरी तालिम दिएर दक्ष बनाउन विशेष कार्यक्रम ल्याउन जरुरी छ। सिलाइ, व्युटिपार्लर, प्लम्बिङ, टिभी तथा मोटरसाइकल मर्मत, हाउस वायरिङ, होटल म्यानेजमेन्ट लगायतका विषयमा तालिम दिने हो भने युवाहरु रोजगारमा लाग्न प्रेरित हुन्छन्। हुन त विदेशमा दु:ख भोगेर स्वदेश फर्किई कृषि कर्ममा लागेका युवाहरुले राम्रो आम्दानी पनि गर्न थालेका छन्। सानो लगानी गर्ने हो भने कृषि पेसाबाट मनग्य आम्दानी पनि गर्न सकिन्छ भन्ने कुरा युवालाई जानकारी गराउनुपर्छ। अर्कोतर्फ स्वदेशमै व्यवसाय सञ्चालन गरेका युवाहरुलाई सरकारी निकायले अनुदान रकमको पनि व्यवस्था गर्नुपर्छ।

*- दिवान घिमिरे, काठमाडौं*

### ग्यास अभाव भो

चितवन जिल्लामा ग्यास अभावको समस्या रहेको छ। प्रत्येक ग्यास वितरक एवं उपभोक्ताको घरमा एलपी ग्यासको सिलिन्डर धेरै नै रहेको पाइन्छ। उपभोक्ताहरु एलपी ग्यास सिलिन्डर लिएर ग्यास लिन जाँदा अरु ग्यास दिँदैनन्। अब उपभोक्ताहरु र वितरकहले एलपी ग्यास सिलिन्डर थुपारेर मात्र राख्ने कि साट्ने ? यथासम्भव सम्बन्धित निकायले समस्या समाधानका लागि पहल गरोस् भनी आग्रह गर्दछु।

*- हरि रोकाय, टाँडी, चितवन*

### साझालाई अनुरोध

साझा यातायातले विगत वर्षदेखि सेवा दिँदै आइरहेको र जनताको मन जित्दै आएकोमा पुन: उपत्यकाबाहिरका विभिन्न शहरहबाट यातायात सेवा शुरू गर्न थालेकोमा देशवासी खुशी भएका छन्। यसको लागि साझा यातायात बधाईको पात्र भएको छ। फेरि पहिलेको नियति साझाले भोग्न नपरोस् भन्ने कामना पनि देशवासीले गरेका छन्। यसरी उपत्यकाबाहिर साझा यातायातले सेवा विस्तार गर्ने क्रममा सौराहाचोक टाँडीबाट पुन: यातायात सेवा सुचारु गरिदिए हुन्थ्यो भन्ने आमरत्ननगरवासी जनताको माग छ।

जबकि २०५५/५६ सालतिर दैनिक २ वटा साझा बस सौराहाचोक टाँडीबाट छुट्ने गरेका थिए। लगभग १८/१९ वर्षपछि जनसंख्या बढेको र यात्रुको चाप बढेको हुनाले कम्तीमा ४ वटा बसले यातायात सेवा दिए पनि अपुग हुने अवस्था देखिएको छ। त्यसैले सम्बन्धित निकायले यसप्रति शीघ्र ध्यान पुर्‍याई रत्ननगरवासीलाई सहज र आरामदायी यातायातको सुविधा पुर्‍याउन यहाँका आमसर्वसाधारणको अपिल छ।

*- सुविन खनाल, रत्ननगर*

## सामाजिक सञ्जाल



गाउँघरका मान्छेभन्दा काठमाडौंका मान्छे गरिब र अशिक्षित रहेछन्, कहिले मतपत्रमा छाप लाउन जान्दैनन्, कहिले सडकमै फोहोर फाल्छन्।

**नेपाल टिबिएन**
**@ChhetriTbn**



समाचार- चुनावमा पत्रकार विजयी। म- चुनावमा पत्रकार विजयी भएको हो कि राजनीतिज्ञले केही समय पत्रकारिता गरेर पुरानै ठाउँ फर्किएको हो, कन्फ्युज।

**madhu sudan**
**@sudanmadhu9**



राष्ट्रपति कतै निस्कँदा र फर्कंदा सडक जाम नगर्न १६ करोडको गाडी हैन, हेलिकप्टर नै किन्दिए हुन्छ, कमसे मक जनतालाई सास्ती त हुँदैन।

**ShIvA DaHaL**
**@dahalshivaji**

२०७४, असार
सोमबार
२६

{ जारको पानी भन्दै ट्यांकरबाट ल्याएको पानी सीधै जारमा खन्याएर खाने गरेका कारण बिरामी अस्पताल भर्ना हुने गरेका छन्। अस्पतालबाट निको भएर घर फर्केपछि फेरी झाडा-पखाला, आउँ लिएर आउने गरेको बताइएको छ।

# नेपाल

## संक्षेप

### लागूऔषधसहित पक्राउ

काठमाडौं, (नेस)

बूढानीलकण्ठ नगरपालिका-१२ कपन बस्ने १८ वर्षीय साजन कुवारलाई सोही ठाउँस्थित चेकजाँचको क्रममा लागूऔषध गाँजा १० ग्राम फेला पारी सोधपुछ गर्दा कुवारले किन्दै आएको मुस्कान चोक बस्ने ४५ वर्षीया संगीता श्रेष्ठको कोठाबाट समेत ३ सय ५० ग्राम गाँजा फेला पारी दुवै जनालाई प्रहरीले शनिबार नियन्त्रणमा लिएको छ।

यसै गरी काठमाडौं महानगरपालिका-१७ ढल्कुस्थित रेडपाण्डा होटलमा महानगरीय प्रहरी वृत्त लैनचौरबाट खटिएको टोलीले चेकजाँच गर्ने क्रममा रुम नम्बर १०१ बाट ललितपुर महानगरपालिका-१९ का ३१ वर्षीय समीर पुजारी, सोही ठाउँ घर भएकी २७ वर्षीया अनीता पुजारी र २९ वर्षीय कविर महर्जनलाई लागूऔषध डाइजेल्याब १ सय २८ एम्पुल, नुरफिन १ सय ५५ ट्याब्लेट, फेनारगन १ सय ६१ एम्पुल र नाइड्रोमेट १४ ट्याब्लेटसहित शनिबार प्रहरीले पक्राउ गरेको छ।

### तास खेल्ने समातिए

काठमाडौं, (नेस)

कागेश्वरी मनहरा नगरपालिका-७ मूलपानीस्थित ४० वर्षीय श्यामसुन्दर श्रेष्ठको घरमा तास खेलाइरहेका श्रेष्ठलगायत ७ जनालाई ३ बुक तास र नगद १८ हजार ७ सय रुपियाँसहित शनिबार प्रहरीले पक्राउ गरेको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाइएको छ।

### राप्रपा बजेटको पक्षमा

काठमाडौं, (नेस)

राष्ट्रिय प्रजातन्त्र पार्टीले सरकारको नीति तथा बजेटका पक्षमा मतदान गर्ने भएको छ।

पार्टीका अध्यक्ष कमल थापाको अध्यक्षतामा आइतबार बसेको संसदीय दलको बैठकले यही असार २९ गते व्यवस्थापिका संसद्मा सो विषयमा हुने मतदान प्रक्रियाका पक्षमा मतदान गर्ने निर्णय गरेको हो।

## सिटी सेन्टरमा आगलागी

काठमाडौं, (नेस)

सिटी सेन्टरको बिग मुभिजमा आगजनी भएको छ। दमकलको सहयोगमा आगो नियन्त्रणमा लिइएको छ। ३ वटामध्ये एउटामा आगजलागी भएको काठमाडौं दमकल कार्यालयले जनाएको छ। इलेक्ट्रिक सर्ट भएर आगलागी हुँदा नियन्त्रण लिन करिब २ घण्टा लागेको थियो।

अग्लो हल भएकाले केही समस्या भएको बताउँदै दमकल कार्यालय प्रमुख किशोर भट्टराईले आगलागीबाट हलको केही भागमा क्षति पुगेको बताउनुभयो। आगलागीपछि हल सुचारु भएको छ। आगलागी हुँदा सो हलमा स्पाइडर म्यान चलचित्र प्रदर्शन भइरहेको थियो।

# 'काठमाडौंको माटो नै परिवर्तन नगरे केही वर्षमा डेंगुमय'

नेपाल समाचारपत्र

काठमाडौं

जिल्ला जनस्वास्थ्य कार्यालयले सम्भावित महामारी रोगको जोखिम न्युनीकरणका लागि आवश्यक तयारी भएको बताएको छ। टाइफाइडका लागि काठमाडौं विश्वकै क्यापिटल सिटीको रूपमा चिनिनु नराम्रो कुरा हो। सरुवा रोगबाट बच्नका लागि आवश्यक औषधि तथा रेपिड रेस्पोन्स टिम (आरआरटी) तयारी अवस्थामा रहेको जनाएको छ।

स्वास्थ्य मन्त्रालय राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रको सहयोगमा जिल्ला जनस्वास्थ्य कार्यालय काठमाडौं र सञ्जीवनी हेल्थ मिडिया प्रालिद्वारा आइतबार आयोजित पत्रकार अन्तरक्रिया कार्यक्रममा काठमाडौंका जनस्वास्थ्य प्रमुख महेन्द्रप्रसाद श्रेष्ठले सो जानकारी दिनुभएको हो।

श्रेष्ठले महामारीजन्य रोगहरु धेरै खालका हुने भन्दै उपत्यकामा झाडापखाला र हैजा रोगको जोखिम अरूभन्दा बढी भएको बताउनुभयो। उहाँले आफूहरु झाडापखाला र हैजा तथा अन्य सरुवा रोगको जोखिम न्यूनीकरणमा क्रियाशील रहेको बताउनुभयो। सरुवा रोगको मूल कारण मानिस, पानी, हात, झिँगा, खाना र काँचो सलाद नपखाली खानाले सरुवा रोग फैलिन्छ। काठमाडौं यतिबेला पानीविहीन प्रदूषित शहरका रूपमा परिणत भइसकेको छ। सरकारले पानी र स्वास्थ्यका प्राथमिकतामा पार्नुपर्ने कुरामा जोड दिनुभयो। काठमाडौंमा बगिरहेको खोलाभित्र र बाहिरको माटोसमेत प्रदूषित भएकाले माटो नै परिवर्तन नगर्ने हो भने केही वर्षमा डेंगुमय हुन्छ। यतिमात्र नभई जिका भाइरसको सम्भावना काठमाडौंमा बढ्दो रहेको पनि बताउनुभयो।

कार्यक्रममा बोल्दै शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालका वरिष्ठ सरुवा रोग विशेषज्ञ तथा क्लिनिकल रिसर्च युनिटका संयोजक डा. शेरबहादुर पुनले उपत्यका महामारीजन्य रोगको उच्च जोखिम रहेको बताउनुभयो। उहाँले जुलाईदेखि सेप्टेम्बरसम्म हैजाका बिरामी बढी मात्रामा देखिने हुनाले पानी उमालेर खाएमा हैजा, झाडापखाला र आउ न्यून हुने बताउनुभयो। विगत ५ वर्षको तुलनामा गतवर्ष

## हैजाको कारण जारको पानी

काठमाडौंमा झाडापखालाका बिरामी काठमाडौंमा धेरै देखापरेको थियो। अब यसको कारण पत्ता लगाउन हैजाको प्रकृतिका बारेमा अनुसन्धान गर्नु जरुरी भएको बताउनुभयो। उहाँले रोगीको संख्यालाई टेकु अस्पतालमा मात्र हेरेर हुन्न पुरा काठमाडौंका निजी अस्पतालको पनि हेनुपर्छ भन्नुभयो। नेपालमा पानीकै कारण हैजा, आउँ र झाडापखाला फैलिएको छ।

अझ काठमाडौंमा वितरण हुने कतिपय ठाउँका जारका पानीकै कारण हैजा फैलिएको पाइएको छ। जारको पानी भन्दै ट्यांकरबाट ल्याएको पानी सीधै जारमा खन्याएर खाने गरेका कारण बिरामीहरु अस्पताल भर्ना हुने गरेको र पुन: अस्पतालमा निको भएर घर जान्छन् अनि फेरी झाडा-पखाला, आउँ लिएर आउने गरेको बताइएको छ। 'अस्पतालमा तातोपानी र औषधि खान्छन् घर गएपछि जानाजान हैजाको जीवाणु मिसिएको पानी नउमाली खान्छन् र पुन: फर्कन्छन्' -डा. पुन भन्नुहुन्छ। पानी उमालेर खाादा स्वाद हुन्न भन्दै रोगका किटाणु सीधै घटाघट पिउने गरेका कारण वर्षेनि बिरामी बढ्ने गरेको उहाँ दाबी गर्नुहुन्छ।

नेपालमा हैजा फैलाउने मूल कारण जारको पानी भएको काठमाडौं जनस्वास्थ्यले गरेको एक अनुसन्धानले पत्ता लगाएको छ। खानेपानीले जिम्मेवारी लिनुपर्ने अवस्थामा जनस्वास्थ्यको थाप्लोमा दोष थोपरेर पन्छिनुभन्दा पनि अनुसन्धान गरी गलत काम गर्नेलाई कारबाही गर्नु जरुरी भएको डा. पुनले बताउनुभयो। नेपालमा अनुसन्धान गरेर रोग पत्ता लगाएर औषधि दिनु नै उपचारको आधार हुनुपर्नेमा नेपालमा कुनै अनुसन्धान नै नहुने र अनुमानमा औषधि चलाउने कारणले पनि कतिपय अवस्थामा अकालमा बिरामीको ज्यान जाने गरेको उहाँको भनाइ रहेको छ। ल्याबको क्षमता बृद्धि गरी अनुसन्धानमा जोड दिनुपर्ने डा. पुनको ठम्याई छ।

काठमाडौं महानगरपालिकाका स्वास्थ्य महाशाखा प्रमुख हरिकुमार श्रेष्ठले महानगर सरुवा रोगको जोखिममा रहेको भन्दै सम्भावित महामारी रोक्न विभिन्न निकायसँग सहकार्य गरेको बताउनुभयो। उहाँले स्वास्थ्य खानेपानी, शिक्षा, कृषि, वातावरणलगायतका मन्त्रालयसँग सहकार्य गरी अघि बढेको बताउनुभयो।

कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालय काठमाडौंका फोकल पर्सन ध्रुव अधिकारीले जिल्लाले गरेको तयारी यथोचित रहेको बताउनुभयो।

# 'आमसञ्चार नीति' बारे छलफल

नेपाल समाचारपत्र

काठमाडौं

आमसञ्चार तथा पत्रकारिता क्षेत्रलाई व्यवस्थित गर्न ल्याइएको 'आमसञ्चार नीति' जतिसक्दो चाँडो कार्यान्वयन गर्नुपर्नेमा जोड दिइएको छ।

चेतना मिडिया प्रालिद्वारा काठमाडौंमा आयोजित 'आमसञ्चार नीति कार्यान्वयन सम्भावना र चुनौती' विषयको अन्तरक्रियामा वक्ताले सञ्चार क्षेत्रमा देखिएका विकृति र विसंगति रोक्दै व्यवस्थित गर्न सञ्चार नीतिको आधारमा सञ्चार ऐन बनाएर कार्यान्वयन गर्नुपर्ने बताउनुभयो।

राष्ट्रिय सुचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बास्कोटाले संविधानमा सूचनाको हकका विषयमा पर्याप्त व्यवस्था गरिएकाले यसको भरपुर उपयोग गर्न सबैलाई आग्रह गर्नुभयो। उहाँले अब सूचनाको हक विषयलाई विद्यालयको पाठ्यक्रममा समावेश गर्ने तयारी भइरहेको जानकारी दिनुभयो।

उहााले कक्षा ८ को पाठ्यक्रममा सूचनाको हक विषयलाई ऐच्छिक विषयका रूपमा समावेश गर्ने गृहकार्य भइरहेको उल्लेख गर्नुभयो। उहाँले नेपालको संविधानमा सूचनाको हकको व्यवस्था भए पनि कतिपय नीति नियमका कारण कार्यान्वयन पक्ष प्रभावकारी हुन नसकेको बताउनुभयो। अझै पनि अतिगोप्य तथा गोप्य सूचनाको नाममा सूचना लुकाउने परिपाटी कायमै रहेको भन्दै यो गैरकानुनी कामको अन्त्य नभएसम्म आमनागरिकको पूर्णरूपमा सूचना पाउने हक प्रतिस्थापन हुन नसक्ने उल्लेख गर्नुभयो।

कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष डा. महेन्द्र विष्टले अहिले पत्रकारिताको प्रभाव दूरदराजसम्म फैलन सकेको चर्चा गर्दै जनता मिडियासँग जोडिने अवस्था तीव्ररूपमा विकास भइरहेको बताउनुभयो।

अध्यक्ष डा. विष्टले समाचार कक्षमा पनि एक प्रकारको समावेशिता र सहभागिताको जरुरी रहेको भन्दै नयाँ आमसञ्चार नीतिले त्यसलाई मिलाएर लैजाने बताउनुभयो। एउटै व्यक्तिको हातमा सबै खालका मिडिया रहने व्यवस्थाको अन्त्य हुनुपर्ने कुरामा जोड दिँदै यसलाई निरुत्साहित गर्नुपर्ने अबको आवश्यकता भएको बताउनुभयो। न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष पोषण केसीले हरेक सञ्चारमाध्याममा न्यूनतम पारिश्रमिक ऐन लागू गर्न आफ्नो प्रयास जारी रहेको बताउननुभयो। कतिपय अवस्थामा जागिर बचाउनका लागि पत्रकार स्वयंले ऐनबमोजिमको तलब नपाए पनि पाएको भन्ने गलत सूचना तथा कागजात पेस गरिदिँदा ऐन पूर्ण कार्यान्वयनमा समस्या परिरहेको बताउनुभयो।

उहाँले सरकारी र निजी सञ्चारमाध्यममा कार्यरत सञ्चारकर्मी तथा पत्रकारले 'हामीले न्यूनतम पारिश्रमिक पाएका छैनौं' भनेर गुनासो नगर्दा अध्ययन/अनुसन्धानका लागि समस्या भएको बताउनुभयो। कार्यक्रममा सूचना तथा सञ्चार मन्त्रालयका शाखा अधिकृत गणेश पोखरेलले सरकार सूचना दिन हरदम तयार रहेको र सूचना माग्ने बानीको विकास गर्न सबैलाई आग्रह गर्नुभयो।

## महालक्ष्मी विद्यालयको पूर्वविद्यार्थी समितिमा थापा

ललितपुर, (नेस)

श्रीमहालक्ष्मी माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थी प्रवेशिका परीक्षामा सहभागी भएको ५० वर्ष पुगेको उपलक्ष्यमा सहभागी पूर्वविद्यार्थीको भेलाले हरिरमण थापाको अध्यक्षतामा ११ सदस्यीय नयाा कार्यसमिति गठन गरेको छ।

एसोसिएसनका उपाध्यक्षमा नरबहादुर महर्जन, सचिवमा सुरजसिंह थापा, कोषाध्यक्षमा रीता श्रेष्ठ, सहसचिवमा प्रह्लाद विष्ट तथा सदस्यमा देवेन्द्रदेव श्रेष्ठ, दीपककुमार श्रेष्ठ, शोभा श्रेष्ठ, श्रीभक्त बस्नेत, कमला श्रेष्ठ र रविना श्रेष्ठ रहनुभएको छ।

एसोसिएसनका सल्लाहकारमा पूर्वविद्यार्थीमध्येकै राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा. चम्पक पोखरेल, समाजशास्त्री डा. मदनराज विष्ट र नयनाथ पौडेल रहनुभएको छ। वि.सं. २००४ मा प्राथमिक विद्यालयका रूपमा स्थापित सो विद्यालय २०२३ सालमा मावि भई प्रवेशिका परीक्षामा सहभागी हुँदै आएको थियो।



गुरुपूर्णिमाको अवसरमा ज्यापु संस्कृति विकास कोषको आयोजनामा आइतबार सामूहिकरूपमा पूजा गरिएका गुरुहरू। तस्वीर : नेस

## बालबालिकालाई खीर

काठमाडौं, (नेस)

दुग्ध विकास संस्थान (डीडीसी) को ४९औं वार्षिकोत्सवको अवसरमा संस्थानले शनिबार १ सय २० जना बालबालिकालाई खीर खुवाएको छ।

शुक्रबारबाट सप्ताहव्यापीरूपमा विभिन्न कार्यक्रमको आयोजना गरिरहेको संस्थानले शनिबार सामाजिक उत्तरदायित्वअन्तर्गत काठमाडौं सिफलमा अवस्थित नेपाल बाल संगठन बाल मन्दिरमा रहेका १ सय २० जना बालबालिकालाई दुग्धजन्य परिकार खुवाएको हो। साथै उक्त बालमन्दिरका लागि खाना पकाउन आवश्यक भाँडाकुँडासमेत डीडीसीका महाप्रबन्धक गंगा तिम्सिनाले सोही अवसरमा हस्तान्तरण गरेका छन्।

वार्षिकोत्सवको अवसरमा शुक्रबार संस्थानले काठमाडौंसहित विराटनगर, जनकपुर, हेटौंडा, बुटवल, कोहलपुर र धनगढीलगायतका शाखा कार्यालयहरुमा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो। यसै अवसरमा संस्थानले असार २६ गते सिन्धुपाल्चोकको भोटेचौरमा रहेका १५ वटा दुग्ध सहकारी संस्थाहरुका लागि क्यान वितरण गर्ने बताएको छ। संस्थानले भूकम्प प्रभावित जिल्लाहरुमा रहेका दूग्ध सहकारी संस्थाहरुलाई समेत क्यान वितरण गर्न लागेको संस्थाका प्रशासकीय अधिकृत दीपक सुवेदीले बताए।

सिनेमा कर्नर

TODAY'S MOVIES
Tubelight 8:20, 11:20 2:20, 5:20
रातो घर 8:20, 11:20 2:20, 5:20
Raabta 8:20, 11:20 2:20, 5:20
Kidnap 8:20, 11:20 2:20, 5:20
तारेभिर 8:20, 11:20 2:20, 5:20
लाल्टीन 8:20, 11:20 2:20, 5:20
पर्व 8:20, 11:20 2:20, 5:20

Gopi Krishna Movies
Dolby Dogital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Comer
Coffee Joints
Rhythm Room
In-Theatre Advertising




Booking: 4812393/4812409

Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल

Guest in London
तारेभिर
धनपति
लाल्टिन
ताकतवर
मन्दीरा
रातो घर




Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौं, फोन नं. ९८५१०३०४६२, ९८४१६८०२०६




माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : सुख-सन्तोष, कार्यसिद्धि, शारीरिक स्वस्थता, मन प्रफुल्लित।
**वृष** : राज्यभय, मान-प्रतिष्ठामा आँच आउने, तनाव बढ्नेछ।
**मिथुन** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा-व्यवधान।
**कर्कट** : धनलाभ, सम्मान, इज्जत-प्रतिष्ठा बढ्ने, समस्या समाधान।
**सिंह** : आर्थिक लाभ, प्रतिस्पर्धा वा परीक्षा, खेलकुद आदिमा विजय।
**कन्या** : बाथजन्य रोगको भय, कार्य असफल, शोक-सन्ताप।
**तुला** : पेट गडबड, विवाद, निरर्थक घुमफिर, दिनचर्या अस्तव्यस्त।
**वृश्चिक** : आर्थिक लाभ, पढाइ, जागिर, व्यापार आदिमा सफलता।
**धनु** : धनहानि, व्यर्थको खर्च, मन चञ्चल, आँखामा समस्या होला।
**मकर** : उपहार आदिको प्राप्ति, भाग्योदय, कार्यसफल, धनलाभ।
**कुम्भ** : आर्थिक नोक्सानी, दुर्घटनाको भय, विवाद, निरर्थक खर्च।
**मीन** : द्रव्यलाभ, विविध सेवा वा वस्तुको प्राप्ति, उत्तम भोजन प्राप्ति।

# नेपाल

बढ्दो दुर्घटनालाई नियन्त्रण गर्न पश्चिम क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय बुटवलले आइतबारदेखि सवारीसाधनको गति सीमित राखौं, बचौं र बचाऔं भन्ने एकमहिने जनचेतनामूलक कार्यक्रम शुरु गरेको छ।

## स्मृति उद्यान निर्माण शुरू

**सन्तोष अधिकारी, गोरखा**

२०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्पको केन्द्र बिन्दु बारपाकमा भूकम्प स्मृति उद्यानको निर्माण शुरू भएको छ। गोरखा भूकम्पमा परी ज्यान गुमाएकाहरूको स्मृतिमा बारपाकमा भूकम्प स्मृति उद्यान र मृतकहरूको नामावलीसहितको भूकम्प स्तम्भको निर्माणको काम शुरू भएको हो।




गत वर्ष वैशाख १२ मा राष्ट्रपति विद्यादेवी भण्डारीले बारपाक पुगेर उद्यानको शिलान्यास गरेकी थिइन्। स्तम्भ निर्माण र अन्य पूर्वाधारहरू निर्माण गर्ने गरी काम शुरू भएको हो। उद्यान करिब २ सय २० रोपनी क्षेत्रफलमा रहेको शहरी विकास तथा भवन डिभिजन कार्यालय गोरखाका प्रमुख इन्जिनियर रोशन श्रेष्ठले जानकारी दिए। भूकम्प स्मृति उद्यान रहने क्षेत्रलाई तारबार तथा घेराबन्दी गर्नका लागि २ करोड रुपियाँ विनियोजन भएर आइसकेको श्रेष्ठले जानकारी दिए।

'यस पार्कलाई घेराबन्दी गर्नेकाम शुरू भइसकेको छ', श्रेष्ठ भन्छन्, 'कामको पहिलो चरणमा घेराबन्दीका लागि टेन्डर आह्वान गरेर काम अघिबढाइयो।' त्यस्तै भूकम्पले ध्वस्त पारेको बारपाकको करिब ३० घर रहेको दलित बस्तीलाई भूकम्प लाइभ म्युजियम बनाइने भएको छ। यहाँका भूकम्पपीडितहरू अहिले अन्यत्रै बस्दै आएका छन्।

पोखरी, स्नान स्नान, कौंजे, स्यागे गाउँका केही घरहरू स्थानान्तरण नै गर्नुपर्ने अवस्थामा छ। यी बस्तीहरू भूकम्पले चिराचिरा बनाएका छन् भने पहिरोको उत्तिकै जोखिममा रहेका छन्। प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले जोखिममा रहेका बस्तीहरू स्थानान्तरण गर्नेबारे जिल्ला दवी प्रकोप उद्धार समितिमा छलफल अघि बढाइएको बताए। भूकम्प स्मृति पार्कमा भूकम्प गएका बेलामा भएका घटनाहरू झल्कने सबै खालका संरचनाहरू समेत निर्माण हुने बताइएको छ।

## सत्ताको दुरुपयोग गरेको ओलीको आरोप

भद्रपुर, (नेस)

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले एमाले विजय नजिक रहेका कतिपय स्थानीय तहमा माओवादी र कांग्रेसले बखेडा झिकेर मतगणना प्रभावित पारिरहेको आरोप लगाएका छन्।

निर्वाचन आचारसंहिताको व्यापक उल्लंघन गर्दै तथा सत्ताको चरम दुरुपयोग गर्दै कांग्रेस माओवादीले स्थानीय तह निर्वाचन प्रभावित पारिरहे पनि यस्तो हर्कत एमालेका सामुन्ने केवल माकुराको जालोजस्तै रहेको उनको टिप्पणी छ। पूर्वप्रधानमन्त्री ओलीले वर्तमान सरकार नेपाली संसद्को उत्पादन नभएको र प्रधानमन्त्री शेरबहादर देउवा नेतृत्वको सरकारलाई नालायक गठबन्धनको संज्ञा पनि दिएका छन्।

स्थानीय तह निर्वाचनमा नेकपा एमालेका तर्फबाट नवनिर्वाचित जनप्रतिनिधिलाई गृहजिल्ला झापाको बिर्तामोडमा बधाई तथा शुभकामना दिन आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष ओलीले अहिलेको सरकार लोभीपापीहरूको आपराधिक गठबन्धन भएको आरोप पनि लगाएका छन्।

अध्यक्ष ओलीले स्थानीय तहको निर्वाचनमा एमालेले अग्रता लिएका ठाउँमा मात्रै कांग्रेस, माओवादीलगायतका दलले मतगणनामा अवरोध पुर्‍याएको जिकिर गरे। मतगणना गर्ने कर्मचारी फेरे पनि, सय पटक गणना गरे पनि ती स्थानमा एमाले नै अगाडि हुने उनको भनाइ छ। भरतपुरको मतगणनाको परिणाम करिब दुई महिना बित्दासम्म आउन नसकेको भन्दै अध्यक्ष ओलीले चिन्ता पनि व्यक्त गरेका छन्।

कार्यक्रममा बोल्दै एमालेका केन्द्रीय सचिव प्रदीप ज्ञवालीले एमालेको उर्वर भूमि झापामा अपेक्षाकृत नतिजा आउन नसकेकोमा दुःख व्यक्त गर्दै स्थानीय तहको चुनावमा सारा प्रतिकूलताका बीच मुलुकको पहिलो शक्तिका रूपमा एमाले स्थापित भएको धारणा राखेका छन्।

## यातायात सञ्चालनमा समस्या

**दीपेन्द्र शर्मा, जाजरकोट**




जिल्लाको विभिन्न ग्रामीण सडकहरूको स्तरोन्नति नहुँदा यातायात सञ्चालनमा समस्या भएको छ। सडगको मर्मत सुधार नहुँदा जोखिमपूर्ण यातायात सञ्चालन भइरहेका छन्। पश्चिमको छेडा थलह सडक सञ्चालनमा साघुँरो तथा कच्ची सडक भएकाले स्थानीय बासिन्दालाई सास्ती भएको छ। दैनिक यात्रा गर्ने स्थानीय बासिन्दाहरू चढेको गाडीबाट झर्दै गाडीलाई बल लगाएर धकेल्ने गरेका छन्। योजना सम्पन्न गर्दा हतारहतारमा काम सम्पन्न गर्ने तथा गुणस्तरीय बाटो बनाउन नसक्दा उक्त सडकमा यातायात सञ्चालनमा समस्या आउने गरेको हो।

सडक विभाग र जिल्ला विकास समिति जाजरकोटले निर्माण गरेका सडकहरू गुणस्तरीय नभएकाले गाडी गुड्न लायक नहुँदा जोखिम मोलेर भए पनि यातायात सञ्चालन भइरहेका छन्। निर्माण गरिएका सडकहरू पनि राम्रो नहुँदानहुँदै यातायात सञ्चालन गरिएका छन्। जिल्लाका पश्चिमका ४ वटा गाउँपालिका तथा नगरपालिकाका स्थानीय बासिन्दालाई दैनिक आवतजावत र दैनिक उपभोग्य वस्तुको आपूर्ति गर्न समस्या भएको छ। राम्रो र फराकिलो सडक नहुँदा विकास निर्माणको कामसमेत प्रभावित बनेको छ। साँघुरो बाटोका कारण गाउँमा विभिन्न कामहरू सञ्चालन गर्दा सामान ढुवानीमा समेत समस्या हुने गरेको कुशे गाउँपालिका-३ नीमबहादुर नेपालीले बताए। 'सडक सञ्जाल पुगेको ठाउँसम्म राम्रोसँग सामानहरू पुर्‍याउन सकिँदैन, यसले गर्दा समयमा काम हुँदैन, बाटोले गर्दा काम प्रभावित हुने गरेको छ' -उनले भने। बाटोका कारण विकास निर्माणका कामहरू गर्दा तथा विद्यालयका भवन निर्माण गर्दा स्थानीयलाई सामान ढुवानीमा समस्या हुने गरेको नेपालीले बताए। अनुमति नपाएका तथा कच्ची बाटोमा यातायात व्यवसायीले मनपरि सवारीसाधन चलाउने गरेको र यात्रा गर्नेहरू पनि जोखिमपूर्ण थात्रा गर्न बाध्य भएको उनको भनाइ छ।

खनिएका सडकहरू समयमा मर्मत सुधार तथा स्तरोन्नति नहुँदा दुर्गमका बिरामीलाई सजिलै औषधि उपचार गर्ने ठाउँमा पुर्‍याउन निकै कठिन भएको जुनिचादे गाउँपालिका-६ का चन्द्रबहादुर बस्नेतले बताए। सुविधा नहुँदा बिरामीलाई उपचारका लागि डोकोमा बोकेर सदरमुकामलगायतका ठाउँहरूमा पुर्‍याउनुपर्ने बाध्यता रहेको उनले बताए।

प्रत्येक वर्षको जेठ मसान्तसम्म सुचारु हुने सडक खण्डमा वर्षाको समयमा ४ महिना यातायात अवरुद्ध हुने गरेको छ। सडक अवरुद्ध भएपछि यातायात सञ्चालन नहुँदा सदरमुकाम खलगा तथा नेपालगन्ज, सुर्खेतलगाएका ठाउँमा जानलाई यात्रा गर्न निकै समस्या भएको छेडागाड नगरपालिका-१२ का चन्द्रप्रकाश खत्रीले बताए। 'समयमा सडकको स्तरोन्नति नहुँदा यात्रा गर्न हामीलाई समस्या हुन्छ, यो सडक भनेको पानी पर्नेबित्तिकै अबरुद्ध हुन्छ' -केसीले भने। नेपालगन्ज, सुर्खेतलगाएका ठाउँमा जानका लागि मनघाट खाराबाट हिँडेर राताचौर पुग्नुपर्ने बाध्यता भएको केसीले बताए।

## दुई दिनदेखि विद्युत् सेवा अवरुद्ध

डोटी, (नेस)

शनिबार बिहानदेखि सुदूरपश्चिमका पहाडी जिल्लामा विद्युत् सेवा अवरुद्ध भएको छ। डोटी तथा कैलालीको सीमा क्षेत्र सहजपुरमा रहेको विद्युत् हाइटेन्सनको टावरमा रहेका डिप तथा टिप पन्चर भएका कारण यहाँका पहाडी जिल्लाहरू डडेल्धुरा, बैतडी, अछाम, बझाङ तथा डोटीमा विद्युत् सेवा अवरुद्ध भएको हो। पन्चर भएका डिप तथा टिपहरू सुचारुका लागि शनिबार बिहानदेखि कर्मचारी खटिए पनि वर्षाले सुचारु गर्न नसकिएको डोटी साना जलविद्युत् कार्यालय दिपायलका प्रमुख ललितनारायण चौधरीले बताउनुभयो।

उहाँले भन्नुभयो- 'पन्चर भएका डिप तथा टिपहरू सुचारुका लागि कर्मचारी खटिएका छन्, मौसमले साथ नदिँदा सुचारु गर्न सकिएको छैन्।' विद्युत् सेवा अवरुद्ध हुँदा यहाँका पहाडी जिल्लाहरू अन्धकार भएका छन्। विद्युत् सेवा अवरुद्ध हुँदा यहाँका कल कारखाना, उद्योग तथा एफएम रेडियोहरू पूर्ण रूपमा बन्द भएका छन्। त्यस्तै विद्युत् नहुँदा फ्रिज चल्न बन्द भएपछि अस्पतालमा राखिएका भ्याक्सिन एक्सपायर हुने अवस्थामा पुगेको छ।

## हत्याको विरोधमा जुलुस, प्रहरीसँग झडप

**दुर्गाप्रसाद शर्मा, पर्वत**

पर्वतको कुश्मा नगरपालिका-१ पाङ घर भएका शिक्षक नारायण पौडेलको मृत्यु हत्याका कारण भएको भन्दै आफन्तले शवयात्रासहित विरोध जुलुस निकालेका छन्। मृतक पौडेलको शवलाई काठमाडौंमा डीएनए परीक्षण र पोस्टमार्टम गरी सदरमुकाम ल्याइएपछि आफन्तहरूले पौडेलको हत्या नै भएको भन्दै दोषीलाई कारबाहीको माग गरेर विरोध जुलुस निकालेका हुन्। जिल्ला प्रहरी कार्यालयबाट शुरू भएको जुलुसले कुस्माबजार परिक्रमा गरेको थियो। जुलुसमा सहभागीले 'हत्यारालाई कार बाही गर' शिक्षक पौडेलले पढाउने आइबल बोर्डिङ' खारेज गर' लगायतका नारा लगाएका थिए। जिल्ला प्रहरी कार्यालय अगाडि सडक अवरोध गर्ने क्रममा केहीबेर दोहोरो हानाहान पनि भएको थियो। उनीहरू पौडेलको हत्या नै भएको भन्दै घटनाको राम्रोसँग अनुसन्धान गर्न र दोषीलाई कारबाहीका लागि दबाब स्वरूप आन्दोलन नै गरिएको बताएका छन्।

पोस्टमार्टम रिपोर्टमा 'घाँटीमा



लागेको चोटका कारण मृत्यु भएको' भन्ने देखिएपछि मृत्यु शंकास्पद देखिएको भन्दै प्रहरीले अनुसन्धान गरिरहेको छ। जिल्ला प्रहरी कार्यालय पर्वतका प्रमुख प्रहरी नायब उपरीक्षक शेखर खनालले घटनाको अनुसन्धान भइरहेको बताउनुभयो। 'पोस्टमार्टम रिपोर्ट आएपछि घटना शंकास्पद देखिएकाले अनुसन्धान भइरहेको छ', उहाँले भन्नुभयो- 'घटनाको अनुसन्धान गरी यर्थाथ बाहिर ल्याउने र दोषी भेटिएमा कारबाही हुन्छ।' विद्यालयका प्रिन्सिपल विमल पौडेल, अभिभावक देउकुमार श्रेष्ठ र चन्द्रमान प्रधानलाई बिहीबार साँझ नियन्त्रणमा लिएर अनुसन्धान थालेको प्रहरीले जनाएको छ। उनीहरू तीनै जनालाई प्रहरीले शुक्रबार सात दिनको म्याद थपेको छ।

पर्वतका कुश्मा नगरपालिका -९ कटुवाचौपारीस्थित आइबल एकेडेमीका शिक्षक पौडेल जेठ २५ देखि बेपत्ता थिए। दुई सातापछि बागलुङको जैमिनी नगरपालिकाअन्तर्गत कालीगण्डकी नदी किनारमा शव भेटिएको थियो। कुश्मा-१ पाङ घर भएका २० वर्षीय पौडेल कुश्मा-५ मेलमिलापचोकमा डेरा लिएर बस्दै आएका थिए। विद्यालयमा विद्यार्थीलाई कडा सजाय दिएको गुनासो आएपछि पौडेललाई माफी माग्न आग्रह गरिएको र उक्त दिनपछि नारायण विद्यालय जानसमेत छाड्नुभएको थियो। पौडेल बेपत्ता भएपछि उहाँ बस्ने कोठामा खाना पकाउने तयारी र लुगा धुनका लागि भिजाएको भेटिएको प्रहरीले जनाएको थियो।

## आधारभुत पत्रकारिता तालिम सञ्चालन

खोटाङ, (नेस)

खोटाङ सदरमुकाम दिक्तेलमा आधारभुत पत्रकारिता तालिम सञ्चालन गरिएको छ। दक्ष र नयाँ पत्रकार उत्पादनका लागि दिक्तेलको भवनगैरास्थित श्रेष्ठ होटलमा आधारभुत पत्रकारिता तालिम आयोजना गरिएको हो।

शनिबार र आइतबार सञ्चालन गरिएको तालिममा १९ जना प्रशिक्षार्थीको सहभागिता रहेको थियो। स्थानीय तह कार्यान्वयनमा आएसँगै बढेको सञ्चारमाध्यम र पत्रकारको मागलाई मध्यनजर गर्दै पत्रकारिता तालिम आयोजना गरिएको आयोजक टंक थापाले बताउनुभयो। तालिम सांसद राधा तिम्सिनाको संसदीय विकास कोषको बजेटबाट आयोजना गरिएको हो।

## 'चालकसँग तीन मिनेट'

### पश्चिम क्षेत्रमा सवारी दुर्घटनामा ५ सय ४२ को मृत्यु

**यमलाल भुसाल, बुटवल**

पश्चिम क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय बुटवलले दुर्घटना न्यूनीकरणका लागि चालकसँग तीन मिनेट कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको छ। सवारीसाधनको गति तीव्र गर्ने र अनियन्त्रित ओभरट्र्याक गर्ने कारण दुर्घटना बढेको बताउँदै त्यसलाई निरुत्साहित गर्नका लागि चालकसँग तीन मिनेट कार्यक्रम गर्न लागिएको पश्चिम क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय बुटवलका प्रहरी उपरीक्षक कृष्णहरि शर्माले बताउनुभयो।

उक्त कार्यक्रमअनुसार ट्राफिक प्रहरीले सडकमा सवारीसाधनलाई तीन मिनेट रोक्ने र तीव्र गतिमा सवारीसाधन नचलाउन तथा कन्फिडेन्स नभई ओभरट्र्याक नगर्न तालिम प्रदान गरिने उहाँले जानकारी गराउनुभयो।

पश्चिम क्षेत्रीय ट्राफिक प्रहरी कार्यालयले दिएको तथ्याङ्कअनुसार चालू आर्थिक वर्षको असार २० गतेसम्म सवारी दुर्घटनामा ५ सय ४२ जनाको मृत्यु भएको छ।

दुर्घटनामा परी मृत्यु भएकामध्ये २ सय ३२ जना मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएको छ। त्यसमध्ये अधिकांश दुर्घटना चालकका लापरबाहीले भएको प्रहरीले जनाएको छ। ८७.५ प्रतिशत चालकको लापरबाहीले दुर्घटना भएको तथ्याङ्क प्रहरीले सार्वजनिक गरेको छ।

त्यस्तै १० प्रतिशत यान्त्रिक गडबडीबाट दुर्घटना हुने गरेको छ। प्रहरी उपरीक्षक शर्माले भन्नुभयो- 'चालकलाई सुधार गर्न सकियो भने ९७ प्रतिशत दुर्घटना रोक्न सकिन्छ।' चालकको लापरबाही र यान्त्रिक गडबडीबाट हुने दुर्घटना रोक्न सकिने दुर्घटना भएकाले त्यसलाई रोक्न प्रहरीले प्राथमिकताका साथ उच्च गति र अनियन्त्रित ओभरट्र्याकलाई नियन्त्रण गर्ने अभियान शुरू गरिएको प्रहरी नायब उपरीक्षक अवदेश विष्टले बताउनुभयो।

चालू आर्थिक वर्षको हालसम्म पश्चिम क्षेत्रमा भएका ९ सय ५ दुर्घटनामध्ये ३ सय १८ वटा दुर्घटना तीव्र गतिका कारण भएका छन्। जुन कुल दुर्घटनाको ३५ प्रतिशत हो।

पश्चिमाञ्चलमा क्षेत्रका १६ जिल्लामध्ये सबैभन्दा बढी दुर्घटना नवलपरासी र तनहुँमा हुने गरेका छन्। यी दुई जिल्लाको दुर्घटना घटाउनका लागि प्रहरीले अध्ययन तथा छलफल गरिरहेको जनाएको छ। नवलपरासीको दाउन्नेमा अत्यधिक दुर्घटना हुने र ओभरट्र्याकका कारण अधिकांश दुर्घटना भएकाले दाउन्नेलाई 'नो ओभरट्र्याकिङ रोड बनाउने विषयमा छलफल भइरहेको प्रहरी नायब उपरीक्षक विष्टले बताउनुभयो।

बढ्दो दुर्घटनालाई नियन्त्रण गर्न पश्चिम क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय बुटवलले आइतबारदेखि सवारीसाधनको गति सीमित राखौं, बचौं र बचाऔं भन्ने एकमहिने जनचेतनामूलक कार्यक्रम शुरू गरेको छ।

अभियानको एक समारोहका बीच रूपन्देहीका प्रमुख जिल्ला अधिकारी विनोदप्रकाश सिंहले उद्घाटन गर्दै सवारी दुर्घटनाको अवस्था यस क्षेत्रमा कहालीलाग्दो रहेकाले अभियानले दुर्घटना न्यूनीकरणमा प्रभावकारी भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

अभियानअन्तर्गत पहिलो चरणमा असार मसान्तसम्म सरोकारवालासँग अन्तरक्रिया गर्ने, दोस्रो चरणमा साउनको पहिलो हप्ता पैदलयात्रीलाई सडकको प्रयोगसम्बन्धी जानकारी गराउने, तेस्रो चरणमा साउनको दोस्रो हप्ता बालबालिकालाई दुर्घटनाका बारेमा जानकारी गराउने तथा जनचेतना प्रदान गर्ने र अन्तिम चरणमा साउनको तेस्रो हप्ता युवा अभियान सञ्चालन गर्ने कार्यक्रम रहेका छन्।

कार्यक्रममा अञ्चल प्रहरी प्रमुख दीपक थापा, बुटवल उपमहानगरपालिकाका मेयर शिव सुवेदी, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष महेशमान सिंह, पश्चिम नेपाल बस व्यवसायी संघका अध्यक्ष दधिराम खरेल, पश्चिम क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय बुटवलका प्रमुख कृष्णहरि शर्मा, प्रहरी नायब उपरीक्षक अवदेश विष्टलगायतले दुर्घटना मानवीय चेतना र भावनासँग जोडिएको विषय भएकाले दुर्घटना नियन्त्रणका लागि सिस्टमको विकास गर्नुपर्नेमा जोड दिनुभएको थियो।

## बढ्यो जाम र दुर्घटना

**नेपाल समाचारपत्र**

हेटौंडा

रातको समयमा पहिरो खसेर जनधनको क्षति बढेकाले नारायणगढ-मुग्लिन सडकमा आइतबारदेखि राति आवागमन रोकिएको छ। पहिरो पन्छाउन गएको प्रहरीको भ्यानसहित चार जना पहिरोमा पुरिएपछि सर्बदलीय बैठकले यस्तो विकल्प खोजेको हो।

रातको समयमा खस्दै गरेको पहिरो नदेखिने, अगाडिको भाग सफा भए/नभएको थाहा नहुने र पहिरो खसेमा पन्छाउन कठिन हुने हुँदा राति सवारी रोकिएको हो। रातभर सडकमा लाममा बसेका यात्रु अत्तालिने र पहिरोको जोखिम उच्च हुने भएकाले राति सवारी आवागमन रोकिएको स्थानीय प्रशासनले बताएको छ। रातिको समयमा सडक रोकेर काम गर्नुपर्न देखिएकाले साँझ ६ बजेबाट बिहान ४ बजेसम्म सडक आवागमन रोकिएको हो। गत वर्ष असार १ गतेबाट दिउँसो पनि सवारी सञ्चालन गर्न दिइएको थियो। गत वर्षको हिउँदमा पहिरोको जोखिम र सडक निर्माणमा भएको ढिलाइपछि राजधानी प्रवेश गर्ने नारायणगढ-मुग्लिन सडक-खण्डमा अवरोध आएसँगै पछिल्लो समय मुलुकको बूढो त्रिभुवन राजपथमा सवारी चाप बढेको छ।

पूर्वी नेपालबाट काठमाडौं जाने सवारीले त्रिभुवन राजपथ हुँदै हेटौंडाबाट नौबीसेको बाटो प्रयोग गरेका छन्। नारायणगढबाट मुग्लिन हुँदै काठमाडौं जाँदा १ सय ४६ किलोमिटर दूरी पर्दछ भने नारायणगढबाट हेटौंडा-नौबीसे हुँदै काठमाडौं जाँदा १ सय ८७ किलोमिटर दूरी पर्दछ।

यो दूरी ४१ किलोमिटर बढी हो। जुन एक घण्टाको थप यात्राले सहज पार गर्न सकिन्छ। तर, पूर्वी नेपालबाट आएका सवारीलाई हेटौंडाबाट सोझै काठमाडौं जाँदा १ सय १५ किलोमिटर पर्दछ। हेटौंडा-नारायणगढ-मुग्लिन हुँदै काठमाडौं जाँदा भने २ सय १८ किलोमिटर पर्दछ। यो सडक प्रयोग गरे १ सय ३ किलोमिटर दूरी कम हुन्छ।

नारायणगढबाट काठमाडौं जाने यात्रुका लागि पनि यो सडक सहज छ। तर, त्रिभुवन राजपथ सडक साँघुरो भएकाले ठूला सवारी सञ्चालन कठिन छ। साना सवारीलाई दूरी छोटो पर्दछ।

हेटौंडा-दामन-नौबीसे सडकखण्डमा विगतभन्दा दैनिक दोब्बर बढी संख्यामा सवारीसाधन आवतजावत शुरू भएको छ। नारायणगढ-मुग्लिन सडक निर्माणपछि करिब सुनसान बन्दै आएको त्रिभुवन राजपथ आइतबारदेखि भने गुल्जार देखिन थालेको छ। काठमाडौं प्रवेश गर्ने र काठमाडौंबाट छुट्ने अधिकांश बसलगायत ठूला सवारीसाधनको यो वैकल्पिक मार्गमा परिणत भएको छ। साना सवारीसाधनले हेटौंडाबाट फाखेल वा सिस्नेरी हुँदै काठमाडौं जाने छोटो मार्गलाई वैकल्पिक मार्ग बनाउन थालेका छन्।

मकवानपुरका प्रहरी निरीक्षक नवीनकुमार अधिकारीले साँघुरो बाटो र साना घुम्तीका कारण दश चक्केदेखि माथिका गाडी राजपथको बाटोमा गुड्न रोक लगाइएको बताए। वर्षा शुरू हुनुअघि दैनिक ५ सयदेखि ७ सयसम्म गाडी आवतजावत हुने गरेको थिए।

२०७४, असार
सोमबार
२६

चिसो समयमा प्रयोग गर्नका लागि समन्वय समितिबाट वर्षमा १० वटा ग्यास चुलो खरिद हुने गर्दछन्। तर ती चुलो हरु कार्यालयमा नरहेको र कसले कहाँ लिन्छन् पत्तो हुँदैन। साविकको जिल्ला विकास समिति जुम्लालाई जसरी दुहुन सकिन्छ, त्यसरी खानुपर्छ भन्ने मान्यता बोकेका छन्।

# नेपाल

## स्थानीय विकास अधिकारी आफ्नै कर्मचारीबाट असुरक्षित

नन्दराम जैसी, जुम्ला

जुम्लाका स्थानीय विकास अधिकारी हरिनारायण वेलबासेले जिल्ला समन्वय समितिभित्रका कर्मचारीहरूबाटै आफू असुरक्षित भएको खुलासा गर्नुभएको छ। समन्वय समितिभित्रका केही कर्मचारीको निहित स्वार्थलाई आफूले पूरा गर्न नसकेपछि सहकर्मी कर्मचारीहरूबाटै आफू असुरक्षित भएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो- 'म मातहतका कर्मचारीहरूले जे मुखमा आउँछ त्यो तथानाम गाली गर्ने गर्छन्। म आफ्नै कर्मचारीहरूबाट असुरक्षित भएपछि मेरो दैनिक कार्य सम्पादनमा समस्या भएको छ।'

'समन्वय समितिका कर्मचारीले आफूलाई चाहिएको सामानहरू जुनसुकै पसलबाट लिने अभ्यास थियो, त्यसलाई मैले रोक्न खोज्दा आफू असुरक्षित भएको महसुस भएको छ' -वेलबासेले भन्नुभयो। जुम्लाका विभिन्न पसल, होटलहरूबाट अनावश्यकका बिलहरू आउँदा आफूले रोक्न खोजेको र त्यसको विरुद्धमा समन्वय समितिका केही कर्मचारीहरूबाटै आफूमाथि धम्की



आएको समेत उहाँले गुनासो पोख्नुभयो। 'म आवश्यकबिना खर्च हुने प्रशासनिक खर्च नियन्त्रण गर्न लागेको हुँ, तर विगतदेखि मनपरी गर्दै आएका कर्मचारीको लागि असह्य भएको छ' -उहाँको भनाइ थियो। समन्वय समितिका कर्मचारीहरूले आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्नका लागि अनेक हतकण्डा प्रयोग गरेको उहाँको बुझाइ छ। आफूमाथि पटक-पटक हातपात हुन खोजेको भन्दै उहाँले आफूले प्रयोग गरेको धारा बन्द गर्नेदेखि लिएर क्वार्टरबाट धपाउन खोज्नेजस्ता अनैतिक क्रियाकलाप गरेको स्थानीय विकास अधिकारी वेलबासेले बताउनुभयो। 'आफू मातहतका कर्मचारीबाट विश्वास नभएका कारण सुरक्षा लिएको छु र आफैं खाना पकाएर खाने गरेको छु' -उहाँले भन्नुभयो।

'समन्वय समितिभित्रका उपकरण खरिद र अस्वाभाविक रूपमा तालिमका लागि रकम खर्च भएको हुने गरेको छ। कार्यालयभित्रको खर्च घटाउन खोज्दा आफूमाथि हातपात हुन खोज्यो, आफैं सचेत भएकाले घटना हुन पाएन। कार्यालयभित्र अराजक क्रियाकलाप भएका छन्, यसलाई कम गर्नका लागि रोक्ने प्रयास गरें तर, सम्भव भएन', उहाँले भन्नुभयो- 'ड्रिलिप प्रोजेक्टका मोटरसाइकलहरू व्यक्तिका घरमा काठमाडौंतिर छन्, त्यसको विवरण कर्मचारीलाई देऊ भन्दा कसैले मानेका छैनन्। वैशाख महिनाबाट ड्रिलिप प्रोजेक्ट सकिएको छ र त्यहाँ भएका सामानहरू व्यक्तिको घरमा पुगेका छन्।'

चिसो समयमा प्रयोग गर्नका लागि समन्वय समितिबाट वर्षमा १० वटा ग्यास चुलो खरिद हुने गर्दछन्। तर ती चुलोहरू कार्यालयमा नरहेको र कसले कहाँ लिन्छन् पत्तो हुँदैन। साविकको जिल्ला विकास समिति जुम्लालाई जसरी दुहुन सकिन्छ, त्यसरी खानुपर्छ भन्ने मान्यता बोकेका छन्। त्यसैमा पनि यदि एलडीओले अवरोध गरेमा तह लगाउनुपर्छ भन्ने मान्यता कर्मचारीहरूको रहेको उहाँले बताउनुभयो। आफूले चालेको प्रत्येक कदममा चुनौती रहेको बताउँदै एक्लै चाहेर केही पनि गर्न नसकिने उहाँको तर्क थियो।

## खानेपानी आयोजनालाई रकम अभाव

ज्ञानमणि नेपाल, काभ्रे

०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प अघिसम्म गाउँमा जेनतेन खानेपानी पुगेकै थियो। तर भरपर्दो चाहिँ त्यति बेला पनि थिएन। भूकम्पपछिका दिनहरूमा गाउँमा खानेपानीको यति धेरै समस्या आयो कि गाउँलेहरू बिहान दूध बेच्न जान्थें र फर्कदा त्यही भाँडोमा पानी किनेर ल्याउँथें। अहिले पनि गाउँलेहरू समस्यामै छन्। यहाँ यति बेला प्रतिलिटर २ रुपियाँका दरले पानी किन्नुपर्ने अवस्था छ। पानी नभएकै कारण यहाँ पुनर्निर्माण कार्यको शुरुआत पनि हुन सकेको छैन। केही पीडितहरूले पानी किनेरै घर बनाउन थालेका छन्। यो समस्या हो काभ्रेको मण्डनदेउपुर नगरपालिका-१० स्थित चण्डेनीमण्डनको।

यहाँको माथिल्लो भेगका २ सय ५० परिवारका करिब १५ सय जनसंख्या यति बेला खानेपानीको चरम समस्यामा रहेको छ। यति धेरै समस्या आएपछि स्थानीयबासीहरूले अहिले गाउँमा खानेपानीको निकै नै ठूलो आयोजना निर्माण शुरू गरेका छन्। १ वर्षअघि शुरू भएको यो कार्यको ५० प्रतिशत जति काम सकिएको छ। १ करोड ३० लाख अनुमानित लागतको यो आयोजनाका लागि अहिले करिब आधा रकम नपुग भएपछि झन् समस्या भएको फ्याफुल्ला खानेपानी तथा सरसफाइ आयोजनाका अध्यक्ष कुमार तामाङले बताउनुभयो। उहाँका अनुसार आयोजनाका लागि अब ५० लाख रकम अभाव छ। यसका लागि स्थानीय स्तरमा जनश्रमदान गर्ने र चन्दा उठाउने काम भइरहेको भए पनि त्यतिले मात्र यति ठूलो आयोजना सम्पन्न गर्न कठिन भएको पनि उहाँले जानकारी दिनुभयो।



यो आयोजना सम्पन्न गर्न जिल्ला डिभिजन कार्यालयमा डिभिजन प्रमुख र विभिन्न सहयोगी संस्थाहरूको संयुक्त बैठक बसी गत वर्ष अनुमानित लागत र लाभग्राही जनसंख्याको आँकडा निकालेपछि काम शुरू भएको थियो। जसका लागि सो कार्यालयले ७ लाख ४० हजार सहयोग गर्ने वचन दियो। त्यस्तै शान्ति जनआदर्श सेवा केन्द्र, धुलिखेल र फन्ड बोर्डबाट १५ लाख तथा तत्कालीन जिविस काभ्रेबाट हरित पुनरलाभ कार्यक्रमअन्तर्गत १४ लाख सहयोगको प्रतिबद्धता आयो। त्यस्तै अर्को सामाजिक संस्था कारितास नेपालबाट १५ लाख, गाउँ सामुदायिक समिति चण्डेनीमण्डनबाट ४ लाख सहयोग गरिने सम्झौता पनि भयो।

तत्कालीन चण्डेनीमण्डन गाविसलाई ५ लाख सहयोगका लागि अनुरोध गरिने पनि त्यति बेला नै निर्णय गरिएको थियो। निर्णयअनुसार गाविसले सहयोग पनि गरिसकेको छ। आयोजनाबाट सो क्षेत्रका २ सय ५० परिवारका १५ सय जनसंख्यालाई सेवा पुग्ने र एक घर एक धारा निर्माणको लक्ष्य लिइने बताइएको थियो। यो योजना सम्पन्न भएपछि सबै उपभोक्ताको आय आर्जन वृद्धि भई आयस्तर बढ्ने र योजना जिल्लाकै नमुना बनाउने लक्ष्यका साथ शुरू गरिएको खानेपानी आयोजनाको काम यति बेला चलिरहेको छ। तर सोचेभन्दा धेरै लगानी लाग्ने र त्यति बेला बचन दिएका संस्थाहरूले सहयोग गरे पनि रकम नपुग भएपछि उपभोक्ता समितिलाई काम गर्न समस्या भएको बताइएको छ।

योजना सम्पन्न गर्नका लागि गाउँभन्दा २ किमि तल रहेको पानीको मुहानबाट बिजुली र पम्पसेटको मद्दतले माथि तानेर ३ ठाउँमा अलग अलग ट्यांकी निर्माण गरिनेछ। ज्यामिरे, तीनधारा, धारापानी, सुलिकोट र चण्डेनीथुम्कामा पानी वितरण गरिनेछ। अहिले मुहानसम्म ट्रान्समिटर जडान गर्न र बिजुली तार लैजान स्थानीय बिजुलीको पोल बोकेर लैजान बाध्य छन्।

## बेनी–जोमसोम सडक सुचारु

नेपाल समाचारपत्र
म्याग्दी

कालीगण्डकी नदीमा आएको बहावले कटान गरेपछि बिहीबारदेखि अवरुद्ध बनेको बेनी-जोमसोम सडक शनिबार साँझदेखि खुलेको छ। हिमालपारिको जिल्ला मुस्ताङलाई जोड्ने राष्ट्रिय राजमार्ग बेनी-जोमसोम सडकको अवरुद्ध भीरकाटे खण्डमा मर्मतपछि एकतर्फी रूपमा यातायात सञ्चालनमा आएको हो।

वर्षाका कारण कालीगण्डकी नदीमा आएको बहावले म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६, भीरकाटेमा बेनी-जोमसोम सडकखण्डअन्तर्गतको अन्दाजी ३० मिटर सडक कटान गरेको थियो भने झन्डै १ सय मिटर सडक प्रभावित बनाएको थियो। अवरुद्ध सडक खुलाउनका लागि जिल्लास्थित सुरक्षा निकाय र अन्नपूर्ण गाउँपालिकाले पहल गरेका थिए। उनीहरूको पहलमा सडक विभागको डोजर, दानामा निर्माणाधीन सब-स्टेसनका दुईवटा र घलेम्दीखोला जलविद्युत् आयोजनाको एकवटा ट्रिपर परिचालन गरी सडकको अस्थायी मर्मतपछि एकतर्फी रूपमा खुलाइएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ।

अवरुद्ध सडक खुलाउने क्रममा जनप्रतिनिधि, स्थानीयबासी, प्रहरी, यातायात व्यवसायीलगायतले प्रयास गरेका थिए। डोजरको सहायतामा नदी र सडकको छेउछाउमा ठूल्ठूला ढुंगाहरू राखेर बाँध बानेपछि सडक खुलाइएको म्याग्दीका प्रहरी नायब उपरीक्षक वसुन्धरा खड्काले



बताउनुभयो। सडक सञ्चालनमा आएपछि भीरकाटेमा रोकिएका सानाठूला सबै सवारीसाधनहरू गन्तव्यतर्फ लागेका छन् भने सीधा सडकको सम्बन्धबिच्छेद भएको हिमाली जिल्ला मुस्ताङसँग पुनः सम्बन्ध जोडिएको उहाँले जानकारी दिनुभएको छ।

सडक अवरुद्ध हुँदा यात्रुलाई सास्ती भएको थियो। कालीगण्डकी नदीको कटानले सडक बगाएपछि देशका विभिन्न स्थानमा पुग्ने सवारी तथा यात्रु, उत्तरी म्याग्दीका विभिन्न गाउँका साथै मुस्ताङको मुक्तिनाथ दर्शन गर्न आएका भारतीय तीर्थयात्री, पर्यटक, सर्वसाधारण, यात्रुलगायत भीरकाटे र घारको पोखरेबगरमा अलपत्र परेका थिए।

सडक अवरुद्ध भएपछि खुलाउनका लागि प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेल, प्रनाउ खड्कालगायतको टोलीले घटनास्थल पुगेर सडकको अवस्थाको बारेमा निरीक्षण गरेको थियो। प्रजिअ पौडेलले पश्चिमाञ्चल सडक डिभिजन कार्यालय पोखरालगायत सडक निर्माणमा खटिएको टोली, गाउँपालिका प्रमुख तथा स्थानीयसँग अवरुद्ध सडकको अस्थायी र दीर्घकालीन समाधानका विषयमा छलफलसमेत गर्नुभएको थियो।

## १ क्विन्टल ६० केजी गाँजा बरामद

हेटौंडा, (नेस)

इलाका प्रहरी कार्यालय मनहरीले आइतबार विहान गाँजा बरामद गरेको छ। प्रहरीले १ क्विन्टल ६० केजी गाँजा बरामद गरेको हो। भरिया लगाएर चुरेक्षेत्र हुँदै लैजान लागिएको गाँजा मनहरी-६ स्थित सुनाचुरीबाट बरामद गरिएको हो। सुराकीका आधारमा बाटो ढुकेर बसेको प्रहरीले भारी बोकेर आएका भरियाहरू देख्नासाथ हस्तक्षेप गरेको थियो।

भारी छाडेर भरियाहरू भागेका थिए। प्रहरी देख्नासाथ भारी छाडेर मानिसहरू भागेकाले पक्राउ गर्न नसकिएको इलाका प्रहरी कार्यालय मनहरीका प्रहरी निरीक्षक चित्र घलेले बताए।

## जनजाति महासंघलाई ल्यापटप

हेटौंडा, (नेस)

हेटौंडा उपमहानगरपालिकाले आदिवासी जनजाति महासंघ मकवानपुरलाई २ लाख ६० हजार रुपियाँ बराबरको सामग्री हस्तान्तरण गरेको छ।

महासंघको संस्थागत विकासका लागि नगरपालिकाले सहयोग सामग्री हस्तान्तरण गरेको हो। उपमहागरका सामाजिक विकास महाशाखाका प्रवन्धक भीम तिमल्सिनाले ल्यापटप, टेबुल कुर्सी, प्रोजेक्टर, साउन्ड सिस्टम र फोटोकपी मेसिनलगायत सामग्री हस्तान्तरण गरेका हुन्।

कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् अध्यक्ष तीर्थ थापा, नेपाल मगर युवा संघ जिल्ला अध्यक्ष अशोक सारुमगर, भुजेल समाज सेवा समिति जिल्ला अध्यक्ष ध्रुवबहादुर भुजेल र नेपाल मगर संघ मकवानपुर अध्यक्ष शंकर थापामगरलगायतको उपस्थिति थियो।

### सूची दर्ता गराउने सम्बन्धी सूचना

यस नेपाल अपांग संघ-नेपाल अर्थोपेडिक अस्पताललाई आ.व. २०७४/७५ को लागि तपसिल वमोजिमका सामान तथा सेवाहरू आवश्यक भएकोले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवश्यक कागजात सहित सूचि दर्ताको लागि निवेदन दिनुहुन अनुरोध गरिन्छ।

- मसलन्द तथा छपाई
- फर्निचर तथा फर्निसिङ
- कम्प्युटर, कम्प्युटर पार्टस् तथा सर्भिस
- इलेक्ट्रिकलका सामानहरू
- हार्डवेयर तथा प्लम्बिङ सम्बन्धी सामानहरू
- अक्सिजन तथा अक्सिजनका सामाग्रीहरू
- ल्याव टेस्टका रिएजेन्टहरू
- एक्स-रे फिल्म सामानहरू
- औषधि तथा औषधिजन्य सामाग्रीहरू
- मेडिकल/सर्जिकल उपकरण र सामान
- सर्जिकल इम्प्लान्ट
- लत्ता कपडा
- सरसफाइका सामाग्रीहरू
- मानव संसाधन आपूर्ती
- निमार्ण तथा निमार्ण सम्बन्धि परामर्शदाता कम्पनीहरू

**नेपाल अपांग संघ–नेपाल अर्थोपेडिक अस्पताल**
**खगेन्द्र नवजीवन केन्द्र, जोरपाटी, काठमाडौं**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सुनसरी मोरङ पुल निर्माण आयोजना
इटहरी,सुनसरी

### शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना नं. ०८
(प्रथम पटक प्रकाशित मिति २०७४/०२/२८) मा संशोधन सम्बन्धमा।

१. यस आयोजनावाट मिति २०७४/०२/२८ गते नेपाल समाचार पत्र दैनिकमा प्रकाशित सूचना नं. ०८ विशेष कारणले समयमा हुन नसकी सुचनाको म्याद थप गर्नुपर्ने भएको हुँदा सो सूचना अन्तर्गतको ठेक्का नं. २३, २४, २५ र २६ को सूचनाको म्याद थप गरी वोलपत्र खरिद मिति २०७४/०४/२६ र बोलपत्र दर्ता गर्ने मिति २०७४/०४/२७ गते हुने गरी सूचना संशोधन गरिएको छ।

**आयोजना प्रमुख**

### जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक

**बढुवा सिफारिश सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति: २०७४/०३/२५

स्थानीय स्वायत्त शासन नियमावली (चोथो संशोधन समेत) २०५६ को नियम २२५ ख बमोजिम कार्यसम्पादन तथा अनुभवको मुल्याङ्कनद्धारा गरिने बढुवा सम्बन्धी विशेष व्यवस्थाको प्रयोजनका लागि मिति २०७४/०२/३० गते प्रकाशित सूचना अनुसार तोकिएको म्यादभित्र रितपुर्वक प्राप्त हुन आएका दरखास्तका आधारमा मिति २०७४/०३/२३ गतेको पुदपुर्ति समितिको बैठकको सिफारिश अनुसार देहाय बमोजिम बढुवा गरिएको हुदा नियमावलीको नियम २२६ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स | कर्मचारीको नाम थर | साविक पद | बढुवा गरिएको पद | कैफियत |
|---|---|---|---|---|
| १. | राजेन्द्रप्रसाद बजगाई | सह लेखापाल, सहायकस्तर चौथो | लेखापाल, सहायकस्तर पाचौं | |

**कोमलप्रसाद धमला**
**स्थानिय विकास अधिकारी**

## बनौलीदनौली गाविस खुला दिसामुक्त घोषणा

नेपाल समाचारपत्र
महोत्तरी

महोत्तरी जिल्लाको बनौलीदनौली गाविसलाई खुला दिसामुक्त गाविस घोषणा गरिएको छ। जिल्लाको साविकको बनौलीदनौली गाविस हालको पिपरा गाउँपालिकाको वडा नं. ७ लाई खुला दिसामुक्त घोषणा गरिएको छ।

गाविसस्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति बनौलीदनौलीद्वारा आयोजित खुला दिसामुक्त घोषणा सभा बनौलीदनौली गाविसको वडाप्रमुख तथा भिवासिसीको अध्यक्ष हरिबोल मण्डलको अध्यक्षता, महोत्तरीका खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति महोत्तरीका प्रमुख देवेन्द्रकुमार झाको प्रमुख आतिथ्यता तथा पिपरा गाउँपालिकाका प्रमुख रञ्जिता झा विशिष्ट आतिथ्यतामा सो गाविसलाई खुला दिसामुक्त गाविस घोषणा गरिएको थियो।

यूएन हेबिटेट नेपाल तथा फन्ड बोर्ड काठमाडौंसँगको साझेदारी एवम् रतौली युवा क्लब महोत्तरीको सहजीकरणमा घोषणा सभाको आयोजना गरी पिपरा गाउँपालिकाको वडा नं. ७ मा रहेको ९ सय ६८ घरधुरीमा पूर्ण रूपेन शौचालय निर्माण गराई सो गाविसलाई खुला दिसामुक्त गराउन सफल



भएका छन्।

यूएन हेबिटेट नेपाल तथा फन्ड बोर्ड काठमाडौं एवम् रतौली युवा क्लब महोत्तरीको पहलमा सो गाविसमा चेतना जगाउँदै सयौं नयाँ शौचालय निर्माण गराएर सरसफाइसहितको उचित व्यवस्थापन गराई सो गाविसलाई खुला दिसामुक्त बनाउन सफल भएको हो।

हालको पिपरा गाउँपालिका वडा नं. ७ खुला दिसामुक्त भएकोमा जिल्ला खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिले सो गाविसका सचिव एवं अध्यक्ष हरिबोल मण्डललाई ५० हजार रुपियाँको चेक हस्तान्तरण गर्दै पुरस्कार पनि प्रदान गरेको छ।

सो घोषणा सभालाई खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति महोत्तरीका प्रमुख देवेन्द्रकुमार झा, सहयोगी संस्था यूएन हेबिटेटका जिल्ला संयोजक गोविन्द सुवेदी, सहजीकरण गर्ने संस्था रतौली युवा क्लबका अध्यक्ष वैद्यनाथ चौधरी, पिपरा गाउँपालिकाका प्रमुख रञ्जिता झा, बनौलीदनौली स्वास्थ्य चौकी इन्चार्ज हरेराम साह, भिवाससिसी बनौलीदनौलीका सदस्य सचिव प्रमोद ठाकुर, पत्रकार बैजनाथ चौधरीलगायतकाले सम्बोधन गरेको थियो।

साथै सो गाविसमा खुला दिसा, पिसाब गर्नेमाथि सामाजिक दण्ड, जरिवाना, गाविसबाट प्राप्त हुने सम्पूर्ण सरकारी सेवाबाट वञ्चित र सामाजिक बहिष्करण जस्ता बाटोहरू अपनाएर सो गाविसलाई पूर्ण रूपेन खुला दिसामुक्त बनाउन महत्त्वपूर्ण भूमिका खेलिएको छ।

यता सरकारले सन् २०१७ सम्म नेपाललाई खुला दिसामुक्त देश घोषणा गर्ने विश्व जनसमुदायसँग प्रतिबद्धता जनाएको छ। महोत्तरी जिल्लाको यो २० औं खुला दिसामुक्त गाविस हो।

# विश्व

2017, JULY Monday 10

## लोपोन्मुख



रुसको 'ल्यान्ड अफ द लेपार्ड' नेसनल पार्कले जारी गरेका साइबेरिया स्थित बाघ तथा चितुवाहरूको थुप्रै तस्वीर मध्यको एक। साइबेरियामा लोपोन्मुख प्रजातिमा पर्ने साइबेरियाली चितुवाको संख्या ६ सय रहेको जनाइएको छ।

## सेल्फी



लिबियाको पूर्वी नगर बेंघाजीलाई बर्षौं लामो संघर्षपछि इस्लामिक कट्टरपन्थीबाट मुक्त गराउने क्रममा नगरभित्र प्रवेश गर्नुअगाडि सेल्फी लिइरहेका विशेष बलका सदस्यहरू।

## विश्व २ मिनेट

### कतार

#### क्षतिपूर्ति माग्ने

दोहा, (एजेन्सी)

कतारले खाडी देशहरूले ऊमाथि लगाएको प्रतिबन्ध अनुचित भएको र ती प्रतिबन्धका कारण उसले ब्यहोर्नुपरेको आर्थिक नोक्सानको ती छिमेकीसँग क्षतिपूर्ति माग्ने जनाएको छ। कतारले छिमेकी देशसँग क्षतिपूर्ति माग्ने विषयमा एक समिति पनि गठन गरेको छ। क्षतिपूर्ति माग्नेले यसमा हवाई शुल्कमा भएको वृद्धि पनि समावेश गर्न सकिने कतार सरकारले जनाएको छ। खाडी देशहरूको प्रतिबन्धका कारण एयरलाइन्सले आफ्नो वायुमार्गमा परिवर्तन गर्नुपरेको थियो। यसअघि कतारसमक्ष केही माग राखेका राष्ट्रहरूमध्येका एक सउदी अरेबियाले कतारले माग नमान्नु क्षेत्रीय सुरक्षाका लागि खतरा हुने बताएको थियो।

### भारत

#### न्यायिक जाँच आदेश

कोलकाता, (एजेन्सी)

पश्चिम बंगालको २४ परगना जिल्लामा विगत एक हप्तादेखि जारी साम्प्रदायिक हिंसा तथा तनावको बीचमा मुख्यमन्त्री ममता बनर्जीले विपक्षीहरूमाथि रोक लगाउँदै न्यायिक जाँचको आदेश दिएकी छिन्। सञ्चारमाध्यमले यसअघि समाचार नबनाएको उक्त साम्प्रदायिक हिंसाका बारेमा अहिले घटनाहरू बाहिर आइरहेका छन्। भाजपालगायत विपक्षी दलले राज्य सरकारमाथि सरकारले सांसदहरूलाई दंगाग्रस्त इलाकामा प्रवेश गर्न अनुमति जानीजानी नदिएको आरोप लगाएका छन्। ११ कक्षामा पढ्ने एक विद्यार्थीले इस्लाम धर्ममा पवित्र मानिने काबालाई बिगारेर फेसबुकमा पोस्ट गरेपछि उक्त दंगा भड्केको हो।

### जापान

#### बाढीग्रस्त

टोकियो, (एजेन्सी)

दक्षिणी जापानमा हालै भीषण बाढीका कारण आएको बाढीमा मर्नेको संख्या बढेर पन्ध्र पुगेको सरकारी अधिकारीहरूले बताएका छन्। आपतकालीन उद्धार कार्यमा संलग्न व्यक्तिहरूले अझै हराइरहेको अन्य पन्ध्रजनाको व्यापक खोजी गरिरहेका छन्। नदीहरूका किनार भत्काउँदै बाढीले नजिकका भवनहरू र सडकमा क्षति पुर्‍याएको छ। दक्षिण पश्चिमी क्युसु टापुका विभिन्न भागमा १२ घन्टाको अवधिमा बुधवार ५० सेन्टिमिटरभन्दा बढी पानी परेपछि सो बाढी आएको हो। उद्धारकर्मी अझै बाक्लो हिलोमा जीवित व्यक्ति खोज्दै छन्। सबैभन्दा बाढी प्रभावित क्षेत्र फुकुवोका प्रान्त रहेको छ।

### भारत

#### काश्मिर अस्थिर

श्रीनगर, (एजेन्सी)

मारिएका एकजना लडाकू नेताको वार्षिकीको बेला भारत अधिनस्थ काश्मिरमा सुरक्षा फौज र प्रदर्शनकारीबीच आइतबार भिडन्त शुरू भएको छ। ढुंगामुढा गर्ने प्रदर्शनकारीहरूमाथि सुरक्षा फौजले अश्रुग्यास प्रहार गरेको बताइएको छ। तिनीहरूले गत वर्ष भारतीय सेनाको गोली लागेर मरेका २२ वर्षीय ती नेता बुरहान वानीको घर पनि घेरेको स्थानीय संचार माध्यमले जनाएको छ। त्यसै गरी भरत र पाकिस्तान विभाजित गर्ने नियन्त्रण रेखामा भएको गोली हानाहानमा सातजना व्यक्तिको ज्यान गएको छ। पाकिस्तानी पक्षमा ५ र भारतीय पक्षमा २ जनाको ज्यान गएको बताइएको छ।

## जी २० सम्मेलन

# आश्चर्यजनक सफल भएको ट्रम्पको दाबी



### जलवायु सम्झौतामा अमेरिका एक्लिए

वासिङटन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जी २० सिखर सम्मेलन 'आश्चर्यजनक सफल ' भएको बताए। जलवायु सम्झौताको मुद्दामा सिखर सम्मेलनमा अमेरिका एक्लिएको बाबजुद ट्रम्पले उक्त दाबी गरेका हुन्।

पेरिस जलवायु सम्झौताबाट अमेरिका पछाडि हटेको छ र यसको असर जी २० मा प्रष्ट देखियो। यद्यपि जी २० का अन्य देशले पेरिस सम्झौतामा रहिरहने प्रतिबद्धता व्यक्त गरेका छन्। ह्याम्बर्गमा जलवायु सम्झौतामाथि अमेरिकी नीतिलाई लिएर गतिरोध उत्पन्न भएको थियो।

अन्त्यमा जी २०का सदस्य सम्झौतामा पुग्न सफल रह्यो र शनिबार आधिकारिक रूपमा साझा बयान जारी गर्‍यो। विज्ञप्तीमा अमेरिकाले अन्य देशको इन्धनका लागि स्वच्छ स्रोतको प्रयोगका लागि मद्दत गर्नेछ। बढ्दो विश्वब्यापी तापक्रम वृद्धी रोक्नका लागि पेरिस सम्झौतामा ग्रिन हाउस ग्यासको उत्सर्जन सीमित गर्ने लक्ष्य निर्धारित गरेको छ। संयुक्त विज्ञप्तीमा भनिएको छ- 'हामी अमेरिकाको पेरिस सम्झौताबाट बाहिरीने फैसलालाई स्वीकार गर्छौं।

यद्यपि जी २० शिखर सम्मेलनमा सहभागी नेताहरू यो सम्झौतालाई बदल्न नसकिनेमा सहमत भएका छन्।

ह्याम्बर्गमा जी २० सिखर सम्मेलनको आयोजक रहकी जर्मन चान्सलर एन्जेला मर्केलले जलवायु परिवर्तनको मुद्दामा ट्रम्पको फैसलालाई अहिले पनि निन्दा गर्ने बताइन तर आफू अन्य १९ देश यसमा पुन: वार्ता शुरू गर्ने विषयमा विपक्षमा रहेकोमा खुसी लागेको बताइन्।

टर्कीका राष्ट्रपतिले तयैप एर्डोगानले उनको देश पेरिस सम्झौताको पक्षमा हुन्छ भन्नेमा आशंका रहेको बताए। पेरिस सम्झौताबाट अमेरिका पछाडि हटेको विषयलाई लिएर उनले यसबाट विकासशील देशले पाउने मुआब्जामा ग्रहण लागेको बताए।

राष्ट्रपति एर्डोगानले पेरिस सम्झौतामा आफूले हस्ताक्षर गर्दा त्यतिबेला फ्रान्सले टर्कीले मुआब्जा पाउने प्रतिबद्धता ब्यक्त गरेको बताए। उनले भने- यदि हामीलाई मुआब्जा प्राप्त हुन्छ भने पेरिस जलवायु सम्झौतालाई संसदबाट पास गराइनेछ, होइन भने पास गर्न कठिन हुनेछ। अहिलेसम्म यस सम्झौता अनुमोदन भएको छैन।

ह्याम्बर्ग वार्ताको अन्तिम दिन यस मुद्दामा अमेरिका बाहिरिने ट्रम्पको फैसलालाई स्विकृति दिँदै अन्य देशले आफ्नो प्रतिबद्धतामा कुनै कमी नहुने सहमति गरे।

**ब्यापार मुद्दामा सफलता**

ट्रम्पलाई ब्यापारको मुद्दामा एउटा सफलता हासिल भएको छ। यसमा त्यहाँ उपस्थित देशका नेताहरूले उनलाई बजार संरक्षित राख्न पूरा अधिकार भएकोमा प्रष्ट पारिदिएका छन्।

जर्मनीमा शिखर सम्मेलन समाप्त भएपछि ट्रम्पले जी २० सम्मेलन आश्चर्यजनक रूपमा सफल रहेको र चान्सलर एन्जेला मर्केलले यसलाई राम्रो तरिकाले नतिजामा पुर्‍याएको बताए।

ट्रम्पले उत्तर कोरियाको मुद्दामा चिनियाँ राष्ट्रपति सी जिनपिङसँग कुरा गरे। अमेरिकी राष्ट्रपतिले चिनियाँ राष्ट्रपतिलाई उत्तर कोरियामाथि केही कारवाही हुनुपर्ने बताएका थिए। चिनियाँ राष्ट्रपति सी जिनपिङले आफू कोरियाली प्रायद्विपलाई परमाणु हतियार मुक्त गर्ने पक्षमा रहेको बताए।

ह्याम्बर्गमा नेताहरूले अगग्ग अलग्गै द्विपक्षीय वार्ता गरेका थिए। राष्ट्रपति ट्रम्पले बेलायती प्रधानमन्त्री टेरिजा मेसँग भेटवार्ता गरे। उनले अमेरिका र बेलायत ब्यापार सम्झौतामा चाँडै हस्ताक्षर हुने बताए ।

जी २० सिखर सम्मेलनमा विश्वका १९ विकसित तथा विकासशील देश र युरोपेली संघ पनि सहभागी छन्।

ह्याम्बर्ग सम्मेलन अवधिभर त्यहाँको सडकमा ब्यापक विरोध प्रदर्शनहरू भए। प्रदर्शनका क्रममा प्रहरी र प्रदर्शनकारीहरूबीच झडपहरू भएका थिए। सम्मेलनमा राष्ट्रपति ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको सहभागिताको विरोध गरिरहेका प्रदर्शनकारीहरूले सवारी साधन तथा प्रहरीको अवरोधकहरूमा आगजनी गरेका थिए।





प्रदर्शनकारी जलवायु परिवर्तन र आय असमानता विरुद्ध पनि प्रदर्शन गरिरहेका थिए। प्रदर्शनकारीहरूले प्रहरीमाथि ढुंगामुढा गर्नुका साथै पसलहरूमा लुटपाट पनि गरेका थिए।

# इन्डोनेसियामा किशोर र वृद्धाबीच विवाह

जाकार्ता, (एजेन्सी)



इन्डोनेसियाको एकजना किशोरले सामाजिक संस्कार र कानुन मिच्दै एकजना सत्तरी वर्ष नाघेकी महिलासँग विवाह गरेका छन्। यस्तो अनौठो विवाहको भिडियो अनलाइनमार्फत सार्वजनिक भएपछि बल्ल यो घटना चर्चामा आएको हो। प्राविधिक रूपमा पनि ती १६ वर्षीय किशोर विवाहका लागि उपयुक्त छैन।

तर गाउँका अधिकारीहरूले तिनीहरूबीच बिनाविवाह दर्ता विवाह गर्न अनुमति दिएको थियो। दुबैले विवाह गर्ने अनुमति नदिइएको खण्डमा आत्महत्या गर्ने चेतावनी दिन थालेकाले तिनीहरू विवश भएको संचार माध्यमले जनाएको छ। इन्डोनेसियाको प्रचलित कानुनअनुसार कम्तिमा दुलाहाको उमेर १९ र दुलहीको १६ हुनुपर्दछ।

स्थानीय संचार माध्यमले ती किशोर औलाले थलिएको बेला वृद्धाले हेरचारह गर्ने क्रममा तिनीहरूबीच गहिरो प्रेम बसेको जनाएको छ। दक्षिणी सुमात्रा स्थित तिनीहरको गाउँका मुखिया सिक आनीले भनेका छन् , 'केटोको उमेर नपुगेकाले हामीले तिनीहरूबीच गुपचुप विवाह गराउने निर्णय गरेका थियौं। संभावित व्यभिचार पाप हुन नदिन २ जुलाईमा सो विवाह गराइएको हो।'

उनले सलामत नामक ती किशोरसंग विवाह गर्ने रोहाया नामकी महिलाको उमेर ७१ र ७५ बीचको हुनुपर्ने पनि बताएका छन्। सलामतको पिताको धेरै वर्षअघि निधन भएको थियो भने उनकी आमाले दोस्रो विवाह गरेको बताइएको छ।

रोहायाको यो तेस्रो विवाह भएको र उनका पहिलो विवाहबाट थुप्रै सन्तान रहेको पनि बुझिएको छ। पालेम्बांग स्थित विमिन क्राइसिस सेन्टरमा कार्यरत तथा बालविवाहको अन्त्यका लागि लागि परेकी अभियन्ता यन्नी इज्जीले या `घटना निकै असामान्य भएको बीबीसीलाई बताएकी छिन्। ती किशोरले आर्थिक तथा शारीरिक कारणले भन्दा उनले आफूलाई गर्ने माया र हेरचाहको कारण यो विवाह गरेको बताइएको छ।

# केन्यामा लडाकूद्वारा नौजनाको शिर छेदन

नैरोबी, (एजेन्सी)

छिमेकी राष्ट्र सोमालियाबाट आएका अतिवादी इस्लामिक लडाकू समूह अल-सबाबले केन्याको दक्षिण पूर्वी भागमा रहेको एउटा गाउँमा शनिबार बिहान सबेरै आक्रमण गरी ९ जना सर्वसाधारणको टाउको काटेर हत्या गरेको सरकारी अधिकारीहरूले बताएका छन्।

यस समूहले नयाँ तरिकाको हिंसात्मक नीति लिएको हुनुपर्ने आशंका गरिएको छ। अल - सबाब विरुद्धको विशेष सुरक्षा दलका कमान्डर जेम्स ओले सेरियनले लामु काउनिटको जिमा नामक गाउँमा सो आक्रमण भएको पुष्टि गरेका छन्। वर्षौं यता केन्यामा दर्जनौंपटक डरलाग्दो आक्रमण गरिसकेको अल- सबाबले यस अघि त्यहाँ यसरी कसैको टाउकै काट्ने गरेको थिएन।

पूर्वी अफ्रकी राष्ट्र केन्यामा केही सातादेखि तिनीहरूले आक्रमणलाई निकै तिव्रता दिन थालेका हुन्। जसका कारण आगामी महिना त्यहाँ हुन गइरहेको राष्ट्रपतीय चुनावको सुरक्षामाथि नै प्रश्न उठेको छ। अत्यन्तै खतरनाक अन्तर्राष्ट्रिय लडाकू समूह अल कायदासंग कार्यगत एकता भएको दाबी गर्ने अल-सबाबले केन्याले सन् २०११ मा आफू विरुद्ध कारवाही गराउन फौज पठाएको बदला लिन बारम्बार यसरी आक्रमण गर्ने गरेको बताइएको छ। गत वर्ष यो समूह अफ्रिकाकै सबैभन्दा खतरनाक इस्लामिक लडाकू समूह प्रमाणित भएको थियो। शनिबार तिनीहरूले पान्दागुओ क्षेत्रमा पनि आक्रमण गरेको बताइएको छ। सोमालियामा भने तिनीहरूले आफ्ना शत्रूहरूलाई टाउको काट्नु सामान्य घटना मानिन्छ।

प्रहरीका अनुसार जिमा गाउँमा आक्रमण गर्न करिब १५ जना लडाकू मात्र आएका थिए। स्थानीय जनतालाई निकै भयभित पार्ने उद्देश्यले तिनीहरूले यसरी हत्या गरेको हुनुपर्ने अनुमान गरिएको छ। केहि समयअघि माज्ञ अल -सबाब लडाकूहरूले केन्याको लामा र मान्देरामा बम आक्रमण गरी कम्तिमा ४६ जनाको ज्यान लिएका थिए।



# मुख मैथुनको कारण गनोरिया



न्युयोर्क, (एजेन्सी)

विश्व स्वास्थ संगठन ( डब्ल्युएचओ ) ले शुक्रबार मुख मैथुन र कन्डमको प्रयोगमा आएको कमिका कारण मानिसमा गनोरिया रोग तिव्र दरले फैलिरहेको जनाएको छ।साथै डब्ल्युएचओले अहिले कसैलाई गनोरिया संक्रमण भएको खण्डमा उपचार गर्न निकै गाऱ्हो भएको र कुनै कुनैबेला त उपचार असम्भवै भएको पनि जनाएको छ। अचेल यौन संक्रमित रोगहरूलाई एन्बिायोटिक्सले पनि असर नगर्ने देखिएको बताइएको छ। स्वास्थ विशेषज्ञहरूले समस्या निकै जटिल रहेको तथा उपचारका लागि थोरै नयाँ औषधि रहेको बताइएको छ। विश्वमा करिब ७ करोड ८० लाख व्यक्तिलाई यौन संक्रमण हुने गरेको र यसले सन्तान नहुन सक्ने पनि बुझिएको छ। डब्ल्युएचओले विश्वका ७७ वटा राष्ट्रका गनोरिया रोगीहरूमाथि अध्ययन गरेको हो। गनोरिया यौन जनेन्द्रिय , गुद्वार र घाँटीमा संक्रमण गर्न सक्छ।

{ निर्वाचन घोषणा भई दुई चरणको निर्वाचन सम्पन्न भएको अवस्थामा नयाँ दलले नयाँ चिह्न लिएर निर्वाचनमा जान सम्भव नभएको आयोगले जनाएको छ।

# राजपालाई नयाँ चिह्न हुन्न : आयोग

काठमाडौं, (नेस)

निर्वाचन आयोगले असोज २ गते हुने चुनावमा राष्ट्रिय जनता पार्टी नेपाललाई नयाँ चिह्न दिन नसकिने जनाएको छ।

निर्वाचन घोषणा भई दुई चरणको निर्वाचन सम्पन्न भएको अवस्थामा नयाँ दलले नयाँ चिह्न लिएर निर्वाचनमा जान सम्भव नभएको आयोगले जनाएको छ। राजपाले हालै मात्र दल दर्ताका लागि निवेदन दिएको छ। राजपाले आफ्नो दलको चुनाव चिह्न छाता माग गर्दै आएको छ।

आयोगले यस्तो धारणा राखेपछि राजपाले एकता प्रक्रियामा सामेल ६ दलमध्ये कुनै एक दलको चुनाव चिह्न लिनुपर्ने अवस्था उत्पन्न भएको छ।

संविधानको धारा २६९ र २७१ अनुसार निर्वाचन प्रयोजनका लागि आयोगमा दर्ता भएका राजनीतिक दलले मात्र स्थानीय तह निर्वाचन ऐन, २०७३ का आधारमा दलीय निर्वाचन चिह्न प्राप्त गर्नसक्ने प्रावधान रहेको आयोगका प्रवक्ता सूर्यप्रसाद शर्माले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो- 'अब नयाँ पार्टी दर्ता हुने नयाँ पार्टीको चुनाव चिह्न मतपत्रमा छापेर पहिल्यै घोषणा भएको निर्वाचनमा प्रयोग गर्ने भन्ने कुरा सम्भव छैन।'

तत्कालीन मधेसी मोर्चामा रहेका ६ दलले वैशाख ७ गते एकता भएर राजपा नेपाल गठन गरेका थिए। संसद्मा प्रतिनिधित्व गर्ने तराई-मधेस लोकतान्त्रिक पार्टी, सद्भावना पार्टी, तराई मधेस सद्भावना पार्टी, राष्ट्रिय मधेस समाजवादी पार्टी, नेपाल सद्भावना पार्टी र मधेसी जनअधिकार फोरम नेपाल (गणतान्त्रिक) एकीकृत भएको थियो।

राजनीतिक दलले दल दर्ताका लागि निवेदन दिएको मितिले ४५ दिनभित्र दल दर्ताको टुङ्गो लगाउनुपर्ने कानुनी व्यवस्थाअनुसार राजपाले बुझाएको दलको घोषणापत्र, विधानलगायत आवश्यक कागजातको अध्ययन भइरहेको आयोगले जनाएको छ।

# संविधान संशोधनले समस्या समाधान हुँदैन : फोरम

काठमाडौं, (नेस)

संघीय समाजवादी फोरम नेपालले तत्कालीन परिस्थितिमा स्थानीय तहको निर्वाचनमा सहभागिताको प्रयोजनका लागि स्थानीय तहको निर्वाचनअगावै संसद्मा पेस गरिएको अधुरो र अस्पष्ट संविधान संशोधन विधेयकले राष्ट्रिय समस्याहरूको समाधान नहुने बताएको छ।

विधेयकलाई समस्याहरूको समाधान हुने गरी परिमार्जन गरी संविधान संशोधन एवं पुनर्लेखन गर्नुपर्ने निर्णय गर्दै फोरम नेपालले राष्ट्रिय समस्याहरूको समाधानका लागि संविधान संशोधन गर्नुको अर्को कुनै विकल्प नभएको बताएको छ।

असार २४ र २५ गते केन्द्रीय कार्यालय तीनकुने काठमाडौंमा बसेको संघीय समाजवादी फोरम नेपालको पदाधिकारी बैठकले संघीय गठबन्धन/मधेसी मोर्चाद्वारा सरकारसमक्ष प्रस्तुत गरिएका २६ बुँदे प्रस्तावका आधारमा समानुपातिक समावेशीकरण, राष्ट्रिय पहिचानको मान्यता, समान भाषिक अधिकारका साथै प्रदेशको संख्या र सीमांकनलगायत मधेसी, आदिवासी जनजाति, दलित, महिला, मुस्लिम, थारू तथा अल्पसंख्यक एवं सीमान्तकृत समुदायसँग सम्बन्धित राष्ट्रिय समस्याहरूको समाधान र सम्बोधन हुने गरी संविधान संशोधन गर्नुपर्ने बताएको छ।

सरकार र राष्ट्रिय जनता पार्टी नेपालबीच एक साताभित्र संसद्मा रहेको संविधान संशोधन विधेयक पारित गर्ने गृहकार्य भइरहेको बेला फोरम नेपालले भने यथास्थितिमा संविधान संशोधनको अर्थ नरहेको निष्कर्ष निकालेको छ।



शनिबार ७१ वर्षको उमेरमा निधन हुनुभएका संस्कृतका विद्वान स्वामी डा. रामानन्द गिरीको पार्थिव शरीर आइतबार देवघाटस्थित महेश संन्यास आश्रममा। उहाँको शव अन्तिम संस्कारका लागि चितवन लगिएको हो। उहाँको शवलाई आइतबार नै स्वामी परम्पराअनुसार काठको बाकसमा हालेर नारायणी नदीको गहिरो भागमा जल समाधिस्थ गरिएको थियो। तस्वीर : नेस

# सरकारबाट हटाएर विपक्षीले राम्रै गरे : ओली

काठमाडौं, (नेस)

पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी ओलीले यदि एमाले सरकार केही समय थप सरकारमा रहन सफल भएको भए सबै स्थानीय तहको सबै सिट आफ्नो पार्टीले जित्ने दाबी गर्नुभयो।

व्यापारी तथा समाजसेवी स्वर्गीय हिक्मतबहादुर मालीको जीवन, सफलता तथा योगदान समेटिएको पुस्तक लोकार्पण कार्यक्रममा बोल्दै ओलीले आफूलाई सरकारबाट हटाएर प्रतिस्पर्धी राजनीतिक दलले आफ्नो हितका लागि राम्रै गरेको बताउनुभएको हो।

कार्यक्रममा बोल्दै उहाँले भन्नुभयो- 'मेरो कार्यकालको पहिलो ५ महिना नाकाबन्दी खोल्न पहल गर्दैमा बित्यो। बाँकी चार महिना राम्रो काम गर्न मात्र के थालेको थिएँ, विपक्षी डराएर सत्ताबाटै लात हानिदियो। त्यति नगरेको भए यो स्थानीय तहको चुनावमा उहाँहरूको एक सिट पनि आउँदैन थियो।'

उहाँले केही महिना विकासको लहर शुरू हुन नपाउँदै आफूले सरकार छोड्नुपरेको दाबी गर्नुभयो। आफू पुनः सरकारमा आउने आशय व्यक्त गर्दै उहाँले व्यापारीका लागि चाँडै नै लगानीको वातावरण सिर्जना हुने घोषणा गर्नुभयो।

नेपाली जुन अवस्थामा छौं, गरिब नभएको बताउँदै ओलीले नेपाली गरिब हुनुपर्ने कारण नभएको बताउनुभयो। उहाँले उहाँले नेपाली जनता शासकीय गैरजिम्मेवारीले गरिब भएको पनि स्पष्टोक्ति दिनुभयो। नयाँ कुरा गर्ने यहाँ वातावरण नै छैन।

# बस दुर्घटनामा दुईको मृत्यु

सल्यान, (नेस)। दाङको घोराहीबाट रुकुम खलङ्गाका लागि छुटेको ना४ख ५७५४ नम्बरको बस आइतबार बिहान त्रिवेणी गाउँपालिका-५ सल्लेखोला नजिकै दुर्घटनामा पर्दा दुई जनाको मृत्यु भएको छ भने २८ जना घाइते भएका छन्।

घाइते ४ जनाको अवस्था गम्भीर रहेको बताइएको छ। मृत्यु हुनेमा छत्रेश्वरी गाउँपालिका झिम्पे निवासी ५२ वर्षीय रातो खड्का तथा अर्का सनाखत हुन नसकेका व्यक्ति छन्। घाइतेको जिल्ला अस्पताल खलङ्गा र विभिन्न स्वास्थ्य संस्थामा उपचार भइरहेको छ। गम्भीर घाइते भएकाहरूलाई भने नेपालगन्ज रिफर गरिएको प्रहरीले जनाएको छ। अत्यधिक गतिका कारण अनियन्त्रित भई बस सडकबाट झण्डै ५० मिटर तल झरेको बताइएको छ।

# बलात्कारको आरोपमा वृद्ध पक्राउ

जाजरकोट, (नेस)। बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले एक जना वृद्धलाई पक्राउ गरेको छ।

जिल्लाको भेरी नगरपालिका-२, पोखराका ६४ वर्षीया वृद्ध केशरे दमाईलाई ६ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा पक्राउ गरिएको हो। निज आरोपीले बालिकालाई फकाई घर नजिकैको जंगलमा लगेर बलात्कार गरेको बालिकाका बाबुले बताए।

# नौ पुस्तकको सूची सार्वजनिक

काठमाडौं, (नेस)

मदन पुरस्कार गुठीले २०७३ सालका श्रेष्ठ ९ पुस्तकको सूची सार्वजनिक गरेको छ।

मदन पुरस्कारका लागि प्राप्त भएका कुल १ सय ९५ पुस्तकमध्ये गुठीले ९ पुस्तकको सूची आइतबार सार्वजनिक गरेको हो। यी पुस्तकमध्येबाट सर्वश्रेष्ठ एक पुस्तकलाई २०७३ को मदन पुरस्कार प्रदान गरिने गुठीका अध्यक्ष कुन्दा दीक्षितद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

छनोटमा परेका ९ पुस्तकमा क्रमशः पुरुषोत्तमलोचन श्रेष्ठको 'गुहा, गुहालेख र गुहचित्र एवं अन्य सम्पदा', राज सरगमको 'छाउघर', शरद् पौडेलको 'तपन', जय छाङ्छाको 'दोहाको सीधा उडान', घनश्याम कँडेलको 'धृतराष्ट्र', हरि अधिकारीको 'प्रतिनायक', सीमा आभासको 'म स्त्री अर्थात् आइमाई', राजेन्द्र पराजुलीको 'शुक्रराज शास्त्रीको चस्मा' र नवराज पराजुलीको 'सगरमाथाको गहिराइ' छन्।

# चट्याङ लागेर एकको मृत्यु

राजविराज, (नेस)

अविरल वर्षासँगै परेको चट्याङ लागेर सप्तरीमा एक युवतीको मृत्यु भएको छ भने अन्य तीन जना घाइते भएका छन्।

चट्याङ लागेर विष्णुपुर गाउँपालिका-२ बस्ने २५ वर्षीया पुन्तीदेवी यादवको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। त्यस्तै, चट्याङ लागेर सोही ठाउँका राजेन्द्रप्रसाद यादव र निजकी आमा गुजियादेवी यादव घाइते भएका छन्। उनीहरूलाई दिउँसो १ बजे खेतमा काम गर्ने क्रममा चट्याङ लागेको थियो।

त्यस्तै, जिल्लाको डाक्नेश्वरी नगरपालिका-७ ब्रह्मपुरमा पनि चट्याङ लागेर एक महिला घाइते भएकी छिन्।

खेतमै काम गर्ने क्रममा चट्याङ लागेर ३५ वर्षीया आशा चौधरी घाइते भएकी हुन्। घाइते तीनैजनाको गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## तह...

त्यसमा हाल कार्यरत पद र समायोजन हुने पदको कार्यविवरण र त्यसको सान्दर्भिकता, कर्मचारीले रोजेको संघ, प्रदेश वा स्थानीय तह, कार्यरत पदको ज्येष्ठता, कार्यरत रहेको स्थान र कर्मचारीको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको ठेगाना 'घरपायक' आधारमा समायोजनको कार्य अघि बढाइने विधयेकमा भनिएको छ।

विधयेकमा निजामती सेवा ऐन, २०४९, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र व्यवस्थापिका-संसद् सचिवालयसम्बन्धी ऐन, २०६४ बमोजिम गठन भएका सेवाका कर्मचारीहरूलाई समायोजन गरिने उल्लेख गरिएको छ। कर्मचारी समायोजनको प्रक्रिया पनि विधयेकमा उल्लेख गरिएको छ।

ऐन प्रारम्भ भएको मितिले ३० दिनभित्र सेवा सञ्चालन गरिरहेका निकायसँग सामान्य प्रशासन मन्त्रालयले कर्मचारीको विवरण माग गर्नेछ। मागिएको विवरण सम्बन्धित सेवा सञ्चालन गर्ने निकायले तोकेको अवधिभित्र पठाउनुपर्ने पनि छ।

कर्मचारी समायोजनको समन्वय र अनुगमन गर्न एउटा समिति बन्नेछ। मुख्य सचिवको संयोजकत्वमा सेवा सञ्चालन गर्ने निकायका सचिव र सामान्य प्रशासन मन्त्रालयका सचिव रहनेछन्। समन्वय समितिमा आवश्यकताअनुसार प्रदेशको सम्बन्धित प्रमुख प्रशासकीय अधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

समायोजन हुने कर्मचारीले खाईपाई आएको तलब, भत्ता, उपदान, उपचार खर्च आदि सुविधासम्बन्धी सेवाका सर्तहरूमा प्रतिकूल असर पर्ने गरी कानुन बनाउने पाइने छैन। समायोजन भएका कर्मचारी कुनै कारण सेवाबाट अलग भए प्रचलित कानुनबमोजिम उसले पाउने सबै सुविधा सरकारले व्यहोर्नेछ। तर, भविष्यमा सरकारी सेवामा अयोग्य ठहर हुने गरी बर्खास्त गरिएको कर्मचारीलाई भने त्यस्तो सुविधा उपलब्ध नगराइने विधेयकमा उल्लेख छ।

सरकारले संघ, प्रदेश र स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने संगठन तथा कर्मचारी दरबन्दी निर्धारण गर्न व्यवस्थापन सर्वेक्षण समिति गठन गर्नेछ। समितिले तीनै तहको अधिकारको सूची, कार्य प्रकृति र औचित्यसमेतका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी तीनै तहको कर्मचारी दरबन्दी सरकारलाई सिफारिस गर्नेछ।

कर्मचारीको दरबन्दी सिफारिस गर्दा समितिले स्थानीय निकायमा कार्यरत स्थायी कर्मचारी समायोजन भई पदपूर्ति हुने दरबन्दीको विवरणसमेत उल्लेख गरिनुपर्छ। समितिले बढीमा एक वषभित्र कर्मचारी व्यवस्थापनका लागि दरबन्दी सिफारिस गर्नेछ।

विधेयकअनुसार समायोजनका क्रममा तोकिएको कार्यालय नजाने कर्मचारीहरूलाई ३५ दिनपछि स्वतः अवकाश दिइनेछ। समायोजन भएका कर्मचारी बाटोको म्यादबाहेक ३५ दिनभित्र समायोजन गरिएको संघ, प्रदेश वा स्थानीय तहको सेवाको पदमा हाजिर भइसक्नुपर्नेछ। म्यादभित्र हाजिर नहुने कर्मचारीलाई नेपाल सरकारले सेवाबाट अवकास दिने व्यवस्था गरिएको छ। यसरी कुनै कर्मचारीले अवकाश पाएमा उसले प्रचलित कानुनबमोजिम पाउने सुविधा भने पाउनेछ।

कर्मचारी समायोजन गर्दा राजपत्राङ्कित प्रथम श्रेणी वा सोसरह र सोभन्दा माथिका कर्मचारीको हकमा सरकारले समायोजन गर्ने छ। अन्य कर्मचारीको हकमा सेवा सञ्चालन गर्ने निकायले सेवा, समूह वा उपसमूहको मिल्दो समान पदमा समायोजन गर्ने विधेयकमा उल्लेख गरिएको छ।

समायोजन भएको कर्मचारी कुनै कारणले सेवाबाट अलग भएमा निजले पाउने उपदान, निवृत्तभरण, उपचार खर्च तथा सञ्चित विदाको रकम सरकारले व्यहोर्ने छ। विधेयकमाथि नेपाल मजदुर किसान पार्टीका प्रेम सुवालले विरोधको सूचना दर्ता गराउनुभएको थियो। सांसद सुवालले राजस्व आम्दानीको ४० प्रतिशत मात्रै कर्मचारीको तलब र पारिश्रमिक खर्च गर्नुपर्ने, कर्मचारी ट्रेड युनियन खोल्न नपाउनेजस्ता बाध्यकारी प्रावधान विधेयकमा राख्नुपर्ने भन्दै विरोधको सूचना दर्ता गराउनुभएको थियो।

विधयेक संसद्मा विधिवत पेस भएको छ। त्यसको सैद्धान्तिक अवधारणा र दफावार छलफल गर्नुपर्ने छ। त्यसपछि आवश्यक संशोधन गर्नुपरे संशोधन गरिनेछ। त्यसका लागि कम्तीमा २ महिना लाग्नेछ। संसद् सचिवालयका प्रवक्ता डा. भरत गौतमले नेपाल समाचारपत्रसँग भन्नुभयो।

## के-के...

काठमाडौं उपत्यकाभित्र रियल स्टेट कर्जा र त्यसको सुरक्षणबीचको अनुपात (एलटीभी रेसियो) हालको ५० प्रतिशतबाट ४० प्रतिशत कायम गर्ने व्यवस्था गरिएको छ। अन्य स्थानका हकमा साविकको ५० प्रतिशत अनुपातलाई निरन्तरता दिइएको छ।

त्यस्तै निजी प्रयोजनका सवारीसाधनमा ऋण प्रवाह गर्दा सो सवारीको मूल्यांकनको अधिकतम् ५० प्रतिशतसम्म मात्र बैंकले लगानी गर्न सक्ने व्यवस्थालाई ६५ प्रतिशत पुर्‍याइएको छ। साथै व्यक्तिगत विद्युतीय सवारी साधनको हकमा उक्त सीमा ८० प्रतिशत कायम गरिएको छ।

मौद्रिक नीतिमा बैंक तथा वित्तीय संस्था नभएका गाउँपालिकाहरूमा हालसम्म खाता नभएका नेपाली नागरिकको खाता आर्थिक वर्ष २०७४/०७५ भित्र खोलेमा प्रति २५ सय खाता बराबर १ करोड रुपियाँ निर्ब्याजी सापटी एक वर्षका लागि प्रदान गरिने व्यवस्था गरिएको छ।

त्यस्तै संघीय संरचनाअनुसार तय भएका ७ सय ४४ स्थानीय तहमध्येमा बैंक शाखा नभएका तोकिएका स्थानीय तहमा अनिवार्यरूपमा बैंक शाखा खोल्ने निर्देशन दिइनेछ। बैंकले सरकारी कारोबारका लागि प्रोत्साहन गर्न तोकिएका स्थानीय तहमा खोलिने शाखालाई प्रतिशाखा १ करोड एक वर्षका लागि निर्ब्याजी सापटी प्रदान गर्नेछ।

यसै गरी इजाजतप्राप्त 'ख' तथा 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाहरूको कार्यक्षेत्रलाई चुक्ता पुँजीको आधारमा जिल्लागतरूपले तोक्ने गरिएकोमा सोलाई संघीय संरचनाबमोजिम तोक्ने व्यवस्था मिलाइएको छ।

मौद्रिक नीतिमा चुक्ता पुँजीलाई कडाई गरिएको छ। मौद्रिक नीतिमा बैंक तथा वित्तीय संस्थाहरूले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्थाबमोजिम आर्थिक वर्ष २०७४ को बाह्य लेखापरीक्षण एवं वित्तीय विवरण सार्वजनिक गर्दाको अवस्थासम्ममा तोकिएबमोजिमको न्यूनतम चुक्ता पुँजी पुगेको व्यहोरा वित्तीय विवरणको लेखासम्बन्धी टिप्पणीमा स्पष्टरूपमा जनाइएको हुनुपर्नेछ। यसअनुरूप तोकिएको चुक्ता पुँजी नपुगेमा विद्यमान व्यवस्थाअनुरूप नगद लाभांश र बोनस शेयर वितरण एवं शाखा विस्तारमा रोक लगाउने, निक्षेप संकलन र कर्जा प्रवाहमा सीमा तोक्ने तथा बाध्यकारी मर्जरमा लैजानेलगायतका कारबाही अगाडि उल्लेख छ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाले मौद्रिक नीति समग्रमा राम्रै रहेको भन्दै ब्याजदर नियन्त्रण गर्नेतर्फ सम्बोधन नगरेको र गार्हस्थ उत्पादन बढाउनका निम्ति व्यापारभन्दा उत्पादनमा जोड दिनुपर्ने बताउनुभयो। यसका लागि लगानी आकर्षित गर्न ऋणको ब्याजदर नियन्त्रण हुनुपर्ने उहाँको धारणा छ। नेपाल बैंकर एसोसिएसनका अध्यक्ष अनिलकेशरी शाहले भने मौद्रिक नीतिका कारण ब्याजदरमा फरक नपर्ने बताउनुभयो।

त्यस्तै मौद्रिक नीतिले लगानीकर्ता खासै उत्साहित नभएको नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाको टिप्पणी छ भने नाडा नेपाल अटो मोबाइल एसोसिएसन अफ नेपालका अध्यक्ष अञ्जन श्रेष्ठले भने लामो समयदेखि थला परेको अटो मोबाइल्स क्षेत्रले पुनः गति लिने बताउनुभएको छ।


## जिल्ला समन्वय समितिको कार्यालय

बांके, नेपालगञ्ज

## बोलपत्र/दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : (०७४/०३/२६)

यस कार्यालयबाट चालु आ.व. ०७३/०७४ मा यस कार्यालय अन्तर्गत संचालन हुने तपसिलमा उल्लेखित निर्माण कार्य तथा झो पू/टूसपुल फेब्रिकेसन पार्टसहरु सप्लाई सम्बन्धी कामहरु ठेक्काको माध्यमबाट गराउनु पर्ने भएकोले निर्माण व्यवसायी ऐन, २०५५ बमोजिम इजाजतपत्र प्राप्त ईच्छुक निर्माण व्यवसायीहरु र फेब्रिकेसनको हकमा डोलिडारमा सूचिकृत भएका फेब्रिकेटरहरु बाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको बोलपत्र/दरभाउपत्र आव्हान गरिएको छ।

ज्ञ। अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व.०७२/०७३ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र निवेदन सहित तोकिएको बोलपत्र/दरभाउपत्र दस्तूर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले ३०/१५औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट ईच्छुक बोलपत्रदाता/दरभाउपत्रदाताले बोलपत्र/दरभाउपत्र सम्बन्धि कागजात खरिद गर्न सकिनेछ। साथै Electronically बोलपत्र/दरभाउपत्र पेश गर्न चाहने बोलपत्रदाता/दरभाउपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट प्रत्येक ठेक्काको लागि अलग अलग वोलपत्र/दरभाउपत्र download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र/दरभाउपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखा वा यस कार्यालयको राष्ट्र बैंक, नेपालगंज स्थित राजस्व खाता नं. २१०४७०४-००१-०४३-५२४ मा जम्मा गरेको भौचरलाई बोलपत्र/दरभाउपत्र कागजात साथ upload गर्नु पर्नेछ।

द्द। खरिद गरेको बोलपत्र/दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाता/दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३१औं र दरभापत्रको हकमा १६ दिनको १२:०० बजे भित्र यस कार्यालयमा hard copy वा electronically दर्ता गर्न सकिने छ।

घ। दर्ता भएका बोलपत्र/दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले ३१/१६औं दिन दिनको १३:०० बजे कार्यालयका प्रतिनिधी तथा बोलपत्रदाता/दरभाउपत्रदाताहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता/दरभाउपत्रदाताको अनुपस्थिती भएमा पनि बोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

द्ध। शिलबन्दी बोलपत्र/दरभाउपत्र फारामसाथ जमानत वापत तोकिएको रकम नेपाल राष्ट्र बैंक, नेपालगंज शाखा स्थित यस कार्यालयको धरौटी खाता नं. २१०४७०४-००१-०३१-५२४ मा जम्मा गरी सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सक्ने इजाजत प्राप्त बैंकहरुबाट बोलपत्र/दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२०/७५औं दिन म्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ।

छ। यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) बमोजिम हुनेछ। बोलपत्र/दरभाउपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

बोलपत्र/दरभाउपत्र सम्बन्धि कार्यको विवरण

| ठे.नं. | कामको विवरण | ल.ई.रकम (भ्याट बाहेक) | बोलपत्र/दरभाउपत्र जमानत रकम | बोलपत्र/दरभाउपत्र दस्तूर | कैफियत |
|---|---|---|---|---|---|
| 91/073/074 | फत्ते बाल आँखा अस्पताल परिसरमा प्रबेसद्धार, सढक, नाली तथा ग्यारेज निर्माण गर्ने काम। | 71,86,740.89 | 2,40,000.00 | 3000.00 | |
| 92/073/074 | नैबस्ता र चिसापानीको मानखोला भट्टीटोलमा झो.पू.को फेब्रिकेसन पार्टसहरु सप्लाइ गर्ने काम। | 29,23,198.35 | 82,000.00 | 3000.00 | |
| 93/073/074 | महादेबपुरीको परुबाखोलामा झो.पू.को फेब्रिकेसन पार्टसहरु सप्लाइ गर्ने काम। | 25,31,923.04 | 70,000.00 | 3000.00 | |
| 94/073/074 | कम्दकिो लुन्द्रीखोलामा ट्रस ब्रिजको फेब्रिकेसन पार्टसहरु सप्लाइ गर्ने काम। | 10,66,429.99 | 31,000.00 | 3000.00 | |
| 95/073/074 | बागेस्वरी मन्दिर स्थित जुगे महादेब जाने स्टिल फुट बृजको लागि फेब्रिकेसन पार्टसहरु सप्लाइ गर्ने काम। | 56,24,195.74 | 1,59,000.00 | 3000.00 | |

स्थानीय विकास अधिकारी



# अर्थ

ग्लोबल आईएमई बैंकले यसअघि आईएमई फाइनान्सियल इन्स्टिच्युसन, लर्ड बुद्ध फाइनान्स, गुल्मी विकास बैंक, सोसियल डेभलपमेन्ट बैंक, कर्मज एन्ड ट्रष्ट बैंक, प्यासिफिक डेभलपमेन्ट बैंकसँग मर्जर तथा प्राप्ति गरिसकेको छ।

2017, JULY
Monday
10


## हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ असार २६ जुलाई १० २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०३।३७ | १०३।९७ |
| युरो १ का रु. | ११७।१५ | ११७।८३ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३३।५४ | १३४।३२ |
| स्विस फ्रन्क १ का रु. | १०६।९१ | १०७।५३ |
| अस्ट्रलियन डलर १ का रु. | ७८।६१ | ७९।०७ |
| क्यानाडियन डलर १ का रु. | ७९।८१ | ८०।२७ |
| सिङ्गापुर डलर १ का रु. | ७४।७४ | ७५।१८ |
| जापानी यन १० का रु. | ९।११ | ९।१६ |
| चिनियाँ युआन १ का रु. | १५।२० | १५।२९ |
| साउदी अरब रियाल १ का रु. | २७।५६ | २७।७२ |
| कतारी रियाल १ का रु. | २८।३९ | २८।५६ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ का रु. | ३।०४ | ३।०६ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।१४ | २८।३१ |
| मलसियन रिङ्गिट १ का रु. | २४।०६ | २४।२० |
| दक्षिण कारियन वन १०० का रु. | ८।९६ | ९।०१ |

### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।१२ |
| डनिस क्रानर १ का रु. | १५।७५ |
| हङकङ डलर १ का रु. | १३।२४ |

**नोट**: वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# ग्लोबल आईएमई बैंकले १० वटा बैंक तथा वित्तीय संस्थालाई गाभ्यो

नेपाल समाचारपत्र
काठमाडौं

ग्लोबल आईएमई बैंकले रिलायवल डेभलपमेन्ट बैंकलाई प्राप्ति (एक्विजिसन) गरी एकिकृत कारोबार सञ्चालन गरेको छ। आइतबार अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले संयुक्त कारोबार सञ्चालनको समुद्घाटन गर्नुभयो। ११ वर्ष अघि स्थापित राष्ट्रियस्तरको रिलायवल डेभलपमेन्ट बैंकले ग्रामीण स्तरसम्म १७ वटा शाखामार्फत बैंकिङ कारोबार गर्दै आएको र उक्त बैंकको ८ अर्ब निक्षेप, ७ अर्ब कर्जा तथा १ अर्ब १ करोड रुपियाँ चुक्ता पुँजी रहेको थियो।

ग्लोबल आईएमई बैंक नेपाल राष्ट्र बैंकको मर्जर र प्राप्ति नीतिलाई अंगिकार गर्दै हालसम्म १० वटा बैंक तथा वित्तीय संस्थालाई मर्जर र प्राप्ति गर्ने बैक रहेको छ। यस प्राप्तिपश्चात ग्लोबल आईएमई बैंकको चुक्ता पुँजी ८ अर्ब ८ करोड रुपियाँ पुगेको छ भने कुल निक्षेप ९७ दशमलव ७० अर्ब, कर्जा लगानी ८२ अर्ब, शाखा संख्या ११२, भारत तथा अस्ट्रेलियामा प्रतिनिधि कार्यालय, एटीएम ११४, एक्सटेन्सन काउन्टर ५ वटा, ४६ शाखारहित बैंकिङ सेवा तथा ग्राहक संख्या ७ लाखभन्दा बढी पुगेको बैंकले जनाएको छ।



२०६३ पुस १८ गते स्थापना भएको ग्लोबल आईएमई बैंकले रिलायवल डेभलपमेन्ट बैंकलाई प्राप्ति (एक्विजिसन) गरेपछि आगामी दिनमा आफ्ना समस्त ग्राहकलाई अझ बिस्तारित रूपमा गुणस्तरीय र उत्कृष्ट सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

ग्लोबल आईएमई बैंकले यसअघि आईएमई फाइनान्सियल इन्स्टिच्युसन, लर्ड बुद्ध फाइनान्स, गुल्मी विकास बैंक, सोसियल डेभलपमेन्ट बैंक, कर्मज एन्ड ट्रष्ट बैंक, प्यासिफिक डेभलपमेन्ट बैंकसँग मर्जर तथा प्राप्ति गरिसकेको छ।




आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ-आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आएनि आफैं बाँडीचुँडी खानी।
मेलम्ची र सडक विस्तारलाई बहाना बनाई खाल्डैखाल्डो भयो शहर
धुलो र धूवाँ, खाल्डो र हिलो देशकै रोग भयो जनताको कहर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने जो नै आए नि सधैं उस्तै सास्ती।
दोषीचाहिं छाती फुलाएर हिंड्ने निर्दोषलाई जेल
पिटेजस्तो रोएजस्तो कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुट्यो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ कति सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् भयो जनता झुक्याउने थलो।
पेटभरि खाना छैन, खाली खुट्टे यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
फेरि नि अहिले देऊ प्रधानमन्त्री मलाई अर्कोपालि तिम्रै भो कुर्सी
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति।
देश विकास भन्दाभन्दै आमा भइन् बूढी
सत्ताको बाँडफाँडले सधैं उही लुछाचुँडी।
स्थानीय तह निर्वाचन कसैलाई मस्ती नै मस्ती
भाग नपाउनेलाई बहाना भो फेरि खेल्न कुस्ती।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको सधैं यही धोको।
व्यंग्य लेखक, कार्टुनिस्ट टुप्पी कसी बस
जनतामारा फटाहालाई जति सक्छौ घोच।
छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्य चित्र
यही साउन एक म्याद यसको पठाऊँ यहीभित्र।
हरेक साल उत्कृष्ट छ परारभन्दा पोहोर
बांगाटिंगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।



**कामना न्यूज पब्लिकेसन्स्**
**कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं**
**पो. ब. नं. २०४१**
**ईमेल : merokamana@gmail.com, kamana2041@yahoo.com**

# व्यवसायी मालीको योगदानमाथि चर्चा

नेपाल समाचारपत्र
काठमाडौं

व्यवसायी स्वर्गीय हिक्मतबहादुर मालीको जीवनका सफलता तथा योगदान विषयमा विभिन्न व्यक्तित्वको विचार एवम् मन्तव्य समेटिएको पुस्तक लोकार्पण भएको छ। संगीतकर्मी तथा समाजसेवीसमेत रहनु भएका मालीले ६३ वर्षे छोटो जीवनकालमा पुऱ्याएको योगदानको कदर पुस्तकमा मेटिएको बताउँदै उहाँलाई नजिकबाट चिन्ने व्यक्तित्व तथा जानकारले उहाँको कदर गर्नुभयो।

'हिक्मतबहादुर माली - लगनशील व्यक्तित्व: सृजनात्मक पाइलाहरू' नामक पुस्तकको लाकार्पण गर्दै पूर्वप्रधानमन्त्री केपी ओलीले माली व्यवसायी, समाजसेवी तथा संगीतकर्मी सबैको जीवनका प्रेरणाको स्रोत रहेको बताउनुभयो। सहयोगी तथा अति मिलनसार माली विचार र भावनाले आफू नजिक रहेको बताउँदै कुशल व्यवस्थापक तथा अद्‌भुत् बहुमुखी प्रतिभाको धनी रहेको बताउनुभयो। मालीको स्वच्छताको प्रशंसा गर्दै उहाँले भन्नुभयो-'चन्द्रमा जति नजिकबाट हेऱ्यो त्यसमा त्यति दाग देखिन्छ तर हिक्मत मालीलाई जति नजिकबाट नियाल्यो त्यति स्वच्छ देखिनुहुन्थ्यो।'




कार्यक्रममा बोल्दै मालीका बाल्यकालका मित्र तथा पूर्वउपप्रधानमन्त्री प्रकाशमान सिंहले मालीले नेपाली पेट्रोलियम व्यवसाय, चेम्बर अफ कमर्स तथा सम्पूर्ण बाणिज्य जगतको उत्थानमा योगदान पुऱ्याएको सम्झना गर्नुभयो। उहाँले मालीको योगदान तथा स्वच्छ छविको अनुशरण तथा प्ररणा नै मालीका लागि सम्झना तथा सम्मान हुने बताउनुभयो।

कार्यक्रममा हिक्मत मालीकी श्रीमती उर्मिला मालीले श्रीमानको असामयिक देहावसानले आफू शोकमा डुबेको बताउँदै उहाँको सत्कर्मको पाइलालाई सदा पछ्याउने बताउनुभयो। त्यस्तै अन्य वक्ताहरूले माली बहुमुखी प्रतिभाको धनी भएको बताउँदै माली भ्रष्टाचारको जालोले घाँटी न्याकेको समाजमा इमान्दारितापूर्वक काम गरेर पनि सफल हुन सकिने उदाहरण रहेको बताए। कार्यक्रममा पूर्वमन्त्रीहरू नवीन्द्रराज जोशी, सुनील मानन्धर, अष्टलक्ष्मी शाक्य तथा राजेशकाजी श्रेष्ठ, डा. अन्जान शाक्यलगायत विभिन्न व्यवसायी तथा समाजसेवीले सम्बोधन गरेका थिए।

बुबा रामबहादुर तथा आमा हरिप्रिया मालीको गर्भबाट वि.स. २००९ सालमा जन्मिनुभएका मालीले एम.कम.सम्मको अध्ययन गर्नुभएको थियो। कालीमाटीस्थित माली पेट्रोल पम्पका सञ्चालक मालीले चेम्बर अफ कमर्स तथा पेट्रोलियम डिलर्स एसोसिएसनलगायतका संगठन तथा रोटरीलगायत संस्थाबाट समाजसेवा गर्नुभएको थियो। मालीको संगीतमा छुट्टै लगाव थियो, उहाँको स्वरमा दुई दर्जन गीत रेकर्ड गरिएका छन्। उहाँले गोरखा दक्षिण बाहुलगायत उपाधि हासिल गर्नुभएको छ।





RHINO GUARANTEED DUCTILITY Fe 500D

**बिक्री मूल्य रू. प्रति किलोग्राम**

| स्थानहरु | राईनो स्टील ८ एम.एम | राईनो स्टील १०-२० एम.एम | राईनो स्टील २५ एम.एम | राईनो स्टील २८-३२ एम.एम |
|---|---|---|---|---|
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङ्जा | ७८ | ७५ | ७८ | ७८ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ ।
नेपालमा पहिलो पटक, नेपालकै लागि
NS:191 IS : 1786

Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa ( 01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)


# SHARE MARKET

**9 JULY SUNDAY, 2017**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 20091.00 | 446.00 | 430.00 | 441.00 | 4.00 |
| 2 | Api Power Company Ltd. | 1800.00 | 566.00 | 544.00 | 555.00 | 0.00 |
| 3 | Arun Finance Limited | 660.00 | 194.00 | 188.00 | 188.00 | -3.00 |
| 4 | Arun Kabeli Power Ltd. | 5553.00 | 430.00 | 408.00 | 425.00 | 0.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 93320.00 | 300.00 | 270.00 | 287.00 | -3.00 |
| 6 | Asian Life Insurance Co. Limited | 5260.00 | 1512.00 | 1445.00 | 1473.00 | -11.00 |
| 7 | Bank of Kathmandu Ltd. | 32270.00 | 475.00 | 452.00 | 458.00 | -5.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 180.00 | 270.00 | 260.00 | 260.00 | -5.00 |
| 9 | Bottlers Nepal (Terai) Limited | 70.00 | 6174.00 | 6071.00 | 6071.00 | -229.00 |
| 10 | Butwal Power Company Limited | 1500.00 | 642.00 | 625.00 | 625.00 | -5.00 |
| 11 | Central Finance Co. Ltd. | 14012.00 | 189.00 | 175.00 | 189.00 | 17.00 |
| 12 | Century Commercial Bank Ltd. | 46920.00 | 388.00 | 368.00 | 378.00 | 5.00 |
| 13 | Century Co. Bank Ltd. Pro. Share | 60000.00 | 209.00 | 209.00 | 209.00 | 4.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 6530.00 | 1618.00 | 1506.00 | 1560.00 | 0.00 |
| 15 | Chilime Hydropower Company Limited | 11360.00 | 815.00 | 795.00 | 800.00 | -10.00 |
| 16 | Citizen Bank International Limited | 33780.00 | 408.00 | 393.00 | 400.00 | 10.00 |
| 17 | Citizen Investment Trust | 2489.00 | 4110.00 | 4010.00 | 4080.00 | 15.00 |
| 18 | Civil Bank Ltd | 29717.00 | 250.00 | 240.00 | 247.00 | 1.00 |
| 19 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 2452.00 | 1390.00 | 1250.00 | 1304.00 | -45.00 |
| 20 | Deprosc Development Bank Limited | 5249.00 | 1349.00 | 1295.00 | 1326.00 | 16.00 |
| 21 | Deva Bikas Bank Limited | 8642.00 | 272.00 | 261.00 | 261.00 | -3.00 |
| 22 | Dibyashwori Hydropower Ltd. | 121.00 | 210.00 | 204.00 | 204.00 | -2.00 |
| 23 | Everest Bank Limited | 10674.00 | 1400.00 | 1356.00 | 1362.00 | 7.00 |
| 24 | Everest Bank Limited Con. Pref. | 38.00 | 941.00 | 930.00 | 941.00 | 16.00 |
| 25 | Everest Insurance Co. Ltd. | 17909.00 | 2538.00 | 2333.00 | 2424.00 | 75.00 |
| 26 | Excel Development Bank Ltd. | 2118.00 | 635.00 | 607.00 | 625.00 | -6.00 |
| 27 | First Micro Finance Dev. Bank Ltd. | 27481.00 | 1049.00 | 995.00 | 1015.00 | -5.00 |
| 28 | Forward Com. Mic. Bittiya Sanstha Ltd. | 102.00 | 2536.00 | 2352.00 | 2536.00 | 230.00 |
| 29 | Garima Bikas Bank Limited | 10152.00 | 312.00 | 285.00 | 303.00 | 3.00 |
| 30 | Global IME Bank Limited | 34618.00 | 400.00 | 380.00 | 384.00 | -4.00 |
| 31 | Goodwill Finance Co. Ltd. | 3270.00 | 206.00 | 200.00 | 200.00 | 0.00 |
| 32 | Green Development Bank Ltd. | 247.00 | 642.00 | 625.00 | 626.00 | -4.00 |
| 33 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 810.00 | 270.00 | 260.00 | 260.00 | -5.00 |
| 34 | Gurans Life Insurance Company Ltd. | 3396.00 | 1045.00 | 1000.00 | 1000.00 | -25.00 |
| 35 | Gurkhas Finance Ltd. | 468.00 | 188.00 | 182.00 | 186.00 | 1.00 |
| 36 | Hamro Bikas Bank Ltd. | 1392.00 | 245.00 | 233.00 | 235.00 | -2.00 |
| 37 | Himalayan Bank Limited | 7511.00 | 920.00 | 895.00 | 900.00 | 0.00 |
| 38 | Himalayan Distillery Limited | 20.00 | 765.00 | 765.00 | 765.00 | 15.00 |
| 39 | Himalayan General Insurance Co. Ltd | 22515.00 | 783.00 | 735.00 | 775.00 | 30.00 |
| 40 | ICFC Finance Limited | 6710.00 | 297.00 | 279.00 | 279.00 | -5.00 |
| 41 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 23216.00 | 202.00 | 192.00 | 197.00 | -2.00 |
| 42 | Janaki Finance Ltd. | 2324.00 | 262.00 | 253.00 | 256.00 | 4.00 |
| 43 | Janata Bank Nepal Ltd. | 58112.00 | 278.00 | 265.00 | 272.00 | 0.00 |
| 44 | Janautthan Sa. Lag. Bikas Bank Ltd. | 290.00 | 3180.00 | 3055.00 | 3055.00 | -64.00 |
| 45 | Jyoti Bikas Bank Limited | 9221.00 | 220.00 | 210.00 | 210.00 | -3.00 |
| 46 | Kailash Bikas Bank Ltd. | 12032.00 | 336.00 | 325.00 | 328.00 | -2.00 |
| 47 | Kalika Microcredit Dev. Bank Ltd. | 650.00 | 1740.00 | 1700.00 | 1720.00 | -15.00 |
| 48 | Kanchan Development Bank Limited | 197.00 | 287.00 | 282.00 | 282.00 | -10.00 |
| 49 | Kankai Bikas Bank Ltd. | 550.00 | 235.00 | 230.00 | 230.00 | -1.00 |
| 50 | Karnali Development Bank Limited | 800.00 | 290.00 | 285.00 | 285.00 | -5.00 |
| 51 | Khanikhola Hydropower Co. Ltd. | 214.00 | 207.00 | 202.00 | 205.00 | 0.00 |
| 52 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 610.00 | 2900.00 | 2790.00 | 2790.00 | -49.00 |
| 53 | Kumari Bank Limited | 79287.00 | 338.00 | 321.00 | 328.00 | 2.00 |
| 54 | Lalitpur Finance Ltd. | 50.00 | 178.00 | 178.00 | 178.00 | 3.00 |
| 55 | Laxmi Bank Limited | 17869.00 | 405.00 | 390.00 | 391.00 | 1.00 |
| 56 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 3978.00 | 1955.00 | 1813.00 | 1880.00 | -30.00 |
| 57 | Laxmi Value Fund-1 | 49751.00 | 12.40 | 12.15 | 12.20 | -0.45 |
| 58 | Life Insurance Co. Nepal | 2481.00 | 2170.00 | 2088.00 | 2100.00 | 0.00 |
| 59 | Lumbini General Insurance Co. Ltd. | 8786.00 | 975.00 | 912.00 | 925.00 | -27.00 |
| 60 | Machhapuchhre Bank Limited | 32345.00 | 368.00 | 345.00 | 362.00 | 7.00 |
| 61 | Mahila Sahayatra Mic. Bittiya Sa. Ltd. | 2826.00 | 1275.00 | 1179.00 | 1200.00 | -54.00 |
| 62 | Manjushree Finance Ltd. | 6407.00 | 165.00 | 156.00 | 160.00 | -3.00 |
| 63 | Mero Microfinance Bittiya Sanstha Ltd. | 629.00 | 2345.00 | 2180.00 | 2205.00 | -120.00 |
| 64 | Mirmire Microfinance Dev.Bank Ltd. | 210.00 | 2280.00 | 2235.00 | 2279.00 | 24.00 |
| 65 | Miteri Development Bank Limited | 2940.00 | 539.00 | 515.00 | 530.00 | 11.00 |
| 66 | Mithila LaghuBitta Bikas Bank Ltd. | 251.00 | 1387.00 | 1340.00 | 1380.00 | 20.00 |
| 67 | Muktinath Bikas Bank Ltd. | 15159.00 | 990.00 | 927.00 | 948.00 | -6.00 |
| 68 | Nabil Balance Fund 1 | 39992.00 | 19.99 | 19.30 | 19.50 | -0.10 |
| 69 | Nabil Bank Limited | 6988.00 | 1525.00 | 1490.00 | 1500.00 | 0.00 |
| 70 | NABIL Bank Limited Promotor Share | 21881.00 | 1143.00 | 1100.00 | 1119.00 | 0.00 |
| 71 | Nabil Equity Fund | 5931.00 | 10.00 | 9.85 | 9.85 | -0.15 |
| 72 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 698.00 | 3420.00 | 3300.00 | 3300.00 | 36.00 |
| 73 | National Life Insurance Co. Ltd. | 7255.00 | 2400.00 | 2225.00 | 2350.00 | 21.00 |
| 74 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 610.00 | 2346.00 | 2260.00 | 2280.00 | -20.00 |
| 75 | NB Insurance Co. Ltd. | 1260.00 | 1046.00 | 1010.00 | 1020.00 | 7.00 |
| 76 | Neco Insurance Co. Ltd. | 23693.00 | 1035.00 | 961.00 | 1000.00 | 6.00 |
| 77 | Nepal Bangladesh Bank Limited | 29100.00 | 420.00 | 400.00 | 407.00 | -4.00 |
| 78 | Nepal Bank Limited | 94284.00 | 370.00 | 349.00 | 360.00 | 11.00 |
| 79 | Nepal Community Dev. Bank Ltd. | 1140.00 | 306.00 | 285.00 | 285.00 | -10.00 |
| 80 | Nepal Credit And Co. Bank Limited | 113998.00 | 415.00 | 378.00 | 390.00 | -11.00 |
| 81 | Nepal Doorsanchar Comapany Limited | 9335.00 | 670.00 | 662.00 | 664.00 | 0.00 |
| 82 | Nepal Grameen Bikas Bank Ltd. | 6282.00 | 790.00 | 755.00 | 768.00 | -14.00 |
| 83 | Nepal Insurance Co. Ltd. | 4051.00 | 1474.00 | 1393.00 | 1420.00 | 0.00 |
| 84 | Nepal Investment Bank Limited | 33429.00 | 772.00 | 752.00 | 767.00 | 10.00 |
| 85 | Nepal Investment Bank Ltd. Pr. Share | 27419.00 | 674.00 | 649.00 | 660.00 | 11.00 |
| 86 | Nepal Life Insurance Co. Ltd. | 42510.00 | 2260.00 | 2058.00 | 2178.00 | 8.00 |
| 87 | Nepal Life Insurance Co. Ltd. Promoter | 7812.00 | 1363.00 | 1363.00 | 1363.00 | -27.00 |
| 88 | Nepal SBI Bank Limited | 9037.00 | 945.00 | 910.00 | 910.00 | -14.00 |
| 89 | Nerude Laghubita Bikas Bank Limited | 10553.00 | 1377.00 | 1240.00 | 1310.00 | 10.00 |
| 90 | Ngadi Group Power Ltd. | 1837.00 | 259.00 | 253.00 | 257.00 | -6.00 |
| 91 | NIBL Pragati Fund | 5151.00 | 9.69 | 9.50 | 9.69 | 0.14 |
| 92 | NIBL Samriddhi Fund 1 | 4200.00 | 11.93 | 11.70 | 11.93 | 0.30 |
| 93 | NIC Asia Bank Ltd. | 15841.00 | 452.00 | 440.00 | 445.00 | 4.00 |
| 94 | Nirdhan Utthan Bank Limited | 4790.00 | 2084.00 | 1943.00 | 2000.00 | -45.00 |
| 95 | NLG Insurance Company Ltd. | 2070.00 | 1520.00 | 1490.00 | 1519.00 | 0.00 |
| 96 | NMB Microfinance Bittiya Sanstha Ltd. | 2368.00 | 2765.00 | 2690.00 | 2740.00 | 0.00 |
| 97 | NMB Bank Limited | 14587.00 | 564.00 | 528.00 | 555.00 | 12.00 |
| 98 | NMB Hybrid Fund L-1 | 9261.00 | 10.00 | 9.78 | 10.00 | 0.39 |
| 99 | NMB Sulav Investment Fund-1 | 690500.00 | 12.85 | 12.00 | 12.73 | -0.11 |
| 100 | Oriental Hotels Limited | 1490.00 | 686.00 | 660.00 | 660.00 | -13.00 |
| 101 | Pokhara Finance Ltd. | 400.00 | 249.00 | 248.00 | 248.00 | -5.00 |
| 102 | Prabhu Bank Limited | 54555.00 | 418.00 | 396.00 | 410.00 | 8.00 |
| 103 | Prabhu Insurance Ltd. | 10993.00 | 1060.00 | 986.00 | 1035.00 | 2.00 |
| 104 | Premier Insurance Co. Ltd. | 3247.00 | 1685.00 | 1632.00 | 1680.00 | -10.00 |
| 105 | Prime Commercial Bank Ltd. | 52643.00 | 437.00 | 410.00 | 424.00 | 0.00 |
| 106 | Prime Life Insurance Company Limited | 6118.00 | 2610.00 | 2490.00 | 2560.00 | -15.00 |
| 107 | Prudential Insurance Co. Ltd. | 3205.00 | 1425.00 | 1385.00 | 1405.00 | -40.00 |
| 108 | Purnima Bikas Bank Ltd. | 2181.00 | 321.00 | 309.00 | 309.00 | 0.00 |
| 109 | Rastriya Beema Company Limited | 130.00 | 13770.00 | 12971.00 | 13000.00 | -265.00 |
| 110 | Rastriya Beema Co. Ltd Promoter Share | 448.00 | 11800.00 | 11350.00 | 11577.00 | 41.00 |
| 111 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 308.00 | 1958.00 | 1902.00 | 1958.00 | 18.00 |
| 112 | Reliance Finance Ltd. | 3820.00 | 224.00 | 216.00 | 216.00 | 2.00 |
| 113 | Ridi Hydropower Dev. Company Ltd. | 2860.00 | 200.00 | 193.00 | 200.00 | 1.00 |
| 114 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 1222.00 | 3085.00 | 2905.00 | 2935.00 | -90.00 |
| 115 | Rural Microfinance Dev. Centre Ltd. | 5328.00 | 845.00 | 764.00 | 780.00 | -33.00 |
| 116 | Sagarmatha Insurance Co. Ltd. | 744.00 | 1500.00 | 1432.00 | 1432.00 | -47.00 |
| 117 | Sahayogi Bikas Bank Limited | 1483.00 | 359.00 | 345.00 | 345.00 | -7.00 |
| 118 | Sana Kisan Bikas Bank Ltd | 9110.00 | 1570.00 | 1484.00 | 1551.00 | 7.00 |
| 119 | Sanima Bank Limited | 90187.00 | 449.00 | 420.00 | 436.00 | 9.00 |
| 120 | Sanima Mai Hydropower Ltd. | 7295.00 | 1170.00 | 1110.00 | 1169.00 | 19.00 |
| 121 | Saptakoshi Development Bank Ltd. | 933.00 | 205.00 | 200.00 | 204.00 | 7.00 |
| 122 | Shangrila Development Bank Ltd. | 8833.00 | 402.00 | 380.00 | 389.00 | -5.00 |
| 123 | Shikhar Insurance Co. Ltd. | 6107.00 | 2022.00 | 1905.00 | 1955.00 | 10.00 |
| 124 | Shine Resunga Development Bank Ltd. | 2806.00 | 432.00 | 417.00 | 417.00 | -13.00 |
| 125 | Shree Investment Finance Co. Ltd. | 12950.00 | 411.00 | 374.00 | 392.00 | 3.00 |
| 126 | Shrijana Finance (Bittaya Sanstha) | 20.00 | 441.00 | 433.00 | 441.00 | 16.00 |
| 127 | Siddhartha Bank Limited | 32286.00 | 488.00 | 470.00 | 480.00 | 10.00 |
| 128 | Siddhartha Equity Orineted Scheme | 10000.00 | 11.93 | 11.93 | 11.93 | 0.23 |
| 129 | Siddhartha Insurance Ltd. | 6282.00 | 1524.00 | 1421.00 | 1500.00 | 5.00 |
| 130 | Siddhartha Investment Gro.Scheme-1 | 126000.00 | 23.00 | 22.76 | 23.00 | 0.20 |
| 131 | Sindhu Bikash Bank Ltd | 2340.00 | 370.00 | 364.00 | 364.00 | 0.00 |
| 132 | Soaltee Hotel Limited | 17935.00 | 372.00 | 351.00 | 366.00 | -4.00 |
| 133 | Standard Chartered Bank Limited | 16598.00 | 2355.00 | 2261.00 | 2320.00 | 11.00 |
| 134 | Summit Micro Finance Dev. Bank Ltd. | 247.00 | 3060.00 | 3000.00 | 3000.00 | 0.00 |
| 135 | Sunrise Bank Limited | 22374.00 | 404.00 | 380.00 | 399.00 | 9.00 |
| 136 | Surya Life Insurance Company Limited | 3875.00 | 1085.00 | 1000.00 | 1035.00 | -9.00 |
| 137 | Swabalamban Bikas Bank Limited | 4782.00 | 1905.00 | 1762.00 | 1835.00 | -24.00 |
| 138 | Swarojgar Laghu Bitta Bikas Bank Ltd. | 845.00 | 1790.00 | 1730.00 | 1730.00 | -20.00 |
| 139 | Synergy Finance Ltd. | 3050.00 | 159.00 | 155.00 | 155.00 | -6.00 |
| 140 | Synergy Power Development Ltd. | 4474.00 | 260.00 | 250.00 | 260.00 | 5.00 |
| 141 | Taragaon Regency Hotel Limited | 1000.00 | 260.00 | 258.00 | 258.00 | -5.00 |
| 142 | Tinau Development Bank Limited | 3117.00 | 331.00 | 315.00 | 315.00 | -1.00 |

Total Amount Rs. 1,126,802,209 Total Quantity 2,687,164 Total No of Transactions 9,090

संघीयता कार्यान्वयनको निम्ति राष्ट्र बैंकले अर्को व्यवस्था नभएसम्मका लागि क्षेत्रीय कार्यालयहरूलाई जिम्मेवारी तोकेको छ। बैंकको विराटनगर कार्यालयले प्रदेश नं. १, जनकपुर तथा वीरगन्ज कार्यालयले साविकको व्यवस्था अनुसारका प्रदेश नं. २ का जिल्लाहरु, प्रदेश नं. ३, पोखरा कार्यालयले प्रदेश नं. ४, सिद्धार्थनगर कार्यालयले साविक बमोजिमका प्रदेश नं. ५ का जिल्लाहरु, नेपालगन्ज कार्यालयले साविकको व्यवस्थाअनुसार प्रदेश नं. ५ का जिल्लाहरु एवम् प्रदेश नं. ६ र धनगढी कार्यालयले प्रदेश नं. ७ को केन्द्रीय बैंकिङसम्बन्धी कार्य हेर्ने व्यवस्था मिलाइने जनाएको छ।

# अर्थ

## लुम्बिनी विकास बैंकको एकीकृत कारोबार शुरू



काठमाडौं, (नेस)

भिबोर सोसाइटी डेभलपमेन्ट बैंकमा लुम्बिनी फाइनान्स एन्ड लिजिङ कम्पनी आइतबार एक आपसमा गाभिएर आइतबारदेखि लुम्बिनी विकास बैंकको नामबाट एकीकृत कारोबार शुरू भएको छ।

आइतबार नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरन्जीवी नेपालले बैंकको एकीकृत कारोबार शुरू गर्नुभयो। गाभिएपश्चात बनेको लुम्बिनी विकास बैंकको केन्द्रीय कार्यालय साविक भिबोर सोसाइटी डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय रहेको स्थान काठमाडौंस्थित डिल्लीबजारमा रहेको छ।

बैंकको सञ्चालक समिति ६ सदस्यीय रहेको छ भने समितिको अध्यक्षमा सुशीलराज पराजुली तथा बैंकको प्रमुख कार्यकारी अधिकृत साविक भिबोर सोसाइटी डेभलपमेन्ट बैंक प्रमुख कार्यकारी अधिकृत झलक प्रसाद खनाल रहनु भएको छ।

गाभिएपश्चात बैंकको तत्काल चुक्ता पुँजी २ अर्ब ८८ लाख पुगेको छ भने ३६ करोड ३० लाख पुँजी समायोजन जगेडा कोषमा रहेको छ। मर्जलगत्तै चुक्ता पुँजीको १० प्रतिशतका दरले हकप्रद शेयर जारी गरी नेपाल राष्ट्र बैंकको निर्देशनअनुसारको चुक्ता पुँजी पुर्‍याइने छ।

यसैगरी गाभिएपश्चात संस्थाको कुल निक्षेप १७ अर्ब, कर्जा १५ अर्ब ५८ करोड पुगेको छ भने देशभर ४९ वटा शाखा सञ्जाल तथा १२ वटा आफ्नै एटीएमबाट २१ जिल्लामा बैंकिङ सेवा सुविधा उपलब्ध हुनेछ।

# ऋण लगानीका लागि प्राथमिकता प्राप्त क्षेत्र तय

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल राष्ट्र बैंकले प्राथमिकता प्राप्त क्षेत्रमा ऋण प्रवाहलाई अनिवार्य गरेको छ। आइतबार जारी मौद्रिक नीतिमार्फत् उक्त व्यवस्था गरेको हो। राष्ट्र बैंकले जलविद्युत्, कृषि, पर्यटन, निर्यात, साना एवम् मझौला उद्योग, औषधि उत्पादन, सिमेन्ट, गार्मेन्टलगायतका उत्पादनशील क्षेत्रलाई प्राथमिकताको सूचीमा रखेको छ।

जसअतन्गर्त वाणिज्य बैंकहरूले कृषि क्षेत्रमा १० प्रतिशत, जलविद्युत्मा ५ प्रतिशत, पर्यटन क्षेत्रमा ५ प्रतिशत र बाँकी अन्य प्राथमिकता प्राप्त क्षेत्रमा गरी कुल कर्जाको न्यूनतम २५ प्रतिशत कर्जा अनिवार्य रूपमा २०७५ असारसम्ममा प्राथमिकता क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था ल्याएको छ। त्यस्तै विकास बैंक र वित्त कम्पनीहरूले समेत प्राथमिकता प्राप्त क्षेत्रमा कुल कर्जाको न्यूनतम क्रमश: १५ प्रतिशत र १० प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ।

वाणिज्य बैंकले आफ्नो कुल कर्जा लगानीको ५ प्रतिशत, विकास बैंकहरूले ४ दशमलव ५ प्रतिशत र वित्त कम्पनीहरूले ४ प्रतिशत कर्जा विपन्न वर्गमा लगानी गर्नुपर्ने व्यवस्था यथावत छ। वाणिज्य बैंकहरूले विपन्न वर्गअन्तर्गत प्रत्यक्ष रूपमा प्रवाह गर्नुपर्ने न्यूनतम २ प्रतिशतको कर्जा अनुपात अनिवार्य नहुने व्यवस्था मौद्रिक नीतिमा उल्लेख गरिएको छ।

आर्थिक वर्ष २०७४ देखि कार्यान्वयनमा ल्याइएको ब्याजदर करिडोर पद्धतिलाई समय सापेक्ष परिमार्जन गरिएको छ। साथै आर्थिक पुनरुद्धार कोषमा रहेको ५ अर्ब जलविद्युत्लगायत रणनीतिक महत्त्वका प्राथमिकता प्राप्त क्षेत्रमा पुनरकर्जा उपलब्ध गराउन उपयोग गर्न सकिने व्यवस्था हुन गईरहेको सन्दर्भमा आर्थिक वर्ष २०७३/७४ को राष्ट्र बैंकको मुनाफाबाट समेत रकम छुट्याई करिब २० अर्बको पुनरकर्जा कोष स्थापना गरिने भएको छ।

बैंक तथा वित्तीय संस्थालाई तोकिएका सुरक्षणपत्रको धितोमा प्रदान गरिने

स्थायी तरलता सुविधाको समयावधि अधिकतम् ५ कार्यदिनबाट बढाई ७ कार्यदिन कायम गरिएको छ। साथै यस सुविधाको लागि ऋण धितो मूल्य अनुपात ९० प्रतिशतसम्म कायम गरिएको छ। साथै ब्याजदर करिडोरअन्तर्गतको दुईहप्ते निक्षेप संकलन दरलाई तल्लो सीमाको रूपमा लिइने व्यवस्थालाई यथावत राख्दै दुई हप्ते निक्षेप संकलन दरलाई ३ प्रतिशत कायम गरिएको छ। यता दुई हप्ता अवधिको रिपो दरलाई नीतिगत दरको रूपमा लिइने व्यवस्थालाई यथावत राख्दै दुई हप्ते नीतिगत रिपोदर ५ प्रतिशत कायम गरिएको छ।

यसैगरी आर्थिक वर्ष २०७४/७५ मा मुद्रास्फीतिलाई ७ प्रतिशतभित्र सीमित गर्ने मौद्रिक नीतिको लक्ष्य रहेको छ। बाह्य क्षेत्रको स्थायित्वका लागि कम्तीमा ८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेको छ। आर्थिक वर्ष २०७४/७५ को लागि कुल आन्तरिक कर्जा २७ दशमलव ८ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ। नेपाल सरकारको बजेटसँग तादात्म्य हुने गरी आन्तरिक कर्जा वृद्धिको लक्ष्य निर्धारण गरिएको छ। निजी क्षेत्रतर्फको कर्जा विस्तारको सीमा २० प्रतिशत राखिएको छ।

# विदेशी लगानीकर्तालाई लाभांश लैजाने सहज

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल राष्ट्र बैंकले विदेशी लगानीकर्ताहरूलाई लाभांश फिर्ता लैजाने वर्तमान व्यवस्थामा सरलीकरण गर्दै जाने नीति लिएको छ।

आगामी आर्थिक वर्षको मौद्रिक नीतिमा वार्षिक १० करोडसम्मको लाभांश वितरण गर्ने फर्म, कम्पनी, संस्थाले तोकिएको कागजात पेस गरी वाणिज्य बैंकमार्फत् सोझै सटही पाउन सक्ने व्यवस्था गरिने उल्लेख गरिएको छ। त्यस्तै हवाईजहाज, दूरसंचारका पार्टपूर्जा तथा मेडिकल इक्विपमेन्टका पार्टपूर्जा आधिकारिक एजेन्टमार्फत् तत्कालै विदेशबाट मगाउनु परेमा अमेरिकी डलर १० हजारसम्मका सामानहरू बिक्रेताले उधारोमा पठाइदिएमा त्यस्ता सामान नियमान अनुसार भन्सार जाँच पास भई आएको ९० दिनभित्र कागजातका आधारमा भुक्तानी पठाउन सकिने व्यवस्था गरिनेछ। नेपालमा सञ्चालन भइरहेका विभिन्न पूर्वाधार विकास निर्माणका आयोजनाले आयोजना निर्माणका क्रममा चालू खर्चलाई धान्न अल्पकालीन सुविधा आवश्यक परी विदेशबाट ल्याउनुपर्ने भएमा त्यस्तो ऋण सहज रूपमा लिन सक्ने व्यवस्था राष्ट्र बैंकले गर्ने भएको छ।

## होटलहरूलाई तीन सय डलरसम्म सहटी सुविधा

काठमाडौं, (नेस)

नेपाल राष्ट्र बैंकले होटलहरूलाई तीन सय डलरसम्म सहटी सुविधा दिएको छ। आइतबार जारी मौद्रिक नीतिमा होटलमा बस्ने ग्राहकलाई आवश्यक परेमा प्रतिग्राहक अधिकतम् तीन सय अमेरिकी डलर बराबरसम्म सटही दिन सक्ने व्यवस्था गरिएको हो।

त्यस्तै बिरामी बाहेक अन्य विभिन्न प्रयोजनको लागि भारत जाँदा भारु ५० हजारभन्दा बढीको सटही सुविधा लिनुपर्दा अनिवार्य रूपमा कार्ड वा बैंकिङ उपकरणमार्फत् सटही प्रदान गर्ने व्यवस्था गरिएको छ।

नेपाली वायुसेवा प्रदायक कम्पनीहरूमा काम गर्ने विदेशी नागरिकको श्रम स्वीकृति र सम्झौताको अवधि बहाल रहेको अवस्थामा प्रचलित कानुन बमोजिम बढीमा १ वर्षको पारिश्रमिक पठाउने गरी एकैपटक स्थायी सटही सुविधा प्रदान गर्ने व्यवस्था मिलाइने मौद्रिक नीतिमा उल्लेख छ।

त्यस्तै विदेशी सेवा प्रदायकबाट नेपालभित्र हुने इलेक्ट्रोनिक कार्ड कारोबारको फछ्र्योट नेपालमै गरी खुद रकममात्र भुक्तानी हुने व्यवस्था मिलाइने उल्लेख छ। निश्चित मापदण्ड पूरा गरेका इजाजत प्राप्त संस्थालाई प्वाइन्ट अफ सेलमार्फत् सटही दिने पाउने छन्।

## आन्तरिक कर्जा २७ दशमलव ८ प्रतिशतले वृद्धि हुने प्रक्षेपण

काठमाडौं, (नेस)

आार्थिक वर्ष २०७४/७५ मा मुद्रास्फीतिलाई ७ प्रतिशतभित्र सीमित गर्ने मौद्रिक नीतिको लक्ष्य रहेको छ। बाह्य क्षेत्रको स्थायित्वका लागि कम्तीमा ८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम गर्ने, आर्थिक वर्ष २०७४/७५ का लागि सरकारले तय गरेको ७.२ प्रतिशतको आर्थिक वृद्धिदरलाई सहयोग पुर्‍याउने गरी आवश्यक तरलता व्यवस्थापन गरिनेछ। भारतीय मुद्रासँगको स्थिर विनिमयदरलाई मौद्रिक अंकुशको रूपमा यथावत राखी सोको व्यवस्थापनका लागि मौद्रिक तथा कर्जा योगाक्रहरूलाई वाञ्छित स्तरमा राखिन भएको छ।

त्यस्तै आर्थिक वर्ष २०७४/७५ को लागि विस्तृत मुद्राप्रदाय वृद्धिदर १८ प्रतिशतको सीमाभित्र कायम गर्ने तथा आर्थिक वर्ष २०७४/७५ को लागि कुल आन्तरिक कर्जा २७ दशमलव ८ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ। बजेटसँग तादात्म्य हुने गरी आन्तरिक कर्जा वृद्धिको लक्ष्य निर्धारण गरिएको र निजी क्षेत्रतर्फको कर्जा विस्तारको सीमा २० प्रतिशत राखिएको छ।


## ADVERTISEMENT RATES FOR NEPAL SAMACHARPATRA

### Rates

| | B/W | COLOR |
|---|---|---|
| Inside page per Clm/cm | Rs.1200 | Rs.1500 |
| Third page per Clm/cm | Rs.1800 | Rs.1800 |
| Back page per Clm/cm | Rs.2000 | Rs.2000 |
| Front page per Clm/cm | Rs. 2600 | Rs. 2600 |

### Dispaly Box & Classified Ads

| | |
|---|---|
| Per Display Box | Rs. 1000 /- (1clm/5cm) |
| Passport Display Box | Rs. 1000/- (1clm/5cm) |
| Per Word | Rs. 15/- (Normal) |
| Per Word | Rs. 20/- (Bold) |

### Discounts & Premiums

| | |
|---|---|
| Jacket Page (Front & Second Page) | Rs. 20,00,000 |
| Jacket Page (Front & Back Page) | Rs. 22,00,000 |
| Top Strip (Any Page) | 50 % (Premium) |
| Island/ Irregular Ad | 50% (Premium) |
| Earpanel (FP) | Rs. 20,000 |
| Side PopUp (FP) | Rs. 25,000 |
| **Frequency Discount** | |
| For Four insertions in a month | 7 % |
| For Five or more insertions in a month | 10 % |
| Full Page Discount | 10% |

Note: All rates are excluding VAT

### Mechanical Data

| | | |
|---|---|---|
| Width of Column | : | 3.8cm |
| No. of Column | : | 8 columns |
| Height of Column | : | 50 cm |
| Printable Area | : | 33 X 47 cm |
| Overall size | : | 33 X 50 cm |
| Process | : | Web Offset |
| Screen | : | 85DPI/95DPIw |

## ADVERTISEMENT RATES FOR KAMANA/ SADHANA

### Rates

| | RATE |
|---|---|
| Cover Full Page (Outside Back) | Rs. 90,000/- |
| Cover Full Page (Inside Front) | Rs. 75,000/- |
| Cover Full Page (Inside Back) | Rs. 75,000/- |
| Inside Ordinary Full Page | Rs. 60,000/- |
| Double Spread | Rs. 100,000/- |
| Central Spread | Rs. 110,000/- |
| Inside Ordinary Half Page | Rs. 40,000/- |
| Inside Ordinary Quarter Page | Rs. 30,000/- |
| Strip | Rs. 30,000/- |

### Frequency Discount

| | |
|---|---|
| For six insertions in a yea | 7% |
| For twelve insertions in a year | 10 % |

Note: All rates are excluding VAT

### Mechanical Data

| | | |
|---|---|---|
| Full Page Bleed | - | 21.3 cm by 29.3 cm |
| Full Page Non Bleed | - | 18.5 cm by 27 cm |
| Half Page Horizontal | - | 18.5 cm by 14.5 cm |
| Half Page Vertical | - | 9.5 cm by 27 cm |
| Quarter Page | - | 9.5 cm by 14.5 cm |
| Vertical Strip | - | 6 cm by 27 cm |
| Horizontal Strip | - | 18.5 cm by 6 cm |
| Double Spread Bleed | - | 42.6 cm by 29.3 cm |
| Double Spread Non Bleed | - | 37 cm by 27 cm |
| Cover Double Spread Bleed | - | 41 cm by 29.3 cm |

**Rates effective from Shrawan 1, 2074. PLEASE BE ADVISED THAT THE ADVERTISING RATE MIGHT CHANGE WITH 7 DAYS NOTICE IN *NEPAL SAMACHARPATRA***

**Kamana News Publications Pvt. Ltd.**
Maru Bhimsensthan, Kathmandu, Nepal
Phone no : 4261179, Fax : 4218990
Email : nepalsamacharpatra@gmail.com




# जुनियरको दबदबा कायमै



नेपाल समाचारपत्र

काठमाडौं

योनेक्स सनराइज छैटौं पुष्पलाल स्मृति राष्ट्रिय खुला ब्याडमिन्टन प्रतियोगितामा जुनियर खेलाडीहरूको दबदबा कायमै रहेको छ।

प्रतियोगिताको दोस्रो दिन पनि विनावरीयताका जुनियर खेलाडी प्रफुल महर्जनले सातौं वरीयताका सञ्जीव खड्कालाई पराजित गर्दै आफ्नो खेल कौशलता प्रदर्शन गरेका छन्। यसै जुलाई महिनामा इन्डोनेसियामा हुने एसियन जुनियर च्याम्पियनसिपको तयारीमा रहेका नेपाली सेनाका खेलाडी महर्जनले पुरुष एकलको प्रतिस्पर्धामा कैलालीका खड्कालाई २१-१५ र २१-१७ ले पराजित गर्दै अन्तिम आठमा स्थान बनाए।

प्रतियोगिताको पहिलो दिन पनि विनावरीयताका सेनाका पविन लिन्थेपले छैटौं वरीयताका पुलिसका खेलाडी दीपक बोहरालाई स्तब्ध पारेका थिए। सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेल परिसरमा भएको प्रतियोगितमा महर्जनले ब्वाइज १७ तर्फको खेलमा पनि जित हात पारे। उनले जेष्ठ ब्याडमिन्टनका बरुण क्षत्रीलाई २१-९, २१-८ ले पराजित गर्दै क्वार्टरफाइनलमा स्थान बनाए।

नेपाल खेलकुद महासंघअन्तर्गतको राष्ट्रिय ब्याडमिन्टन संघ नेपालको आयोजनामा भएको प्रतियोगिताको पुरुष एकलको अन्य खेलमा पूर्वविजेता नेपाली सेनाका रत्नजित तामाङले अविजित यात्रालाई कायमै राखेका छन्। उनले दोस्रो दिनको खेलमा नेपालगन्ज ब्याडमिन्टन क्लबका सरोज अन्सारीलाई २१-१०, २१-७ ले पराजित गर्दै अन्तिम आठमा प्रवेश गरे। यस्तै अन्तिम आठमा स्थान बनाउन सफल अर्का खेलाडीमा परफेक्ट फिटनेसका जीवन आचार्य रहेका छन्। आचार्यले सेनाका पविन लिनथेपलाई तथा पराजित गरे।

यस्तै पुलिसका विष्णु कटुवालले सेनाका रुकेश महर्जनलाई, एपीएफका सुदीप सेढाईंले एपीएफकै विजित थापा मगरलाई, सेनाका नवीन श्रेष्ठले नेपालगन्जका इरफान अन्सारीलाई, एपीएफका साजनकृष्ण ताम्राकारले परफेक्टका नीरविक्रम देवकोटालाई र पुलिसका दीपेश धामीले सेनाका दिलेन्द्र पुनलाई पराजित गर्दै अन्तिम आठमा स्थान सुरक्षित गरे। महिला एकलतर्फ बाँकेकी सम्झना शर्मा र सेनाकी रसिला महर्जन अन्तिम आठमा प्रवेश गरेका छन्। सम्झनाले जेष्ठ ब्याडमिन्टनकी सीता राईलाई तथा रसिलाले जेष्ठकै जेशिका गुरुङलाई पराजित गरिन्।

## सोमबारदेखि यु–१८ बास्केटबल

काठमाडौं, (नेस)

प्रथम यु-१८ एञ्जल्स् हार्ट बास्केटबल प्रतियोगिता सोमबारदेखि हुने भएको छ।

एञ्जल्स् हार्ट मावि र एञ्जल्स् हार्ट इन्टरनेसनल कलेजको आयोजनामा हुने यु-१८ बास्केटबल महिला र पुरुष दुवैतर्फ हुन लागेको हो। प्रतियोगिताबाट उमेर समूहका उत्कृष्ट खेलाडी उत्पादन गर्ने उद्देश्यले यु-१८ बास्केटबल प्रतियोगिता गर्न लागिएको विद्यालयका संस्थापक सहायक प्रधानाध्यापक जयन्द्रलाल शर्माले बताए। प्रतियोगितामा पुरुषतर्फ १६ टिमलाई चार समूहमा विभाजन गरी खेलाइने प्रतियोगिता संयोजक विकास शाहीले बताए। प्रत्येक समूहको शीर्ष दुई टिम नकआउट चरणमा प्रवेश गर्नेछन्।

त्यस्तै महिलामा भने राउन्ड रोबिनको आधारमा पाँच टिमले प्रतिस्पर्धा गर्नेछन्। जसमा शीर्ष दुई स्थानमा रहेर लिग चरण पूरा गर्ने टिमले फाइनलमा प्रतिस्पर्धा गर्नेछन्। खेल स्वास्थ्यका लागि, स्वास्थ्य शिक्षाका लागि र शिक्षा राष्ट्रका लागि भन्ने मूल नाराका साथ प्रतियोगिता हुन लागेको हो। उक्त प्रतियोगिताको पुरुषतर्फ नेपालको यु-१६ टोली ए र बी गरी खेलाइनेछ। आगामी अगस्टमा नेपालमै आयोजना हुने यु-१८ दक्षिण एसियाली बास्केटबल च्याम्पियनसिपको तयारीलाई मध्यनजर गरी खेलाउन लागिएको हो। प्रतियोगिता असार २६ देखि साउन ६ सम्म हुनेछ।

## धरहरा

### कसरी चिमोट्ने ?



काठमाडौं महानगरपालिकामा नवनिर्वाचित पदाधिकारी आएपछि यहाँको फोहोर चाहिँ टुंगो लाग्ला कि भन्ने धरहराको अपेक्षा व्यर्थ हुने हो कि भन्ने डर लागेको छ। किनकि अहिले पनि पहिलाको जस्तै जुम्सो पारा यथावत् देखिएको छ। अझ अर्को कुरा त के भने दिउँसोको समयमा राजधानीका कतिपय स्थानमा फोहोर लिएर हिँडिँदो रहेछ। केही दिनअघिको कुरा हो बबरमहलमा सवारी साधनमा हिँडिरहेका मान्छे नाक थुन्दै हिँडेको देखियो।

चर्को घाम र गर्मीले एक जनाले त वान्ता नै गर्दै गरेको समेत देखियो। के परेछ यस्तो भनेर धरहराले दूरविन अझ सोझ्याएको त त्यहाँ ट्रकमा हालेर फोहोर तपतपी चुहाउँदै लगिदै रहेछ। त्यो असह्य भएर मानिसहरूले वान्ता गर्न थालेका रहेछन्। होइन नयाँ पदाधिकारी महोदयहरूले यो के गरेको होला ? यस्तो गाईजात्रा त देखाउन पाइएन नि।

बरु राति सुनसान सडकमा त्यस्तो फोहोर ओसार्दा ठीक हुन्थ्यो कि ? दिउँसोको चर्को घाममा जाम भएको स्थानमा त्यस्तो सामान लिएर हिँड्दा त शहरको शोभा कहाँ पुग्ला ? बाहिरबाट आएका पर्यटक पनि त्यहाँ नजिकै रहेछन् भने के सोच्लान् ? काठमाडौंलाई गन्हाउने शहर भनेर नामकरण गरेर पश्चिमा मिडियामा लेख आउन थाले भने के होला ? यति सानो कुरामा पनि ध्यान नदिने महोदयहरूलाई कसरी घैंटामा घाम लाग्ने गरी चिमोट्ने होला ?



बक्सिङ खेलाडीहरूले आफ्ना गुरुलाई सम्मान व्यक्त गर्दै आइतबार गुरूपूजा मनाए। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा रहेको राष्ट्रिय बक्सिङ प्रशिक्षण केन्द्रमा राष्ट्रिय टिमका खेलाडीलगायत कार्यक्रममा सहभागी खेलाडीले आफ्ना गुरुलाई खादा र टीका लगाई सम्मान गरेका थिए। तस्वीर : नेस

## बक्सिङ सऱ्यो

काठमाडौं, (नेस)

योङ स्टार क्लबको आयोजनामा हुने दोस्रो वीर गणेशमान सिंह राष्ट्रव्यापी महिला तथा पुरुष खुला बक्सिङ प्रतियोगिताको मिति सरेको छ।

उक्त प्रतियोगिता असार ३१ देखि साउन ४ गतेसम्म हुने भनिएको थियो। अब प्रतियोगिताको मिति भदौ ३१ देखि असोज ४ गतेलाई सारिएको आयोजक क्लबका अध्यक्ष मथुरा दास नेवा:ले जनाएका छन्। उक्त प्रतियोगिता लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा हुनेछ।

## जुडो टोली किर्गिस्तान जाने

काठमाडौं, (नेस)

एघारौं एसियाली क्याडेट तथा अठारौं एसियाली जुडो च्याम्पियनसिपमा सहभागी हुन नेपाली टोली किर्गिस्तानको बिस्केक प्रस्थान गर्ने भएको छ।

जुलाई १२ देखि १८ तारिखसम्म हुने प्रतियोगतामा ३ खेलाडीले जुनियरतर्फ प्रतिस्पर्धा गर्नेछन्। महिला ५७ केजीमुनि मनिता श्रेष्ठ प्रधान तथा पुरुष ६६ केजीमुनि इन्द्रबहादुर श्रेष्ठ र ६० केजीमुनि किरण गदेलले प्रतिस्पर्धा गर्नेछन्। तीनै खेलाडीको खेल एकै दिन जुलाई १५ तारिखमा परेको छ।

टिम प्रशिक्षक तथा जुडो मुख्य प्रशिक्षक वीरेन्द्र रञ्जितसहितको खेलाडी टोली बुधबार त्यसतर्फ जाने कार्यक्रम रहेको छ।

## वादोरियोको गुरूपूजा

काठमाडौं, (नेस)

काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला वादोरियो कराते डो संघले आइतबार गुरूपूजा मनाएको छ।

वसुन्धारामा भएको कार्यक्रममा ब्ल्याकबेल्ट कमिटीका अध्यक्ष सूर्य राई, आयोजकका पदाधिकारी, खेलाडी, प्रशिक्षकलगायतले नेपाल वादोरियो कराते डो संघका अध्यक्ष एवं प्रमुख प्रशिक्षक तथा नेपाल कराते महासंघका महासचिव हरिशरण केसीको सम्मान गर्दै मायाको चिनो प्रदान गरेका थिए।

## रुनी एभर्टन फर्किए

लन्डन, (एजेन्सी)

इंग्लिस फुटबलका कीर्तिमानी गोलकर्ता वायने रुनी आफ्नो पुरानो क्लब इभर्टन फर्किने पक्का भएका छन्।

म्यानचेस्टर युनाइटेडमा स्वर्णिम करियर कोरेका उनी १३ वर्षपछि पुन: एभर्टन फर्कन लागेका हुन्। ३१ वर्षीय रुनीले आफ्नो व्यावसायिक फुटबल करियरको पहिलो क्लबसँग २ वर्षका लागि सम्झौता गरेका छन्। यसअघि उनी १६ वर्षको हुँदा एभर्टनबाट पहिलो म्याच खेलेका थिए।



लामो समयपछि युनाइटेड फर्केका रुनीले इभर्टन फर्किन पाउँदा खुसी व्यक्त गरेका छन्। उनले भने- 'प्रिमियर लिगमा म्यानचेस्टर युनाइटेड अथवा एभर्टन मात्र मेरो रोजाइमा परेको टोली हो। पहिले इभर्टनबाट युनाइटेड गएको थिए। अब फेरि युनाइटेडबाट एभर्टन फर्केको छु। युनाइटेडमा मेरो करियरले जुन उचाइ पायो त्यो सम्झिँदा मलाई खुसी तथा गर्व लागेको छ।'

यता युनाइटेडले रुनीको स्थान्तरण लागि तोकिएको शुल्क र १३ मिलियन पाउन्ड ज्यालासमेत मिनाह गर्न सक्ने जनाएको छ। रुनी पुरानो क्लब फर्किंदा इभर्टनका स्ट्राइकर रोमेलु लुकाकुलाई भने युनाइटेडले ७५ मिलियन पाउन्डमा अनुबन्ध गर्ने प्रक्रिया अघि बढाएका छन्। यता एभर्टनका प्रशिक्षक कोएम्यानले पनि रुनी फर्कन लागेकोमा खुसी व्यक्त गरेका छन्। उनले भने- 'रुनी भर्खर ३१ वर्षका भएकाले उनले यहाँ राम्रो गर्नेमा आशा गर्न सकिन्छ।'

सन् २००४ देखि २०१७ सम्म म्यानचेस्टर युनाइटेडमा रहँदा उनले क्लबका तर्फबाट ५ सय ५९ म्याचमा २ सय ५३ गोल गरेका छन्। युनाइटेड पाँचपटक इंग्लिस प्रिमियर लिग च्याम्पियन बन्दा उनी टिमका महत्त्वपूर्ण सदस्य बनेका थिए। युनाइटड आउन अघि इभर्टनबाट ६७ म्याच खेल्दा उनले १५ गोलको योगदान गरेका थिए।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

आर्थिक वर्ष २०७३/०७४ को आयकरको तेश्रो किस्ता बापतको रकम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ९५ को उपदफा ४ बमोजिम आर्थिक बर्ष २०७३/०७४ को कारोवारको संशोधित अनुमानित करको विवरण पेश गर्नुपर्ने भए सो विवरण र आयकर ऐन, २०५८ को दफा ९४ को उपदफा (१) बमोजिम दाखिला गर्नु पर्ने अनुमानित करको तेश्रो किस्ता वापतको शत प्रतिशत रकममध्ये तिर्न बांकी कर रकम यही २०७४ आषाढ मसान्तभित्रै ठूला करदाता कार्यालय वा आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरी शुल्क तथा व्याजबाट बचौं ।

गौंरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

आर्थिक वर्ष २०७३/०७४ को लागि कारोवारमा आधारित करको अनुमानित विवरण तथा सो मा लाग्ने आयकरको दोश्रो (अन्तिम) किस्ता रकम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आर्थिक बर्ष २०७३/०७४ मा आयकर ऐन, २०५८ (सं.स.) को दफा ९४ को उपदफा (१क) बमोजिम कारोबारको आधारमा आयकरको किस्ता रकम दाखिला गर्नुपर्ने करदाताहरुले दफा ९५ बमोजिम आर्थिक बर्ष २०७३/०७४ को कारोवारको अनुमानित करको विवरण र आयकरको दोश्रो (अन्तिम) किस्ता वापतको २०७४ आषाढ २० गतेसम्म भएको कारोवारको आधारमा ऐनको अनुसूची १ को दफा १ को उपदफा (१७) बमोजिम तोकिएको दरले हुन आउने रकम यही २०७४ आषाढ मसान्त भित्रै सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरी शुल्क तथा व्याजबाट बचौं ।

गौंरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर ।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, सम्पादकः लेखनाथ अधिकारी, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ